३) राज्ञा क्षेत्रस्य पूर्व्वतः गुथिया क्षेत्रन दक्षिणतः ॥ एतत्मध्ये तत्क्षत्र सार्द्वसह मेकरोपनिकं रोवछि १ जव नसि २ तत्क्षत्र यथानग्लकाल प्रवन्त ......

४) रार्घेन यथोचित् मूल्यमादाय क्रयबिक्रय स्वाधिनावर्त्तक न्यायेन क्रयेन बिक्रयन्त भवति यदिस्यादैविबराजिकं विनाशंकत विदा ......

५) धार्ण्णकेनपरि सोधनीयं अत्र पत्रार्थे साक्षि धार्ण्णक स्वभ्राता स्या (म) भारो दृष्ट ॥

**मूलपत्रको परिचय र सारांशः-**

यो ने.सं. ८३९ (वि.सं. १७७६) मा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो । यसको लम्बाई २७ से.मि. र चौडाइ ४ से.मि. छ । बाहिर थोप्लै थोप्ला विन्दु भएको

*लिपि सहायकः राष्ट्रिय अभिलेखालय*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

घेराभित्र 'श्री' अक्षर रहेको माटोको शीलछाप छ । यस ताडपत्रको दायाँभाग टुक्राभई हराइसकेको छ । केही किराले खाएको प्वालहरू पनि देखिन्छ । यसमा खेत विक्रि गरेको सम्वन्धि व्यहोरा उल्लेख छ ।

बट्टा नं. ५१ | ने.सं. ७२१ | पत्र नं. ७४३

मूलपाठः-

१) १ श्रेयोऽस्तु ॥ सम्वत् ७२१ आश्विन कृष्ण ॥ द्वितीयांतिथौ ॥ श्री ललितब्रमायां श्री मनिगलके आग्नेयकोलके श्री वंकुवाहार महावुद्धननि श्री वुधजुस नाम्नाशकासात ॥ वंकु चाकलं यंता झोलन छैं प्रजापति लुंगुराम धकुरस नाम्ने ...........

२) एव वंकु चाकलं यंतालाछ येता व्यञ्जनं वातिका नाम प्रदेशे प्रजापति जसिंराम थकुरया क्यंव शिमाया पश्चिमतः ॥ गुथिया क्यंव शिमायां उत्तरतः ॥ पूर्व्वतः ॥ लाछशिमायां दक्षिणतः ॥ एतेषामध्ये ता व्यञ्जन वातिका चलछि १ ए--------

३) यथा नगरकाल प्रवत्तमानेन संचाराधेन यथोचितमूलेमादाय क्रिविक्रि स्वाधिनेनतेनानिमर्त्तक न्यायेकक्रेणविक्रियतम्मवति ॥ यदि स्यात्देविकराजिक विना् शंकट व्यावादकाल तदाधाण्णकेन परिसोधनीयं अत्र मत्रार्थे ॥ साक्षि धाण्र्ण स्वगोत्र भ्राता प्रजापति लुँगु

४) तेज थकुरस दृष्ट ॥ क्रीपनसर्व्व सोधान पुलण धुंगो जुरो शुभं ॥

**मूलपत्रको परिचय र सारांशः-**

यो ने.सं. ७२१ (वि.सं. १६५८) आश्विन कृष्ण द्वितीयामा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो । यस ताडपत्रको लम्वाई ५९.५ चौडाई २.१ से.मी.को छ । यसमा माटोको शीलछाप छ । खिइएको हुनाले केही विन्दु बुट्टांहरूमात्र देखिन्छ । यसमा ललितपुर वंकु वाहाल महाबुद्ध ननि निवासीले बारी खरिद गरेको व्यहोरा उल्लेख छ । यो भुजिंमोल लिपिमा लेखिएको छ ।

बट्टा नं. ५१ | ने.सं. ८०२ | पत्र नं. ७४४

मूलपाठः-

१) १ श्रेयोऽस्तु ॥ सम्वत् ८०२ चैत्राधिक कृष्ण षष्ठातिथौ श्री खप्वंभुम्यां श्री चनिगल स्ठाने, श्री चनिगलस्थाने तलमंडेटोलकंधिवासिन् ग्राहाकदेवरा भारोकस्य नाम्ना- सकासात् स्वतोलकै वास्तव्यं धाण्र्णक बज्राचार्य्य, देवजोतिकस्य नाम्नेन स्वकियं स्वभुज्यमानिकं गृहमण्डलेस्मिन, मंगुथ्यायां पश्चिमतः पुखुलिभुमेण उत्तरतः वासिंकस्य गृहेण पूर्व्वतः अङ्गुनायां पर्शुरामकस्य गृहेण दक्षिणतश्च


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) एतन्मध्ये तलमंडटोललस्कै छेखेखां जिमनेकु १२ काठजिम नेकु १२ अथाक गुकु ९ काठ न्हस्कु ७ वंथ्वद्व खेखां गुकु ९ काठ ङाकु ५ लिवि वंवोयावोने न्हस्कु ७ यंवोयेवो गुकु ९ ततगृहमार्ग्ग धारापूर्व्व स्वसिमापरिभोगं, तत यथादेशकाल प्रवन्तमानस्तथा संचारार्घेण सुवर्ण्णमुल्यमादाय क्रयविक्रय स्वाधिनेनं क्रयनविक्रीयतं भवति ॥ यद्यस्यांदेविकराजिक व्याघाटपरेण तदाधार्ण्णकेन

३) स्वयंपरिस्वधनीयं अत्रपत्रार्थे दृष्ट साक्षी प्रधानङ्ग भागिराम भारो, हरिकर्म्मिहास दुर्गादास कर्म्मिहासनान सिंकर्म्मिहास लिखिति कायष्ठ कन्दर्प्य सिंह ॥ शुभं ॥

**मूलपत्रको परिचय र सारांशः-**

यो ने.सं. ८०२ (वि.सं १७३८) मा लेखिएको भक्तपुरको तमसुक ताडपत्र हो । यसको लम्वाई ६८.५ र चौडाई ३.५ से.मी.को छ । यसमा भएको माटोको शीलछापको वीचमा 'खड्ग' दायाँबायाँ उभिएका सिंहको चित्र अङ्कीत देखिन्छ । यस तमसुक ताडपत्रमा तलमंडे टोलका देवजोति वज्राचार्यबाट घर विक्री गरेको व्यहोरा उल्लेख छ ।

**बट्टा नं. ५१ | ने.सं. ८२० | पत्र नं. ७४५**

**मूलपाठः-**

१) १ श्रेयोऽस्तु ॥ सम्वत् ८२० कार्त्तिक शुक्ल ॥ चतुर्द्दश्यान्तिथौ ॥ श्री ललितब्रुमायां श्री माणिग्लके दक्षिणत ॥ एधाल येतागृह ताम्वकार देवराम भारोस नाम्नासकासत ॥ एधालंषु यिति पुषुरि यौता गृह पूर्ण्णसिंह भावोस नाम्नेन शुक्रीयं स्वभुज्यमतिकं ॥

२) पोधदीप वाटिका नाम प्रदेशे ॥ मार्गेण पश्चिमत ॥ गुथि वाटिकायां उत्तरत ॥ खाराछेंया माहातया वातिकाया पूर्व्वत ॥ उर्द्धव मुल्मीस वाटिकायां दक्षि ॥ एतेषामध्य तावटिका सार्द्ध मेकर्षाङ्क कर्ष छित्या १ x भुय दक्षिण व्वाक कर्ष १ सकर्षकस्मपरि भोग यथा न

३) ग्रकार प्रवत्तमानस्तथा संचाराघेण जयोचित्मूल्यमादा शुक्रिबिक्री स्वाधिनेतेनानिवृत्तकं न्यायणक्रेणंकेत्वं भवति ॥ जदिस्याद्देविकराजिक विनाता.. या संकट व्यावादद्वाकारे तदाधार्ण्णकेन परिस्वधनियं अत्रपत्रार्थ साक्षि धार्ण्णस भ्राता राहत पति ..... भावो शुभंः ।

**पछाडीपट्टि लेखिएकोः-**

इ भुं
गाड वाति
काय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**मूलपत्रको परिचय र सारांशः-**

यो ने.सं. ८२० (वि.सं. १७५६) मा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो। लम्बाई ५१ से.मी. र चौडाइ ३.५ से.मी. भएको यसको तल्लो भागको केही स्थानमा मुसाले काटिएको छ। यसमा माटोको शीलछाप छ। शीलछापमा विन्दु बुट्टाहरू बाहिर रहेको घेराको बीचमा 'श्री' अक्षर अङ्कीत छ। यसमा बारी विक्री गरेको व्यहोरा उल्लेख छ।

**बट्टा नं. ५१** **ने.सं. ८७७** **पत्र नं. ७४६**

**मूलपाठः-**

१) १ शुभ श्रेयोस्तु ॥ सम्वत् ८७७ मार्ग्गसिरमास्य कृष्णपक्षे ॥ अस्तमियान्तिथौ ॥ श्रीमत्कान्तिपुर महानगरे, श्री यंवुब्रुमाया श्री गागुरज्ञ ॥ दुगं बहिर तोर, चपुरननि, यंताछेया, सिओदेवि मयि, रहिनमियां, दुयनाम्न सकासात ॥ धारन तत्रओनगरे तमराछे तोर, ध्वाका वाहार सकोकुरानछेया वज्राचाज्ये श्री हकु देवकस्य नाम्रान शुकृयशुभुजेमानिकं ॥

२) रमाद्वरबुनाम संज्ञकं ॥ पक्षिमत ॥ उत्रता ॥ छेत्रेन पूर्वत ॥ छेत्रन, दक्षिमत ॥ एतखामघे थ्वतेचतुराघातनन्दु, रमाद्वरबु रो १ चु १ तःतछत्रस्य जथादेशकारप्रवतमारतसंचाराघेन शुवर्ण्णमुरमादाय स्वादिनानवतुक न्यायन भवति ॥ तदाधारणकस्य

३) निमितिजदिसंकृत, व्यापातपिडास्यात तदाधारनके पदिन्धधपंच ॥ प्रवित धनिपुरेस शुकृविकृन हेङा ॥ दृष्टसाक्षि सोपुत्र वज्राचाज्य, श्री चिकुधिक भातृ वज्राचाज्य, श्री धांचा ॥ थाक बज्राचाज्य, श्री ग्यानकर ॥ मुरटंका १५० तरपति मकाया ॥ शुभ ॥

**पछाडिपट्टि लेखिएकोः-** १ रभाज्याबुयापति ॥

**मूलपत्रको परिचय र सारांशः-**

यो ने.सं. ८७७ (वि.सं. ८१३) मा लेखिएको कान्तिपुरको तमसुक ताडपत्र हो। यसको लम्बाई ६६ से.मि. र चौडाई २.५ से.मि. रहेको छ। यसमा माटोको शीलछाप छ। यसमा दुंगवहिलटोल चपुरननिका निवासीले खेत खरिद गरेको व्यहोरा उल्लेख छ।

**बट्टा नं. ५१** **ने.सं. ७६२** **पत्र नं. ७४७**

**मूलपाठ**

१) १ श्रैयोऽस्तु ॥ सम्वत् ७६२ श्रावण शुक्र ॥ पंचम्या तिथौ ॥ ललितब्रुमायां श्री मणिग्लके आग्नेयेकोलिष्ठ ॥ श्री वंकुयितिफुसिननि वंतागृह ॥ जेष्ठपिता प्रजापति आशतेज



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थकुरया नाम्नासकाशात् ॥ चाषा वाहार चाकलं यंतागृह ॥ स्वभ्रात्ते पुत्र प्रजापति वेषा थकुरया नाम्नेन स्वक्रीयं स्वभुज्यभानिकं ॥ वंन्हिवुक्षेत्रनाम प्रदेशे ॥ श्री विष्णुछैं वाहार श्री अभयसिंहजुस वो यिलाछे रामभारोस वो वंकु वाहार श्री जोधाजुस वो तृभयस

२) क्षेत्रशिभायां पश्चिमत ॥ यम्वलं मगुडि जोति देव भावोया क्षेत्रशिमायां उत्तरत ॥ वंकु वाहार श्री जोधाजुस क्षेत्रशिमायां पूर्व्वत ॥ दोपात लुंगुसिंह भावोया वो हाथ्वँ गुथिया वो द्वयो क्षेत्र शिमायां दक्षिणत ॥ एतेषाम्मध्ये ता क्षेत्र नवरोपनिकं जत्क्षेत्र रोवाङ्क रोव गु ९ थ्वतेश धार्ण्ण स्वादिकाल प्यंवोश छिवो जुकोया अर्द्धभाग जुको जुरो ॥। एते क्षेत्रसकर्षकस्मपरिमोज्ञं यथानगलकार प्रवर्त्तमानेन सञ्चरार्धेन यथोचित मूल्यमादायक्रिविक्री स्वादिने

३) नतेनानिबृर्त्तकं न्यायनक्रेण विक्रीयतम्मवति जदिस्याद्देविकराजिक विनाताक्षेत्र धार्ण्णस्वादीकालप्यंवोश छिवो जुकोया अर्द्धभाग जुको संकट व्यावादकालतदाधार्ण्णकेन परिसोधनिय अत्र पत्रार्थे दृटिकरणाय साक्षि उभय स्वंग्वत्र प्रजापति मणिराम थकुरया दृष्ट ॥ ता क्षेत्रया क्रीप्न सर्व्वसोधान पाचकं घुंग्व जुरो शुभं ॥

**मूलपत्रको परिचय र सारांशः-**

यो ने.सं. ७६२ (वि.सं. १६९९) मा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो। यसको साइज ७० x २.२ से.मी. छ। यसमा भएको माटोको शीलछाप अहिले छैन। यसमा वंकुयितिफुसिननि वंतागृह निवासी जेष्ठपिता प्रजापति आशतेज थकुरले आफ्नै सहोदर भाईका छोरासंग खेत खरिद गरेको व्यहोरा उल्लेख छ।

**बट्टा नं. ५१ ने.सं. ८४२ पत्र नं. ७५३**

**मूलपाठः-**

१) १ श्रीयोऽस्तु ॥ सम्वत् ८४२ फागुर्ण्ण कृष्ण खस्तम्यार्यान्तिर्थो श्री मध्यपुरिस्थिानेः गामचा ननिकाधिवासिनः ग्राहाक जयभुन्द्रसिंह भारोकस्य नाम्नासकासार्त्तः हितिफुसिटोरकै वास्त्रव्यं धार्णकः तैर्क प्रजापतिकस्य नाम्ने शुक्रीयं स्वभुज्येमानिकं स्थानस्य पश्चिमदि प्रदेशेः रर्न्हमानःस्य धक्रसिंङ नेम्हंकस्य क्षेत्रन पश्चिमत्तः शुभ मागन उतलन्तः

२) धरसिमायां पूर्व्वर्त्त, गुथिकस्य क्षेत्रन दखिनतश्चः एतमध्य कामरादोल क्षत्रनांम संज्ञकंतस्यं क्षत्राङ्क एक रोपनिक रोवछि १ दुयक्रर्ष नस्य २ ततक्षत्र जथादेशकार प्रवस्तमानस्तथा संचाराघेर्ण्ण शुवनमुरेमादाय क्रयविक्रय स्वाधिनेन क्रयन विक्रियंत भवतिः र्यर्चस्यांदेविक राजिकव्याघातपरेनतदाधान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) केन स्वयं परिस्वधनियं अत पत्राथे दृष्ट साखि बज्राचाय्य पूर्ण्ण सिंहः (ध)र्म्मसिंहः देविन्द्रसिंहः गुर्ण्णवन्तसिंहः बुभंन्द्रि विस्यश्वर दुवारः स्यव मान दुवाः रर्न्हमान सिंह दुवारः धनंजय बुभंन्द्रिः विस्यश्वर वुभंन्द्रि श्रधरकप्त वुभंन्द्रि दालितः जयदेव प्रजापति रिखित कायष्ठ, नवमिसिंह ॥ शुभं ॥

**पछाडिपट्टि लेखिएकोः-** १ कामनादोर बुंचा

**मूलपत्रको परिचय र सारांशः-**

यो ने.सं. ८४२ (वि.सं. १७७८) मा लेखिएको भक्तपुरको ठिमिको तमसुक ताडपत्र हो । यसको लम्बाई ७६ से.मि. र चौडाई ४ से.मि. छ । यसमा माटोको शीलछाप छ । शीलछापको बीचमा 'श्री' अक्षर अङ्कीत छ भने विन्दु बुट्टाहरू छन् । यसमा खेत विक्री गरेको सम्बन्धि व्यहोरा छ ।

**बट्टा नं. ५१** **ने.सं. ७४०** **पत्र नं. ७५४**

**मूलपाठः-**

१) १ श्रैयोस्तु ॥ सम्वत् ७४० माघ कृष्णः ॥ दशम्यायां तिथौ ॥ श्री ललितब्रुमायां श्री मानिग्लके आग्नयकोलिके, श्री वंकुवाहार माहाबुद्ध ननियोतागृह ॥ शाक्यवंश श्री जिवराज देवजु त्रय भ्रात्यसहस नाम्ना शकासात ॥ श्री वंकु चाकलं यंता न्हुलछें, प्रजापति बाबुराम थकुरया नाम्ने स्वकियं स्वमुज्यामानिकं सएव वंकु ज्याथा लिविछे लंवतागृह ॥ लिफुलिविसह ॥ गृह नाम प्रदेशे, येतछैं वाहार गृह ॥ अमात्य उल्हासिंह भारोस क्यंव

२) शिमायां पश्चिमतः ॥ जीन महात भारोस गृह शिमावो प्रजाप्रति जयसिंह भावो द्वयोस गृहशिमायां उत्तरतः ॥ मार्ग्गशिमायां पूर्व्वतः ॥ प्रजापति, जकेराज थकुरश क्यंवशिमायां, दक्षिणतः ॥ एतेषाम्मध्य रथ्यामार्गेन दक्षिण प्रवेश, ज्याथा लिविछैं गृह मण्डले पछिमाभिःमुख, पूर्व्वगमन, तालवंतागृह लिफुलिविसह ॥ थ्वते दाङन छेँखा नेषात्या परिमान जुरो ॥ थ्वतेश धार्ण्ण स्वादिकारन, अष्टभागस्यं सप्तभाग जुको जुरो ॥

३) एते तत्गृहवष्ठित् वाहिरिद्वाराङ्गणस्यंदिनीका यक्षणीस्थाप्नपलालसछांन स्वशिमा सह ॥ सकर्षकंस्मपरिमोज्ञ ॥ यथानगरकाल प्रवर्त्तमान संचारातद्येन यथोच्चित मूलेमादायक्रिविक्री स्वादिनेनतेरानिवर्त्तकं न्यायनकेणविक्रीयतम्मवति; यदिस्यात् देवीकराजिक विना तान्हस वो जुक्व गृह शंकट व्यावादकाले तदाधार्ण्णकेन परिसोधनियं अत्रपत्रार्थे साक्षी ॥ धार्ण्णकस भ्राता प्रजापति भारो थकुरस मध्य भ्राता प्रजाप्रति आतेज



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४) थकुरभावो प्रजापति जयराज थकुरस त्रय दृष्ट ॥ क्रीप्न सर्व्वसोधान पाचकं पुरन धुंग्व जुरो ॥ शुभं ॥

**पछाडिपट्टी लेखिएको:-** ज्या था
थ्यं ब
छे या

## मूलपत्रको परिचय र सारांश:-

यो ने.सं. ७४० (वि.सं. १६७६) मा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो। यसको लम्वाई ७६.५ र चौडाई २.३ से.मी छ। यसमा भएको माटोको शीलछापको वीचमा श्री अक्षर अङ्कीत छ भने अक्षरको वाहिर एउटा घेरा र विन्दु बुट्टाहरू छन्। यसमा ललितपुर वंकुवाहाल महाबुद्ध ननियोतागृहको जिवराज शाक्यवंशले आफ्ना तीन भाईहरूसमेतको नाउँमा घर खरिद गरेको व्यहोरा उल्लेख छ।

**बट्टा नं. ५१** **ने.सं. ६८८** **पत्र नं. ७५५**

## मूलपत्र

१) १ श्रेयोऽस्तु ॥ सम्वत् ६८८ मार्ग्गशिर शुक्ल चतुथ्यान्तीयथौ श्री मधेपुरिस्थाने पुखुरि ग्राम थंटोलकाधिवासिने ग्राहक जख सिंह भारोकस्य नाम्नासकाशात् श्री द्वलागिरिस्थाने केवास्तत्यं धार्णक श्री ३ गरूडनारायणस संक्रान्ति ग्वष्ठि श्री विष्णुदेवजुस, ग्वष्टि शमुश्चय नाम्ने शुकियं स्वमुज्यमानिकं थानस्य पशिचमदीस प्रदेशे

२) तिलम्बकेन पशिचमत, हाकुसाहुस क्षेत्रेन उत्तरत, धरसिमायां पूर्व्वत, ग्राहकस्य क्षेत्रन दक्षिणतश्च, एतन्मधे यिनायक्वक्षत्रनाम संज्ञकं, तस्य क्षत्राङ्क पंचरोपनीकं रोवङा ६ ततक्षत्र यथादेशकाल प्रवर्त्तमानतथासंचार्घेण सूवर्णमूलेमाद-यक्रयविक्रयश्वाधिनेन क्रयविक्रीयतं भवति। ततयद्यस्यां देवीक:

३) राजिक व्याघातवरेणतदाधार्णकेनस्वयंपरिसोधनीयं, अत्रपत्रार्थे दृष्ट श्री २ तसाखि, खप्वं, ग्वडमण्डेटोल, कुसुमसिह भारो, चंगु चंक्व, मया भारो, लिखिति कायष्ठ शुठा शुभ ॥

## मूलपत्रको परिचय र सारांश

यो ने.सं. ६८८ (वि.सं. १६२४) मा लेखिएको भक्तपुर ठिमिको तमसुक ताडपत्र हो। यसको लम्बाई ५७.७ से.मी. र चौडाई ३.५ से.मी.को छ। यसमा भएको माटोको शीलछापको बीचमा नृत्याकारको सानो चित्र र दायाँवायाँ मकर आकारको चित्र अङ्कीत छ। यसमा चाँगुनारायणको संक्रन्ति ग्वष्ठि (गुठी) समूहको नाउँमा रहेको खेत विक्रि गरेको व्यहोरा रहेको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बट्टा नं. ५१ | ने.सं. ८९२ | पत्र नं. ७५६

**मूलपाठ**

१) श्रीयोऽस्तु ॥ सम्वत् ८९२ चैत्र कृष्ण दसम्यायार्तिथो श्री मध्यपुरिस्थाने: गामचा ननि काधिवासिनं ग्राहाक: जय भद्र भारोकसे नाम्ना शकासात: दुथुगाम ननिकै वात्रव्य धार्णक; मनमान भारोकस्य नामेण शुक्रियशुमुज्यमानिकं थार्णस्य; नैरकदिस प्रदेस्य: मार्दार पश्चिमत श्री २ राजकस्य क्षेत्रेन उत्तरत: पूर्व्वत ॥ धरसिमायां दक्षिणतश्च एतमध्य क्रपावा क्षेत्रनाम संज्ञक

२) तस्य क्षत्राङ्ग खुपेकरिस्यां अधभाग दक्वन तिरिरोपनिक रोव स्व ३ तत क्षेत्र जथा देसकार प्रओस्तमानतथा संचाराधेर्ण्ण शुओनमुरेभादाय क्रयविक्रय स्वाधिनेन कृयम विक्रीयस्तं भवस्ति यर्चस्यां देविकराजिक व्याघात परन तदा धार्ण्णकेनस्वदं परिस्वधनियं अत्र पत्रार्थे दृष्ट साक्षी बजाचाज्य गुनाक्रसिंह; जगवन्तसिंह कृष्णसिंह लंन्हमांसिं दानाएक बुभन्द्रि रन्हयांसिं बुभन्द्रि

३) मनिधर वुर्भन्द्रि श्री धल बुभन्द्रि; पदपसिंहबुभन्द्रि वजाचार्य्य सषानद वुभन्द्रि भिमस्यन बुभन्द्रि जयनद बुभन्द्रि रिखित कायस्ठ ॥ ह्मकुसिंह ॥ शुभं ॥

**मूलपत्रको परिचय र सारांश:-**

यो ने.सं. ८९२ (वि.सं. १८२८) मा लेखिएको भक्तपुर थिमिको तमसुक ताडपत्र हो । यसको लम्बाई ६६ से.मि. र चौडाई २.५ से.मि. रहेको छ । यसमा माटोको शीलछाप भएपनि फुटेको छ । मध्यपुरि गामचा ननीका जयभद्र भारोले खेत खरिद गरेको समन्धी व्यहोरा उल्लेख छ । पृथ्वी नारायण शाहले काठमाण्डौ, भक्तपुर, ललितपुर आफ्नो राज्यमा गाभिसके पछि पनि परम्परागत शैलीमै लेखिएको शील समेत उही तरिकाले राखिएको पाइन्छ भन्ने प्रमाण यस ताडपत्रले दिएको छ ।

बट्टा नं. ५२ | ने.सं. ७५८ | पत्र नं ७५७

**मूलपाठ**

१) ९ श्रैयोऽस्तु ॥ सम्वत् ७५८ फाग्गुण कृष्ण: ॥ अमावास्या तिथौ ॥ श्री ललितब्रुमायां: माणिग्लके पूर्व्वस्थ (गुलु) विहारि मूलचोकगृह भिक्षु श्री ग्यानसिंहजुस नाम्नासकासात ॥ श्री वंकु विहारि श्री महाबौद्ध रिपछेयन्ता------ जुसन भ्रात्य श्री कुतुजुस द्वयो----

२) ---------- क्षेत्र शिमायां पूर्व्वत ॥ श्री श्री श्रीराज क्षेत्रे वो उ(दा)रजुस द्वयो क्षेत्र शिमायां दक्षिण्त ॥ एतेषा मध्यताक्षेत्र सप्तरोपनिकं जराक्षेत्र रोवाकं रोव न्हस ७ दक्षिणदिसे मेकच व्यावाय पुरत सह ॥ ...... कसस्वादिकाल अर्द्धभाग जुक्वजुर ....



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) न्यायनक्रेणाक्रीतम्भवातं ॥ यदिस्यात्‌देवीकराजिकविना ॥ अर्द्धभाग जुक्व क्षेत्र शंकटव्यावाद द्वाकारे तदा धार्ण्णकेन परिस्वधनियं ॥ अत्र पत्रार्थे दृटिः कलणाय साक्षि धार्ण्णकरस्य स्वग्वत्र भ्राता श्री वावु देवजु मेक दृष्टः ॥ ता क्षेत्रया क्रीपन सर्व्वसोधान पोरण--------

**मूलपत्रको परिचय र सारांशः-**

यो ने.सं. ७५८ (वि.सं. १६९४) मा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो। यसको लम्बाई चौडाई ४३ x ५ से.मी. छ। यसमा भएको माटोको शीलछाप खसेर हराई सकेको देखिन्छ। ताडपत्रको केही भाग जीर्ण भईसकेको र दायाँ भाग पनि छैन। यसमा ललितपुर वंकु महाबौद्ध निवासी कुतुजु सहित दुईजनाको नाउँमा रहेको खेत विक्रि गरेको व्यहोरा उल्लेख छ।

**बट्टा नं. ५२** **ने.सं. ८१४** **पत्र नं.७५८**

**मूलपाठः-**

१) १ श्रेयोऽस्तु सम्वत् ८१४ माघ कृष्ण ॥ पञ्चःम्यान्तिथौ ॥ श्री ललितब्रुमायां श्री माणिग्लादाग्नेयस्ठ ॥ वंकुचाकलं यन्तागृह प्रजापति जीवनराम थकुर नाम्नासकासात ॥ तत्रैव वंकु हि

२) तिफुस ननि येकुलिगृहवासित स्वगोत्र ज्येष्ठ भातृपुत्र प्रजापति भागीसिंह थकुर नाम्नःस्वकीयं स्वभुज्यमानिकं ॥ लङन व्यञ्जनवातिका नामप्रदेशे ॥ श्री भानुकरजुया व्यञ्जनवातिका नामप्रदेशे ॥ श्री भानुकरजुया व्यञ्जन वाटि

३) काया पश्चिमतः ॥ प्रजापति मयणसिंह थकुरया गृहभूम्याउत्तरतः ॥ माग्गेन ॥ पूर्व्वतः ॥ श्री धनजुया वञ्जन वाटिकाया दक्षिणतश्च ॥ एतेषा मध्ये ॥ तद्व्यञ्जन वाटिका मार्ग्गन पूर्व्व प्रवेश पश्चिमा

४) भिमुख वखा श्व ३ थ्वतेया अर्द्वभाग जुको जुरो दक्षिणचं जुरो ॥ स्वशीमासह सकर्षसंपरिभोग्यन्तद्यथा नगरकाल प्रवर्त्तमानतथा संश्चाराघेण यथोचितमूल्यया दायक्रयविक्रय

५) स्वाधिनेनतेनानिबृतिकं न्यायनक्रयन विक्रयतम्भवति ॥ यदिस्याद्विविकराजिक विनातद भाग व्यञ्जन वाटिकाया शङतविवादकाले तदाधार्ण्णकेन परिशोधनीयं ॥

**पछाडिपट्टि लेखिएको:-** अत्र पत्रार्थे साक्षी धार्णकस्य ज्येस्ठ भ्राता प्रजापति कल्याणसिंह थकुर दृष्टः ॥ पूर्व्वतल धार्ण्णकया लेङस पिंमकाया मालङा धार्ण्णकनपिंबिस्यं केन्य मार ॥ क्यंवया क्रयन दक्व पाचु जुरो ॥ शुभं ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पछाडी साइडमा लेखिएको:- १ क्यं वया
क्रय पत्रं ॥

**मूलपत्रको परिचय र सारांशः-**

यो ने.सं. ८१४ (वि.सं. १७५०) मा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो। यसको लम्वाई ४७.५ र चौडाई ४.५ से.मी. छ। यसमा भएको माटोको शीलछापको वीचका 'श्री' अक्षर अङ्गीत छ, भने बाहिर एउटा घेरा र घेराको वाहिर विन्दु वुट्टाहरू रहेका छन्। यसमा बारी विक्रीको व्यहोरा उल्लेख छ।

**बट्टा नं. ५२ | ने.सं. ७५४ | पत्र नं. ७६०**

**मूलपाठः-**

१) श्रैयोऽस्तु ॥ सम्वत् ७५४ जेष्ठ कृष्ण ॥ द्वादस्थान्तिथौ ॥ श्री ललितब्रुमायां श्री माणिग्लके पूर्व्वस्ठ ॥ श्री ग्वाछें वाहाल खण्डचोक येतागृह ॥ साक्यवंश श्री देवजुः । भ्रार्ते श्री देव जोतिजुश वो उभयश नामना शकाशाः ॥ वंकु चाकल यंतागृह शाक्यवंश श्री कल्याणजुशनामनेन शुकियंस्वभुर्ज्यमानिकं । टंकोचो क्षेत्रनाम प्रदेशे ॥ वंकुछ देव प्रजापतिया क्षेत्रन पछिमत ॥ छुदेव प्रजापति वो, रथनराजा वो उभेश क्षेत्रन उर्त्तरत-गं ॥

२) सयव ग्वाछें वाहालखण्डबोक श्री अमृत्तराजजुश क्षेत्रनपूर्व्वत ॥ सयवछुदेव प्रजापतिया क्षेत्रशिमाया दक्षिणश्च ॥ ० ॥ एतात्मन्ध्यद्वयो रोपनिकं रोवाङ्ग तंकोचो क्षेत्र रोवनसि २ तक्षेत्र यथादेशकाल प्रवर्त्तमान, संञ्चराघेनयार्थ्वच्यितमूल्यमादाय क्रयविक्रय स्वाधिना वतुकं न्यायेनक्रयेन विक्रिम्मवति सङ्गतव्यावादकार तदाघार्ण्णकेनपरिसोधनीयं अत्राथे साक्षि घार्ण्णम्राता पुत्र शाक्यवंश ॥

३) श्री विजयदेवजुसदृष्ट ॥ थ्वबुयाक्रीपन सर्व्व सोधन पाचकं धुंगो जुरो शुभं ॥

पछाडिपट्टि लेखिएको:-

वंक्व चोवु
क्रीप त्र ॥

**मूलपत्रको परिचय र सारांशः-**

यो ने.सं. ७५८ (वि.सं. १६९१) मा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो। यसको लम्वाई ७० से.मी. र चौडाइ ४ से.मी.को छ। यसमा भएको माटोको शीलछापमा 'श्री' अक्षर अङ्गीत छ। अक्षर वाहिर घेरा र केही विन्दु वुट्टाहरू देखिन्छन्। यसमा


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्वाछेवाहाल निवासी शाक्यवंश देवजु आफ्ना भाई समेतको नाउँमा खेत बिक्री गरेको व्यहोरा उल्लेख छ ।

बट्टा नं. ५२ | ने.सं. ७७८ | पत्र नं. ७६१

मूलपाठ

१) १ स्वस्ति ॥ श्री श्री जय जगत्प्रकाश मल्लदेव प्रभुठाकुरसन प्रसादारपा गृहबाटिका, श्री श्री राज भूमेन पश्चिमतः मार्ग्गेन उत्तरतः हरिरामकस्य पूर्व्वतः श्री श्री राज भूमेन दक्षिणतश्च, त्रत्रमध्ये युवल टोल वाखादो केंवा, ओ ओ---------

२) नषुकु ६ ततछे गृहवाटिका मार्ग्गधाराप्पूर्व्व सोसिमापरिभोगं ततः यथादेशकाल प्रवर्त्तमानस्तथा संचारोर्घेन सूवर्ण्णपुष्प मालार्ध प्रढौकिटमादाय क्रयविक्रय स्वाधिनेन क्रयनाविक्रियतं भवति ॥ श्री खप्व भुम्मां, श्री शिवगतस्था-----------

३) घिवासि गोष्ठि समूच्चय, रामहोडा प्रमुखनाम्ने प्रसादिकृतं अत्र पत्रार्थे साक्षी ललितसिंह भारो, अमरसिंह भारो, लिखिति दैवज्ञ गंगाधर ॥ सम्वत् ७७८ भाद्र शुदि १२ शुभं ।

मूलपत्रको परिचय र सारांशः-

यो ने.सं. ७७८ (वि.सं. १७१५) मा लेखिएको भक्तपुरको तमसुक ताडपत्र हो । यसको लम्वाई ४२ से.मी. र चौडाई ४ से.मी. छ । दायाँ भाग केही झरीसकेको, केही ठाउँमा मुसाले काटेको, केही जीर्ण अवस्थाको छ । यसमा भएको शीलछापको बीचमा खड्ग दायाँवायाँ "श्री श्री जगत्प्रकाश मल्ल" अङ्कीत छ । यस तमसुकमा गोष्ठी समूहको रामहोडा प्रमुखको नाउँमा जगत्प्रकाश मल्लले बारी दिइएको व्यहोरा उल्लेख छ ।

बट्टा नं. ५२ | ने.सं. ८०५ | पत्र नं. ७६३

मूलपाठः-

१) १ श्रेयोऽस्तु ॥ सम्वत् ८०५ पौखे शुक्ल त्रिरोदश्यातिथौ श्री मध्यपुरिस्थाने, हितिफुसितोरकाधिवासिनः ग्राहाक, वासिंङ प्रजापतिकस्य नाम्नासकासांत, स्वतोलकैवास्तव्यं, धार्ण्णक स्वगोर्न्त, पुनिसिंङ प्रजापतिकस्य नाम्नेन शुकियं शुभुज्येमानिकं, स्थानस्य बायावेदिश प्रदेशे; ग्राहक; भाय; नेम्हंकस्य क्षेत्रेण पश्चिमत; श्राराधगुथिकस्य क्षेत्रेण उर्त्तरत्

२) हरिरामकस्य क्षेत्रेण पूर्व्वत; वासिंवंदेकस्य क्षेत्रेण दखिणतश्च् एतमध्य; वाचरिक्षेत्र नाम संज्ञकं, तस्यक्षेत्राङ्ग, स्वपेत्याया भागन रोवनस्य २ कर्खनस्य बायोवेव्वाक छ्व्वा;

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आगनिव्वाक छव्वा; नेव्वाकनसहित ततक्षेत जथादेशकार प्रवतमानस्तथासंचात्राघेण्ण वर्ण्णमूरेमादाय क्रयविक्रिय स्वाधिनेन; क्रयनविकृयतभवति, यद्यस्यंदेविकराजिक

३) व्याधातपरेनतदाधार्ण्णकेन स्वयंपरिस्वधनियं अतपत्रार्थे दृष्ट साक्षि; खपोया, दैवज्ञ; तवधिक भारो, बज्राचाज्ये, दंदपनि वंदे; मनोहोरसिः थिरद्रखा, सिधित्वाका बुभंद्रि; जिराय सिंङ बुभंद्रि, रामचंद्रबुभद्रि, देवराम वुभद्रि; जयराम वादे; जयकिन्ह भावो, रिखित; कायष्ठ लर्न्हमुनि ॥ शुभं ॥

**मूलपत्रको परिचय र सारांशः-**

यो ने.सं. ८०५ (वि.सं. १७४१) मा लेखिएको भक्तपुर थिमिको तमसुक ताडपत्र हो । यसको साइज लम्बाई ६४.५ x ३.५ से.मी.को छ । यसमा भएको माटोको शीलछापमा 'श्री' अक्षरको माथि दायाँबायाँ चन्द्र अंकीत र बाहिर बिन्दु बुट्टाहरू भएको घेरा छ । यसमा खेत विक्रि सम्बन्धित व्यहोरा उल्लेख छ ।

**बट्टा नं. ५२ ने.सं. ५७६ पत्र नं. ७६५**

**मूलपाठः-**

१) १ श्रैयोऽस्तु । सम्वत् ५७६ अश्वीनिमासे । शुक्ल पक्षे ॥ नवंम्यान्तिथौ ॥ श्री यंबु माहानगरे ॥ श्री सातिगलंके, श्री क्रमीलाछ तोलके, तुंथि छे गृहद्विवाशीन स्वग्वत्र वनिक उर्त्तिमराज ..........

२) वहीरि द्वाराङ्ग एप्लाडमंछन क्रयसं दनिकाजकृनिस्थापन स्वसिमासयपरिभोज्ञं, गृहहेतोपि ननि यंता लंकुमछें छषात्या (१x) पूर्व सोसिमासह ॥ ततगृहस्य पूर्व्व मूल त(ल).....

३) र्थे दृष्ट साक्षि धारणसं कनेष्टपीता वनिक कमलाजः पुनभाखा थ्वछें क्रीनकायास थ्वछेंया तलपत्र षुंन(य)स्यंमालङान थ्व सुर्द्वपत्र चोस्यं काया जुरों अवनलीस थ्वछें ...

**मूलपत्रको परिचय र सारांश**

यो ने.सं ५७६ (वि.सं.१५१३) मा लेखिएको कान्तिपुरको तमसूक ताडपत्र हो । यसको साइज लम्बाई चौडाई २६.५ x ३.५ से.मी. छ । यसमा रहेको माटोको शीलछापमा "श्री" अक्षरको माथि एउटा थोप्लो छ भने बाहिर विन्दु बुट्टाहरू भएको घेरा रहेको छ । यसको दाँया भागको केही टुक्रा छैन । भूजिमोल लिपिमा लेखिएको यस ताडपत्रमा कान्तिपुर क्रमिलाछ (कमलाछि) टोल तुँथिछे निवासि "वनिक" थर भएका व्यक्तिले घर विक्रि गरेको व्यहोरा उल्लेख छ । घर विक्रिवालाले आफ्नो कान्छोबालाई साक्षी राखिएको छ ।


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूलपत्र

१) १ श्रैभ ॥ श्रीयोऽस्तु ॥ सम्वत ६५४ कार्तिकमास्यं कृष्ण पक्ष पञ्चम्याया तिथौ श्री थेमि मध्येस्थानव्यंश्यांद्विवाशेनाव्रुमायां थंतोल पुषुरिवर गामछैं यंक्षर क्वनछे गृह वास्तव्यँ गृहा--- जकसिंह भास नाम्ना सकासात ॥ श्री षप्वब्रुमायां व्रीचिहरक्वछेतोल, पुकुरिक्वनछे गृहवास्तव्यं धार्ण्णक लोग्तभास नाम्नेकेन शुकियंशुभुज्यामाकं ॥ थानस्यं दिस उत्तैप्रदेस्ययैनयद्ध गुठिमाद

२) सक्षैत्रे पश्चिमर्त्त, मूलमार्ग्गसे उर्त्ततः ग्रहाकस क्षेत्र पूर्व्वर्त्तः गोपार दुवारभास क्षैत्रे दक्षिनर्त्त एतेषामधे प्रीव्यस्ठीत् हावद्वल क्षत्रनाम सञ्ज्ञैक तस्यं क्षत्राक रोपनिक रोव छी १ ऋख नस्य २ उत्तरव्वाकन सहित्तै् जथाचाताराघात एटेमधे थुतेवु रणीस्वाद्धिकारजुस्यं अर्ध भागन वछिजुरो ॥ थेस वाहाषा थरि मेक रोप्नीक रोवछि १ थुते बु अ(धं) भागन वछि् चतुदिश देस्त्ररीस्वानं छगुठि भादश क्षेत्र पश्चिमत

२) उत्तरत् ग्रहाकस क्षेत्र-- व्वर्त्त सनाठगुठी भारस क्षेत्र दक्षिणर्स्तश्च एतेषा मधे पीव्यष्ठंत ॥ जथादेशकाल प्रभानस्तथा सञ्चरा--------------- क्रयनविकृयंयि भवती ॥ जत यादेविक, रज्यिक प्रव्यावादकारे तदाधाण्णकेप्रसोडणीयं ॥ अत्रपतार्थ दृष्टसाक्षि सएव टोल देर्व्वगेहर्ष ब्रर्म्मः थेमि क्वथव तोल फ्याक भास ॥ लिखिति कायस्थ, जावकेश ॥ शुभः

**पछाडिपट्टी लेखिएको:-** हावद्ध वोहार्शा बुया

**मूलपत्रको परिचय र सारांशः-**

यो ने.सं. ६५४ (वि. सं. १५९०) मा लेखिएको भक्तपुर थिमिको तमसुक ताडपत्र हो । यस ताडपत्रको साइज ६५ x ३.४ से.मी. छ । यसमा भएको माटोको शीलछापको बीचमा "श्री" अक्षर अंङ्कीत छ । साथै विन्दु बुट्टाहरू भएको एउटा घेरा पनि छ ।

यस तमसुकमा मध्यपुर थंटोल पुषुरिवर गामछें यंक्षर निवासी जकसिंह भाले भक्तपुर निवासि लोग्तभासंग खेत खरिद गरेको व्यहोरा उल्लेख छ ।

बट्टा नं. ५२ ने.सं. ७६८ पत्र नं. ७६८

मूलपाठः-

१) स्वस्ति ॥ श्री श्री जयशिवसिंहदेव प्रभुठाकुलसन श्री यंवु भूमौ यितुवाहार टोरके क्लमीलयोतो छे गृहवास्तव्य मनिकराज नाम्ने प्रसादीकृतं सएव क्लमीर योतो पातार भूमिका नाम प्रदेशे मार्गेन पश्चिमतो रुपसिंहकस्य पातार भूमिकाया उत्तरतो मार्गेन पूर्व्वतो दक्षिनश्च एतेषा मध्य थ्वते चात्राघातन दुं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२) पाताल भुछे खा ६ x मार्गधारा पूर्व्व स्वासिमासह ततयातार भूमिकाया यथादेशकाल प्रवर्त्तमान संचारार्धेन सूवर्ण्णमूल्य षट् पञ्चशति टंकाधिक एकशत टंक १५६ मादाय स्वधिनानवतुक न्यायेनक्रेयेन विक्रीयतं भवति ॥ अत्र पत्रार्थे दृष्ट साक्षि श्री श्री हरिहरसिंहदेवस ॥ सम्वत् ७२६ चैत्र शुदि २ शुभं ॥

**मूलपत्रको परिचय र सारांशः-**

यो ने.सं. ७६८ (वि.सं. १७०४) मा लेखिएको कान्तिपुरको तमसुक ताडपत्र हो । यसको लम्वाई ५३ से.मी. र चौडाई ३.५ से.मी.को छ । यसमा भएको माटोको शीलछापमा वीचमा खड्ग, दायाँवायाँ 'सिंह' र 'श्री' अक्षर अङ्कीत छ । यसमा राजा शिवसिंह देवले यितुबाहार (इटुंम्वाहाल) का निवासी मनिकराजका नाममा सूवर्णमूल्य लिई पाताल जग्गा दिईएको व्यहोरा उल्लेख छ । साक्षीमा श्री श्री हरिहरसिंह देव वसेका छन् ।

**बट्टा नं. ५२** **ने.सं. ७८३** **पत्र नं. ७७०**

**मूलपाठः-**

१) १ स्वस्ति ॥ श्री श्री जयजितामित्र मल्लदेव प्रभु ठाकुरसन प्रसादारपा, स्थानस्य उत्रदिश प्रदेशे, श्रीश्री राजभूमेन पश्चिमतः उत्तरतः पुयकस्य क्षेत्रणः पूर्व्वतः धनदसिंकस्य क्षेत्रेण दक्षिणतश्च, एतन्मध्ये, खिपाकोनामसंज्ञकं तस्य क्षेत्राङ्ग, अष्टरोपनिकं रो ८ भुय, दक्षिणदिश, उपाध्याकस्य क्षेत्रेण, पश्चिमतः केशवकस्य क्षेत्रेण उत्तरतः गोष्ठी क्षेत्रेना पूर्व्वतः मार्ग्गेण दक्षिणतश्च, एतन्मध्ये, खापि क्षेत्रेनामसंज्ञ .....

२) तस्य क्षेत्राङ्ग नवरोपनिकं रो ९ भुय, पूर्व्वदिश्, रामदाकस्य क्षेत्रेण पश्चिमतः गया हाकुदेवकस्य क्षेत्रेण उर्त्तरतः विभुसिंकस्य क्षेत्रेण पूर्व्वतः दक्षिणतश्च, एतन्मध्ये ख्वर्राक्षत्र नामसंज्ञकं तस्य क्षेत्राङ षटरोपनिकं रो ६ भूय, आग्नेदिश, जित्रसिंशकस्य क्षेत्रेण पश्चिमतः वादेकस्य क्षेत्रेण उर्त्तरतः सूर्जकस्य क्षेत्रेण पूर्व्वतः श्री श्री राजकुल क्षेत्रेण, दक्षिणतश्च एतन्मध्ये नलोनचो क्षेत्रेन ........

३) कं तस्य क्षत्राङ्ग षटरोपनीकं रो ६ भूय, दक्षिणदिश । चुकुतिकस्य क्षेत्रेण, पश्चिमतः श्री देविदासकस्य उर्त्तरतः गोष्ठि क्षेत्रेण पूर्व्वतः बोधिकस्य क्षेत्रेण दक्षिणतश्च एतन्मध्ये खापिक्षेत्रनाम संज्ञकं तस्य क्षेत्राङ्ग त्रीरोपनीकं रो ३ भुय व्याकचखुस तत क्षेत्र यथादेहशकालप्रवत्तमानस्तथासंचारार्घेन सूवर्णपुप्पमालार्ध मादाय क्रयविक्रय स्वाधिनेन क्रयेन विक्रीयत भवति ॥ श्री खप्वंभुम्यां श्री चनीगरस्याने, श्री जयन्ता देवी, नाम्नी प्रसादिकृतं, अत्र पत्रार्थे दृष्ट ......


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४) ललितसिंह भारो अमरसिंह भारो - लिखिति क़ायस्थ- दातेकस्य पुत्र रामचन्द्र ॥
- सम्वत् ७८३ - भाद्रपदशुदि १ (॥ ० ॥)

**पछाडिपट्टि लेखिएको:-**

पूर्व्व तलपत्र दानपति यारेङस
पिभकाया सएव दान पतियाके
जुरो ॥ शुभं ॥ पुनर्भाषा ॥ सम्वत
८३० वैशाख पूर्णिमा कुन्हु
दानपत्र चोया जुरो ॥ शुभं ॥

**मूलपत्रको परिचय र सारांशः-**

यो ने.सं. ७८३ (वि.सं. १७२०) भाद्र शुक्लमा लेखिएको भुक्तपुरको तमसुक ताडपत्र हो । यसको नाप ७३ x ४.५ से.मी.को छ । यसको दायाँ भाग छैन । यसमा भएको माटोको शीलछापमा बीचमा खड्ग र श्री श्री जगत्प्रकाश मल्ल लेखिएको छ। राजा जय जिता मल्लदेवको यस तमसुकमा जगत्प्रकाश मल्लको छाप आएको हुनाले यो अध्ययनको विषय बन्न गएको छ।

**बट्टा नं. ५२ ने.सं. ८१३ पत्र नं. ७७१**

**मूलपाठः-**

१) १ श्रेयोस्तुः ॥ सम्वत् ८१३ फाल्गुणमासे कृष्ण पक्ष ॥ नवम्यांतिथौ श्री मत्कान्तिपुर महानगरे श्री यवु सूवर्णपनारि महा ... श्री सान्तिगरके तम्बराछ तोरके ध्वाखावाहाल येता छें वज्राचार्य्यभिक्षु श्री गुनदेवजुया नामनां सकासात तेउद्यतोरके बेखाराछेर येता छें त्यकनसिंहया नामनेन शुकृयंशुभर्ज्यमानिक थानस्य उत्रदिशं खशिवाहा क्षेत्र नाम प्रदेशे हाकुख्वारया क्षेत्रेन पछिमतः नन्दिशिमायां

२) उत्तरतः गुथिया क्षेत्रेन पूर्व्वतः जकसिंहया क्षेत्रेन ... त .. एतेखामधे तृयचुर क्षत्रांक्वंतोपिअंकेच थुते चतुराघातन दुबु चुरं ३ जुरो ॥ ततक्षत्रस जथादेशकार प्रर्व्वतमान संचारघेन सूवर्णमुरमादायत्वादिनानंवंतुक न्यायन कृविक्रीयत भवतु तत्राघारनंकस्य निमिस्तेन जदिसंकृतव्यावादपिक्षस्यात् तदाघारनंकेन परिसोधयञ्च प्रति धनिपुरेस हेडा अत पत्रास्ठ दृष्ठ सा

३) क्षि जेष्ठपिता बाबुजेन बावुराम तरपति पु १ सह ॥ शुभं ॥

**पछाडिपट्टि लेखिएको:-** खसिवाहा बुयाक्रीप्न ॥

**मूलपत्रको परिचय र सारांशः-**

यो ने.सं. ८१३ (वि.सं. १७४९) मा लेखिएको कान्तिपुरको तमसुक ताडपत्र हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसको लम्बाई ७८.५ र चौडाई ३.२ से.मी. छ। यसमा रहेको माटोको शीलछापको बीचमा त्रीशूल वरिपरी "श्री ३ वाहिनी" र माथि दुइओटा चन्द्र र मुनि सिंहको चित्र अङ्गीत छ।

**बट्टा नं. ५३ ने.सं. ८३६ पत्र नं. ७७३**

**मूलपाठः-**

१) १ श्रेयोऽस्तु ॥ सम्वत् ८३६ फाल्गु... कृष्ण पक्षे ॥ प्रतिपद्यान्तिथौ ॥ श्री म .... श्री गोलो देश चोरषुतोरर यि .. स्तव्य व्यन्जनकार रन्हसिंह नाम्न ........ भुज्यमानिकं श्री यम्बु महा नगले ....

२) हरिहरजुया क्षत्रेन पूर्व्वत प्रपातसिमायां दछिनत एतेचात्राघातन (ङ ..विन्दु) क्षत्र सार्द्वदय रोपनिकं क्षअ (ज्ञ)(पि) बुरो २ जुरो सयथाद .. संचाराघेन सूवर्ण .....

३) .... सिं पुत्र लक्ष्मी सिं हा ... सह काया जुरो ॥ शुभं ॥

**मूलपत्रको परिचय र सारांशः-**

यो ने.सं. ८३६ (वि.सं. १७७२) फागुण प्रतिपदामा लेखिएको तमसुक ताडपत्र हो। यस ताडपत्रको लम्बाई ३५.४ र चौडाई ३.५ से.मी.को छ। यस ताडपत्रको ठाउँठाउँमा मुसाले काटेको छ भने यसमा भएको माटोको शीलछापको बीचमा घेराभित्र त्रीशुल, त्रीशुलको दायाँवायाँ तीनथोपा विन्दुहरू माथि दुईओटा चन्द्रहरू, घेरावाहिर विन्दु बुट्टाहरू छन्। यसमा कान्तिपुर गोलदेश (देउपाटन) चोरषुटोलका व्यन्जनकार रन्हसिन्हले आफ्नो खेत विक्री गरेको सम्वन्धीत व्यहोरा उल्लेख छ।

**बट्टा नं. ५३ ने.सं. ८०७ पत्र नं. ७७४**

**मूलपाठः-**

१) १ श्रेयोऽस्तु ॥ सम्वत् ८०७ कार्तिकमासे शुक्ल पक्षे ॥ पञ्चम्यान्तिथौ ॥ श्री ललितब्रुमायां श्री मणिग्लादाग्नेयकोण्स्थ ॥ श्री वंकुवाहार महावौद्ध चाकलं यन्तागृह शाक्यवंश श्री भानकजुस नाम्नः स्वकीयंस्वभुज्यमानिकं ॥ वंकु हितिफुस

२) ननि यौकुलि दुंदुगृह प्रजापति गोविन्दसिंह थकुर मध्यभातृ प्रजापति बसुराय थकुर कनेष्ट भातृ प्रजापति देवसिंह थकुर एतैस्त्रिभिर्न्नाम्ना सकासात ॥ थंथछें वाटिका नामप्रदेशे ॥ गुथियां वाटिकाशीमायाः पश्चिमतः उत्तर

३) तश्च ॥ येतछेवाहार श्री छवाकदेवजुया वाटिकायाः पूर्व्वतः ॥ बकनिम्हं द्विजवर श्री वीरेश्वर शर्म्मा फूकिजया वाटिकाया दक्षिणतः ॥ एतेषाम्मध्ये ॥ तद्वाटिका सार्द्वासह एककर्षाङ्क कर्ष छि १ जव नसि २ भुय ध्याकोजोल वाटिका नाम प्रदे


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४) शे ॥ यथाचतुराघाटेन परिव्यष्ठितं ॥ तद्वटिका त्रयपादाङ्ग वाटिका जव श्व ३ तद्वय राशिवाटिका सकर्ष संपरिभोग्य यथानगरकाल प्रवर्त्तमानेन तथा संश्चारार्घेण यथोचित मूल्यमादाय क्रयविक्रय स्वाधिनेन तेनानिवृत्तिकं न्यायेन क्रयेन बि

५) क्रयतम्भवति ॥ यदि स्यांद्धेविकराजिकविना तद्वयराशि वाटिकाया: शङ्टविवादकाले तदा धार्ण्णकेन परिसोधनीयं ॥ अत्र पत्रार्थे साक्षी धार्णकस्य पितृव्य शाक्यवंश श्री धनजु वंकु प्रजापति हाकुदेव थकुर द्वाम्यां दृष्टः ॥ पुनभाषा थ्व ति राशि वांटिका

६) या पूर्व्व तलपत्र थथछे वख...गुद्य ख्वातव नाप चोङस ध्याकोजोल वख शिजोल बु१ नाप चोङस पिंमकाया मालङास्यं धार्णकन पिंविस्यं केन्यमार ॥

**दायाँ साइडमा लेखिएको:-** तद्वाटिकाया: क्रय
प्न दक्वया सर्व्व शो
धन पूरण पाचु जुरो

**पछाडिपट्टि लेखिएको:-** १ थंथछे वर ध्याक्व
जोलव रनि राशि क्र
य पत्रं ॥

**मूलपत्रको परिचय र सारांशः-**

यो ने.सं. ८०७ (वि.सं. १७४३) कार्तिक शुक्ल पंचमीका दिन लेखिएको ललितुरको तमसुक ताडपत्र हो । यसको लम्बाई ५० र चौडाई ४.७ से.मी. छ । यसमा भएको माटोको शीलछापमा 'श्री' अक्षर अङ्कीत छ । अक्षर वाहिर एउटा घेरा र बिन्दु बुट्टाहरू छन् । यसमा बारि विक्रि गरेको व्यहोरा उल्लेख छ ।

**बट्टा नं. ५३ ने.सं. ७७७ पत्र नं. ७८०**

**मूलपाठः-**

१) शुभंः महाराजाधिराज राजराज्येन्द्र श्री श्री कविन्द्र जय प्रताप मल्ल देव प्रभुथाकुरसन दृष्टसाखि जुस्यं प्रसंन्नजुया श्रेयोस्तु: सम्वत् ७७७ नष्ट श्रावण शुदि ४ श्री मत्कान्तिपुर महानगरे श्री यंवुव्रुमाया गांगुल्डे केरंमण्डपस्तोरके तव ...... कांशकार भिमभारो राम ...

२) देश किशानिया क्षेत्रेन पछिमत, कांशकार कृष्ण सिंहया क्षत्रेन उत्तरत नमग्यारया क्षेत्रेन पूर्व्वत किशानिया क्षत्रेन दक्षिनतं एतखां मध्य भोग वृद्धांप पंञ्चवलित्वावदिना, वन्धकस्तेन दशगृहित जथावेवहार चओचालिसद्विक द्वयंशय कविन्द्र मल्ल टंका ....

३) यस, कविन्द्र मल्ली टंका प्रति, घ्रसारवेयसक्रीभोगन थंता जुरो ॥ शुभंः॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

## मूलपत्रको परिचय र सारांशः-

यो ने.सं. ७७७ (वि.सं. १७१४) मा लेखिएको कान्तिपुरको तमसुक ताडपत्र हो। यसको लम्बाई ५२ से.मी. र चौडाई ३.५ से.मी.को छ। यसमा भएको माटोको शीलछापमा वीचमा खड्ग, दायाँबायाँ चन्द्र र श्री अक्षर अङ्कीत छन्। वाहिर फुलबुट्टा र विन्दु बुट्टाहरू देखिन्छन्। ताडपत्र जीर्ण हुनाले व्यहोरा अपूर्ण छ। यसमा भोगवन्दकीका कुरा पनि लेखिएको छ।

**बट्टा नं. ५३** **ने.सं. ७३५** **पत्र नं. ७८१**

## मूलपाठ

१) १ श्रीयोस्तु ॥ सम्वत् ७३५ माघ मासे शुक्लपक्षे चतुदश्यांतिथौ ॥ श्री काष्ठमण्डप नगरे ॥ मन्दोतोर ग्वाछे मानंघ्र मया भारोया नाम्नेकेण स्वकियं स्वभज्यमानिकं ॥ सएव अथक्व तोर अथक्व दयर यंताछें हरिकृष्ण भारो भात्य सहया नामनेनकस्य सकात्स्यं ॥ थानस उपदिश ॥ फुतसिकेरयां खाक्व नाम प्रदेस्य ॥ श्री .... या पछि ॥ भिक्षु श्री

२) कनकराजजुया क्षेत्रेन उत्तरत ॥ कति यात ...... हाथ्व गुथिया क्षेत्रेन पूर्व्वत ॥ मानंध्रतं भारोया क्षेत्रेन दक्षिनत ॥ एर्त्तन्मघेवाजुधिकं मेकरोपनिक चायिक्वरी पूर्व्वदिसं मक्वचरं वजनयत सहेन जत क्षेत्रे अंकेच फुतसि क्षेरयोत्व(छ) बुर सं जथादेसकार प्रवतमानेन संचा

३) राघेन क्रेन विक्रीयत ॥ अष्टपुर प्रश्यात्कार ॥ तदियपुत्र पौत्रादिसेविवादा धाक्रतुकारभुचरभेते ॥ नभजदिविदास्यात्तदा धार्ण्णकेण परिस्वधयं प्रतिधारणया----- सकृविक्रिनकया अत्र पत्राथ्य दृष्टसाक्षि धारनया भ्राता मानंघ्र जेवनसिंहमेक प्रमाण शुभं ॥

**पछाडि लेखिएको :-** १ फुतसिंकत्या खावुया क्रे पत्र ॥ : ॥

## मूलपत्रको परिचय र सारांशः-

यो ने.सं. ७३५ (वि.सं. १६७१) मा लेखिएको कान्तिपुरको तमसुक ताडपत्र हो। यस ताडपत्रको लम्बाई ७१ x चौडाई ३.५ से.मी. छ। यसमा भएको माटोको शीलछापको वीचमा त्रिशुल, यसको दायाँ वायाँ र माथि 'श्री' अक्षर र त्रिशुल मुनि 'वसाह' चित्र अंकित छ। यसमा कान्तिपुर मन्दो (मदु) टोल ग्वाछे निवासी मानन्धर मया भारोले खेत बिक्रि गरेको व्यहोरा उल्लेख छ।


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बट्टा नं. ५३ ने.सं. ७५१ पत्र नं. ७८२

मूलपाठः-

१) १ सम्वत् ७५१ आश्विन शुदि १ श्री ३ बुंगमआर्य्यावलोकितेश्वर भट्टारकास वो श्री वंकुवाहार महाबुद्धगृह शाक्यभिक्षु श्री देवसिंहजुस वो वावु वो हेरङाया भाष थ्वते ॥ भाषा चाकलं यंता थ्यंब ब्रम्हनन्द वैद्यया भुनयो चाकलनयं द्रव-----------

२) पनिसन वं सातिग्र मणिकराज भारोया भुनयेक्यंव दाडनषा च्या ८ जव १ व्वाक सह थ्वते क्यंव सयव श्री देवसिंहजुन कास्यं धया पारद्वासक, ङखोनरपोद्ध बुरोव षु ६ पयि नसित्या २ x थ्वया अर्द्ध भाग जुको भुय ....... बु

३) रोव १ पयि नसि २ भुय तोतिनिको बु रोव छि १ पयिनसि २ थ्व स्वरासि बु सयव श्री ३ आर्य्यावलोकिश्वरस्त विस्य किंविक्री हेरन धुग्व जुरो ॥ साक्षी दथराछ देयान भारोत्वंशता दैवज्ञ केशव भारो प्रमुखन चेसता समूहसया मु

४) णिजु प्रमुषन विछुसमूहस नाथसिंह प्रमुष महान भारो एते दृष्ट ॥ शुभ ॥

**मूलपत्रको परिचय र सारांशः-**

यो ने.सं. ७५१ (वि.सं. १६८८) मा लेखिएको ललितपुरको तमसुक ताडपत्र हो। यसको लम्बाइ ४४ से.मी. र चौडाइ ३.७ से.मी. छ। यसमा माटोको शीलछाप छैन। वाकुपौमा पाइने चिन्ह भने यसमा रहेको छ। यसमा बुंगमतिको श्री ३ बुंगमआर्य्यावलोकितेश्वर भट्टारकको अधिकारमा रहेको बारि र वंकु वाहार महाबुद्ध निवासी देवसिं शाक्यभिक्षुको जग्गाहरू एकआपसमा साटी लिएको व्यहोरा उल्लेख छ।

बट्टा नं. ५३ ने.सं. ६९६ पत्र नं. ७८३

मूलपाठ

१) १ स्वस्ति ॥ श्री श्री जयगङ्गादेवी ठकुरिणीसन, श्री श्री जय त्रैलोक्य मल्लदेव प्रभु ठाकुरसन, श्री श्री जय त्रिभुवन मल्लदेव प्रभु ठाकुरसन, प्रसादारपा, जिकित सिंहकस्य, गृहेण पच्छिमत, गडभूमेण उत्तरत, पूर्व्वतौ धाराभुं सोकु, ३ थ्व धाराभुमेण, दक्षिणतश्च, एतन्मध्ये, थंथुटोल देगुरिगाम, यंवो, येवो, चयपि

२) कु ८४ ववो यवोः सूयकु ३० ध्वतें प्रमान जुरो, तत् गडभुं, यथादेश काल प्रपर्त्तमानस्तथा संचारर्घेण सुवर्ण्ण पुष्पमालार्ध प्रढौकीतमादाय क्रयविक्रय स्वाधिनेन क्रयेन विक्रीयतं भवति ॥ श्री मध्यपुरिस्थाने थंथुटोल, जकसिंह, नाम्नेन प्रसादिकृतं, अत्र पत्रार्थे दृष्टसाक्षी, श्री कृष्णदेव, लिखिति का

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) यस्य हरि सम्वत् ६९६ मार्ग्गशिरशुद्धि ३ शुभ ॥ पुन भाखा, थ्व भुंया लं जोय, येटाद्वन, जगत छम्हं, लं छोयमाल शुभ ॥

**पछाडिपट्टि लेखिएको:-** देगुरि गाम केबं

## मूलपत्रको परिचय र सारांश

यो ने.सं. ६९६ (वि.सं. १६३२) मंसिर शुदि ३ मा लेखिएको भक्तपुर थिमिको तमसुक ताडपत्र हो । यसको नाप ६०.२ x ४ से.मी. रहेको छ । यसमा रहेको शीलछापको बीचमा "खड्ग" चिन्ह र दायाँ बाँया चन्द्र र श्री अक्षर अङ्कित रहेको छ । यसमा मध्यपुर थंथुटोल निवासीले तत्कालिन संयुक्तराज्याधिकारीसंग सुवर्ण पुष्पमाला चढाई खेत खरिद गरेको व्यहोरा उल्लेख छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# फर्पिङ-सुन्दरीजल बिजुली बत्ती र "चन्द्रप्रकाश बिजुली अड्डा"

✍ डा. भवेश्वर पंगेनी *

## विषय प्रवेश

विकासको आधुनिक परिभाषा एवम् व्यवहार कार्यान्वयन नभए तापनि प्राचीन तथा मध्यकालमा नेपालमा विकास भएको नै थिएन भन्न चाहिँ मिल्दैन। प्राचीनदेखि राणाशासनकालको मध्यतिरसम्म मन्दिर, पाटि-पौवा, नहर, इनार, पोखरी, दरवार, ठूलाठूला भवन, किल्ला आदि निर्माणमा नै राजा एवम् राज्यको ध्यान गएको पाइन्छ। राजा मानदेवको चाँगुनारायण, मानगृह, राजा अंशुवर्माको कैलाशकूट दरवार लगायत खासगरी आजका दिनमा काठमाडौं उपत्यकामा देखिने प्राचीन-मध्यकालीन एवम् आधुनिक भवन, मन्दिर लगायत अन्य निर्माणहरू तत्कालीन अवस्थाका विकासका नमूना हुन्। त्यसबखत तिनै कार्यलाई विकास कार्यका रूपमा मानिन्थ्यो। जति-जति भौतिक उन्नती हुँदै गयो त्यति-त्यति विकासको परिभाषा एवम् माध्यममा परिवर्तन भएको पाइन्छ। नेपालको एकीकरणपछि यस्ता विकास अर्थात् निर्माण कार्य विशेषतः राजधानीमा सिमित रहन पुग्यो।

प्रथम राणाप्रधानमन्त्री जंगबहादुर राणाको वेलायत लगायत यूरोप भ्रमणले नेपालमा पश्चिमी अर्थात् यूरोपेली शैलीको निर्माण कार्यको थालनी गरेको हो। त्यस्तै वेलायत भ्रमण गर्ने दोस्रा राणाप्रधानमन्त्री चन्द्रशमशेरले सम्भवतः सोही भ्रमणबाट प्रेरित भई खासगरी सामाजिक कुरितीका रूपमा विद्यमान दाशप्रथा-सतीप्रथाको उन्मूलन गर्ने, उच्चशिक्षाका लागि मुलुकमा पहिलो कलेज अर्थात् त्रिचन्द्र कलेजको स्थापना गर्ने आदि जस्ता कार्य गरेका हुन्। त्यतिमात्र नभएर उनै चन्द्रशमशेरले नेपालमा पहिलोपटक

---

*उप-प्राध्यापकः इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पानीबाट बिजुली निकाली राजधानी काठमाडौंमा वितरण गर्ने कार्यको थालनी गरेका थिए । उक्त पहिलो बिजुली फर्पिङ जलविद्युत योजनाबाट उत्पादन गरिएको थियो । सो विद्युत योजनाबाट उत्पादित बिजुलीले राजधानी लगायत आसपास क्षेत्रका जनतालाई आवश्यक सेवा उपलब्ध गराउन नसकिएको महसूस गरी प्रधानमन्त्री चन्द्रशमशेरले नै सुन्दरीजलबाट अर्को बिजुली उत्पादन गराउने योजना बनाए तापनि सो निर्माण कार्य प्रधानमन्त्री जुद्धशमशेरको समयमामात्र सम्पन्न हुनपुग्यो । प्रस्तुत लेखमा मुलुकको पहिलो एवम् दोस्रो जलविद्युत योजना (फर्पिङ तथा सुन्दरीजल) का बारेमा सामान्य जानकारी दिंदै बिजुलीसंग सम्बन्धीत अड्डा "चन्द्रप्रकाश बिजुली अड्डा" द्वारा गरिने खर्चका सम्वन्धमा चर्चा गरिएको छ । यसै सन्दर्भमा सुन्दरीजल विद्युत योजनाका बारेमा त्यति सामग्री प्राप्त गर्न नसकिएकाले सो सम्बन्धमा सामान्य जानकारी परेको हो ।

## फर्पिङ जलबिद्युत

मुलुकमा सर्वशक्तिमान भएका प्रधानमन्त्री चन्द्रशमशेरले वेलायत भ्रमणका क्रममा सम्भवतः खाएको ठक्कर अर्थात् एउटासम्म पनि बिजलीबत्ती नभएको मुलुकको प्रधानमन्त्री भएको हिनताबोधका कारण समेतबाट फर्कनासाथ काठमाडौं नजिकै फर्पिङमा पानीविजुली "चन्द्रबत्ती" निर्माण गराएका थिए । नेपाली इन्जिनीयर किशोरनरसिंह राणाले वि.सं. १९६४ सालतिरदेखि नै यो योजना बनाउनुका अतिरिक्त निर्माण कार्यको थालनी समेत उनीद्वारा भएको सो फर्पिङ जलविद्युत योजनाको कूल लागत झण्डै सात लाख तेन्ह हजार दुई सय चौहत्तर कम्पनी रूपैयाँ थियो । निर्माण कार्यको थालनी पछि त्यसलाई अगाडि बढाउनका लागि प्रधानमन्त्री चन्दशमशेरले गोरा अर्थात् अङ्ग्रेज इलेक्ट्रिकल इन्जिनीयर मिस्टर प्वाण्टे (Bernard Pantet) लाई नेपालमा ल्याएका थिए । कर्णेल किशोरनरसिंहले बनाएको योज़ना एवम् लागत इष्टमेटलाई मिस्टर प्वाण्टेले सामान्य हेरफेर गर्नुपरेको थियो । त्यस्तै किशोरनरसिंहले तीन महिनादेखि शुरु गरेको निर्माण कार्यलाई नै मिस्टर प्वाण्टेले अगाडि बढाएका हुन् ।

फर्पिङ क्षेत्रमा रहेका सातमूले र शेषनारायण नाक दुईवटा मुहानबाट पाइपद्वारा पानी जम्मा गरी ५,२८,७८३ क्युबिक फिट पानी जम्मा गर्न सकिने एउटा रिजरभायर निर्माण गरिएको थियो । मुख्य पाइप लाइनको लम्बाई २,५३८ फिटमध्ये ६७८ फिट भिरालो पारियो । यो पाइपबाट पावर हाउसको छेउमा गएको पानीको जोड एक स्क्वायर इन्चमा २८८ पाउण्ड पर्ने भयो ।

जेनेरेटिङ् सेटमा २ वटा पेलटन ह्वील चक्का राखियो । यी चक्काहरू जनरल इलेक्ट्रिक कम्पनीको ३ फेजवाला ११ हजार भोल्ट जेनरेटर कलसँग सोझै जोडियो । हरेक सेटमा राखिएका ती चक्काहरू १ मिनेटमा ६०० पटक घुमी २५० किलोवाट बिजुली



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निकाल्न सक्षम भए । ट्रान्समिसन लाइन अर्थात् बिजुली लैजाने तारको लम्बाई ७ माइल भयो । उक्त तार कतै इस्पातको खम्बामा र कतै सालको काठको खम्बामा अड्याउने काम गरियो । बागमती नदिको वरपर २ ठाउँमा सो तार लगाउनलाई १ ठाउँमा ९०० फिट, अर्को ठाउँमा ६०० फिट फरक गरी लट्ठाहरू गाँडिएको थियो ।

फर्पिङमा निकालिएको उक्त बिजुलीलाई काठमाडौं टुँडिखेलको पूर्वपट्टि सबस्टेसनमा ल्याएपछि मात्र वितरण गर्ने कार्य भएको थियो । सो सबस्टेशनमा विजुलीको भोल्टेज घटाइ २,३०० भोल्ट गराउन स्विच, ट्रान्सफर्मर लगायत आवश्यक सबैको उपयुक्त व्यवस्था मिलाइएको थियो । सोही २,३०० भोल्टको तोडमा विजुली सहर र बाहिरफेरका दुनियाँदारका घर र सडकको बत्तीमा बाँडिएर जाने व्यवस्था मिलाइएको थियो ।

पावरहाउस तथा सबस्टेसनका मेसिनहरू जडान गर्ने कार्यका लागि जनरल इलेक्ट्रिक जनर कम्पनीकातर्फबाट मिष्टर लिन्चलाई नेपालमा पठाइएको थियो । उनले सो कार्य सफलताकासाथ सम्पन्न गरेका हुन् । यी व्यक्तिका अतिरिक्त सो कार्य सम्पन्न गर्नका लागि महत्त्वपूर्ण योगदान दिनेहरूमा लेफ्टिनेण्ट हेमवहादुर, मेजर कप्तान खड्गवहादुर, कप्तान दिलवहादुर, सुवेदार बखतवहादुर, कर्णेल तिलविक्रम, लेफ्टिनेण्ट देबीवहादुर, सुवेदार हर्खवहादुर, कप्तान भक्तबहादुर, सुब्बा हर्षवीर, डिठ्ठा बेखालाल प्रमुख थिए । त्यसो त इन्जिनियर प्वाण्टेलाई सघाउन यस. एन. गोखानी नामक ओभरसियर तथा भोलासिं, धानुफसिं र रघुवरसिं नामक मिस्त्रीहरू भारतबाट (?) ल्याइएको देखिन्छ ।

यो निर्माणको कार्य २० महिना १५ दिनमा सकिएको थियो । निर्माण कार्य सकिएपछि वि.सं. १९६८ साल जेठ ९ गते सोमबारका दिन साँझको ६:३० बजेतिर प्रधानमन्त्री, नेपालका लागि ब्रिटिश रेसिडेण्ट लेफ्टिनेण्ट कर्णेल जे. म्यानर स्मिथ, नेपालका उच्चपदस्थ राणा अधिकारी, जंगी-निजामति कर्मचारी लगायत पण्डित, मास्टर, साहू-महाजन सर्वसाधारण महिला एवम् पुरूषहरूको उपस्थितिमा काठमाडौँको टुँडिखेलमा निर्मित विषेशः डायसबाट श्री ५ महाराजधिराज पृथ्वीवीरविक्रम शाहबाट सो "चन्द्रबत्ती" को प्रतिष्ठा (उद्घाटन) भएको थियो ।[1] यसै प्रसंगमा फर्पिङ जलबिद्युत योजनाको निर्माण वि.सं. १९६० सालमा भएको थियो भन्ने जस्ता निराधार कुरा विद्युत प्राधिकरणले प्रकाशन गर्नु अर्को हास्यास्पदमात्र नभई प्राधिकरणको अज्ञानताको पराकाष्ठा नै देखिन्छ ।[2] काठमाडौँ उपत्यकाको आवश्यकता तथा रोपवेका निम्ति फर्पिङको जलविद्युत प्रयोगमा

१. विस्तृत जानकारीका लागि भवेश्वर पंगेनी, "अभिलेखमा सीमित 'चन्द्रवत्ती'", *गोरखापत्र (शनिवार)*, वि.सं. २०६१ असोज १६ गते शनिवार, पृ. क ।

२ *नेपाल इलेक्ट्रिसिटी अथोसिटी जेनेरेशन*, काठमाडौं: नेपाल इलेक्ट्रिसिटी अथोरिटी, भोलम-१, ई. सं. २००३ अगस्त (वि. सं. २०६० भाद्र) पृ. ३३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ल्याउने योजना थियो ।[३] थालनीमा २४०७ गोटाजतिमात्र बत्ती राख्ने योजना बनाइएको भए तापनि क्रमशः सो संख्या वृद्धि गर्दै उद्योगधन्दाको स्थापना गरी बिजुलीको प्रयोग बढी भन्दा बढी प्रयोग गर्ने लक्ष राखिएको थियो । आरम्भमा ५०० किलोवाट बिजुली उत्पादन गरिएको थियो ।[४] यहाँनेर उल्लेख्य कुरा के छ भने फर्पिङबाट बिजुली उत्पादनको औपचारिक दिन अर्थात् सो उद्घाटनका अवसरमा योजनाका सम्वन्धमा इन्जिनियर प्वाण्टेले तथा धन्यवादका रूपमा प्रधानमन्त्री चन्द्रशमशेरले मन्तव्यहरू व्यक्त गरेका थिए । तीनबाट सो योजना र कार्यान्वयनका सम्बन्धमा विस्तृत जानकारी पाउन सकिने भएकाले निकै महत्त्वपूर्ण देखिन्छ ।[५]

## सुन्दरीजल जलबिद्युत

फर्पिङबाट उत्पादित बिजुलीले राजधानी क्षेत्रमात्रको पनि आवश्ययकता पूरा नहुने ठानेर प्रधानमन्त्री चन्द्रशमशेरले उपत्यकाभित्र अर्को बिजुली उत्पादन क्षेत्रको सम्भाव्यता पहिचान गराउने प्रयास गरेका थिए । यसका लागि पनि उनले अंग्रेज इलेक्ट्रिकल इन्जिनीयरलाई खटाएको बुझिन्छ । सम्भवतः सोही बमोजिम ई.सं. १९२६ (वि.सं. १९८३) मा ई. एन. वेब (E. N. Webb) ले नेपाल सरकार समक्ष सुन्दरीजल बिजुली योजनाको विस्तृत रिपोर्ट पेश गरेका थिए । त्यतिभए तापनि सो रिपोर्ट प्रारम्भिक चरणभन्दा माथि जान सकेन अर्थात् कार्यान्वयन भएन । रिपोर्ट बुझाएको झण्डै चारवर्षपछि ई.सं. १९३० मा ब्रिजुलीको नयाँ उत्पादन स्टेशन अनिवार्य भएको महसूस गरियो । सम्भवतः यसबखत नेपालका मुख्य इलेक्ट्रिकल इन्जिनीयर आर.जी. किलबर्न (R. G. Kilburne) लाई पूर्व प्रस्तावित सुन्दरीजल जलबिद्युत आयोजनाका सम्वन्धमा विस्तृत अध्ययन गरी सरकार सक्षम थप रिपोर्ट पेश गर्ने दायित्व दिइएको थियो । यसै क्रममा किलवर्नले आफ्नो रिपोर्टमा विस्तृत जानकारी दिनुका अतिरिक्त सुन्दरीजल बिद्युत योजना ठूलो खर्चबिना नै आगामी २० वर्षसम्मको काठमाडौं उपत्यकाको बिद्युत आवश्यकता धान्न सक्दछ भन्ने कुरालाई इंगित गरेका थिए । त्यतिभए तापनि यसको दुई वर्षसम्म सो रिपोर्टसमेत कार्यान्वयन गर्नेतर्फ कुनै कदम चलाइएन ।

---

३. पर्सिभर ल्याण्डन, *नेपाल (भोलम-१, २)*, काठमाडौँ: रत्नपुस्तक भण्डार, ई.सं. १९७६, पृ. २०३-२०४ (भोलम-२) ।

४. भीमवहादुर पाँडे, *त्यस बखतको नेपाल-राणाकालीन आखिरी तीन दशक (भाग-१)*, काठमाडौँ: एशीयन तथा नेपाल अनुसन्धान केन्द्र, वि.सं. २०४४ (दोस्रो संस्करण), पृ. २६६ ।

५. *गोरखापत्र*, सम्वत् १९६८ साल ज्येष्ठ १६ गते सोमवार, पृ. ३,४; सम्वत् १९६८ साल ज्येष्ठ २३ गते सोमवार, पृ. २-४ ।


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वि.सं. १९८९ भाद्र महिना (ई.सं. १९३३) मा[६] भीमशमशेरको मृत्युपछि जुद्धशमशेर मुलुकको प्रधानमन्त्री बनेका थिए । सम्भवतः कम्याण्डर ईन. चीफ भएका बखत तयार भएको सुन्दरीजल विद्युत योजनाका सम्वन्धमा उनी अनभिज्ञ थिएनन् । त्यतिमात्र नभएर उनले उक्त योजनालाई सकेसम्म छिटो कार्यन्वयन गर्न चाहन्थे । त्यसैकारण पदासिन भएको दुई महिनाभित्र उनले सो रिपोर्टको खोजी गरेका थिए । प्रधानमन्त्री तथा श्री ३ महाराजले खोजेको दुई दिनभित्रै उक्त रिपोर्ट उनलाई बुझाइएको थियो । उनले त्यस रिपोर्टलाई यथाशक्य छिटो कार्यान्वयन गराउने निर्देशन दिएका थिए । विजुली उत्पादन गर्ने क्रममा सुन्दरीजल क्षेत्रमा बग्ने वागमती र नामती दुई नदीहरू उक्त शक्तिका स्रोत थिए । ती दुई नदीका पानी एउटा रिजरभायरमा जम्मा गरियो जसको क्षमता २,२००,००० ग्यालेन थियो । यो रिजरभायरलाई कम र बढी चापवाला दुईवटा पाइपबाट पावरहाउससँग जोडियो । यसरी पावरहाउसबाट उत्पादित बिजुलीको शक्ति ३,३०० भोल्ट, ६० चक्र (Cycle), ३ फेज र शहरमा पठाउँदा ११,००० भोल्टसम्म भोल्टेज वढाउन सकिने भयो । सुन्दरीजल विद्युत योजना वि.सं. १९९४ सालमा तयार भएको थियो भन्ने कुरासमेत प्रकाशमा आएको पाइन्छ ।[७]

फर्पिङमा जस्तै सुन्दरीजल विद्युत योजना निर्माणमा पनि नेपाली कामदारहरू नै प्रयोग गरिएका थिए । त्यतिमात्र नभएर यसपटक नेपाल सरकारको स्थायी कामदारहरूद्वारा नै सबैजसो काम गराइएको थियो । यो निर्माण कार्यमा सम्पूर्ण रेखदेख एवम् निर्देशन गर्ने कार्य लेफ्टिनेण्ट जनरल कृष्णशमशेरले गरेका थिए । सरकारको करिब रू. ६,२२,३१०/- को लागतमा यो योजना तयार भएको हो ।

सुन्दरीजल विद्युत योजनाबाट नितान्त नयाँ जिल्लाका ग्रामीण क्षेत्रका मानिसलाई विजुली उपलब्ध गराइयो । यसरी वितरण गरिएको बिजुली बत्ती बाल्नका लागिमात्र नभएर आवश्यक अनुसार अन्य प्रयोजनमा पनि प्रयोग गरिने लक्ष लिइएको थियो । नेपालका तीन प्रमुख शहरहरू ललितपुर, कान्तिपुर र भादगाउँमध्ये ललितपुर र कान्तिपुरमा बिजुली वितरण भईसकेको भए तापनि भादगाउँ भने पुऱ्याइएको थिएन । त्यसैकारण महाराजा जुद्धशमशेरले भादगाउँका जनताको बिजुली बाल्ने इच्छासमेतलाई पूरा गर्ने लक्ष लिएर यो योजनालाई कार्यान्वयन गरेका हुन् । अर्थात् तत्कालीन प्रधानमन्त्री सोही इच्छाको परिणामसमेत सुन्दरीजल बिजुली योजना तयार गरिएको हो । नेपाल सरकारका मुख्य इन्जिनियर किलबर्नले लेफ्टिनेण्ट जनरल कृष्णशमशेरको निर्देशन, सल्लाह एवम् सहयोगमामात्र सुन्दरीजल विजुली योजना निर्माणगर्न सम्भव भएको मानिन्छ ।[८]

---

६. रामजी उपाध्याय, *नेपालको इतिहास अर्थात् दिग्दर्शन*, सुब्बा होमनाथ, वि.सं. २००७, पृ. ३६१ ।

७. भीमबहादुर पांडे, *त्यस बखतको नेपाल (भाग २-३)*, प्रकाशन स्थान अनुल्लिखित, एशियन तथा नेपाल अनुसन्धान केन्द्र, वि.सं. २०४४, पृ. १९१ ।

८ ईश्वरीप्रसाद, *द लाइफ यण्ड टाइमम्स अफ महाराजा जुद्धशमशेर जंगबहादुर राणा अफ नेपाल*, न्यू दिल्ली: आशिष पब्लिशिङ्ग हाउस, ई.सं. १९७५, पृ. २३२-२३४ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

## "चन्द्रप्रकाश बिजुली अड्डा" नामकरण

फर्पिङबाट बिजुली उत्पादन भइसकेपछि उक्त विजुलीको प्रवन्ध गरी त्यसलाई व्यवस्थित रूप दिनका निम्ति ई.सं. १९११ मा एकजना इन्जिनीयरको अधिनमा एउटा छुट्टै अड्डा अर्थात् "बिजुली गोश्वारा"को स्थापना गरिएको थियो ।[९] यो गोश्वाराले विद्युत उत्पादन, वितरण एवम् व्यवस्थापनका कार्य गर्दै क्रमशः राजधानीमा सार्वजनिक भवनहरूमा पनि विजुली विस्तार कार्यको थालनी गरेको थियो ।[१०] यहाँनेर उल्लेख्य कुरा के पनि देखिन्छ भने चन्द्रशमशेरले थालनी गरेको बिजुली बत्तीको नामका सम्वन्धमा पनि विविधता पाइन्छ । जस्तो यसको नाम "चन्द्रज्योति" राखिएको थियो भन्ने कुरा उद्घाटनका अवसरमा प्रत्यक्षदर्शी भएको वताउने केदारमणि आचार्य दीक्षितले उल्लेख गरेका छन् ।[११] तर उक्त वत्ती उद्घाटनका अवसरमा टुँडिखेलको पूर्वपट्टी निर्माण गरिएको सवस्टेसन भवनको कुनै स्थानमा स्थापना गरिएको अभिलेखमा "...**श्री श्री श्री महाराज मेजरजनरल सर चन्द्रवहादुर राणा जी. सि. वि., जि. सि. येस्. आइ. आंड डि. सी. येल् आनरेरि कर्रौल् फोर्थगोर्षाज थोङ्लिङ् पिम्माको काङ् वाङ् स्यान् प्राईम् मिनिष्टर याराड मार्स्येल् वाट ईलेक्ट्रीकल् इन्जीनीयेर वर्नाड् पांटे लाई लगाई यो चन्द्रवत्ती वीक्रम् सम्बत् १९६८ साल्मा प्रकास भयो...**" उल्लेख भएकाले आरम्भमा यसलाई "चन्द्रबत्ती" नै भनिएको कुरा स्पष्ट हुन्छ ।[१२] पछि यो अड्डालाई "चन्द्रवत्ती विजुली गोश्वारा" नामकरण गरियो ।[१३] त्यतिमात्र नभएर वि.सं. १९९९ तिरसम्म आइपुग्दा यो अड्डाको नाम "चन्द्रप्रकाश विजुली अड्डा" रहन गएको देखिन्छ ।

## अड्डा खर्च व्यवस्था

प्रधानमन्त्री जुद्धशमशेरको कार्यकालको आरम्भतिर चन्द्रप्रकाश बिजुली अड्डा आर.जी. किलवर्न (R. G. Kilburne) नामका एकजना अंग्रेज प्रमुख इन्जिनीयर पदमा रहेको देखिन्छ । ई.सं. १९२७-१९२८ तिर (?) काठमाडौँका रहेका तीनजनामात्र अंग्रेज महिलामध्ये इन्जिनीयर किलबर्नको श्रीमती एक थिइन् ।[१४] त्यतिमात्र नभएर किलबर्न काठमाडौं

---

९ तुलसीराम वैद्य, त्रिरत्न मानन्धर, *आधुनिक नेपालको प्रशासनिक इतिहास (सन् १७६८-१९५१)*, प्रकाशन स्थान अनुल्लिखित, नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं. २०५३, पृ. १७९ ।

१० एड्रिन सेभर, *नेपाल अण्डर द राणाज*, न्यू दिल्ली: अक्फोर्ड एण्ड आइ. वी. एच. पब्लिशङ्ग को. भी. टी., एल. टी. डी., ई. सं. १९९३, पृ. २५४ ।

११ केदारमणि आचार्य दीक्षित, *आफ्नै कुरा*, ललितपुर: लेखक स्वयम्, वि.सं. २०३४, पृ. ८-९ ।

१२ पंगेनी, *पाद टिप्पणी नं.* १ ।

१३. एच. एन. अग्रवाल, *द एड्मिनिष्ट्रेटिव सिस्टम अफ नेपाल*, न्यू दिल्ली: विकास पब्लिशिङ्ग हाउस, ई. सं. १९७६, पृ. ५९-६० ।

१४. ई. एलेक्जेण्डर पोवेल, द *लास्ट होम अफ मिस्ट्री*, लण्डन: जोन लङ लिमिटेड, ई. सं. १९२९, पृ. viii, १८१-१८८ ।


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपत्यकामा नेपालको सरकारी सेवामा भएका एकमात्र विदेशी थिए । उनी दुई दशकसम्म नेपाल सरकारको सेवामा रहेको देखिन्छ ।[१५] "चीफ इन्जिनीयर" किलबर्नकले सरकारमा जाहेर गरेको वि.सं. १९९९ सालको आम्दानी खर्चको व्यालेन्स सिट रिपोर्टसँग सम्वन्धित एउटा पुर्जी फेलापरेको छ । लम्वाई १६६ र चौडाई २४.५ सेन्टिमिटरको नेपाली कागजमध्ये चौडाई २१.५ र लम्बाई १०० सेन्टिमिटर लेखोट रहेको छ । बाँकी कागजमध्ये लेखोटको पहिलो लाइनलाई छुवाएर कालो मसिको लम्बाई १०.५ र चौडाई १२.५ सेन्टिमिटरमा गोलाकार एउटा छाप लगाइएको छ । उक्त छापभित्र अर्को एउटा गोलाकार रेखा कोरिएको छ । सो दुई गोलाकार रेखाभित्र सबै ठाउँमा पर्नेगरी विभिन्न भाषामा लेखोट छ, जुन स्पष्ट वुझ्न सकिँदैन । भित्रको गोलाकार रेखाभन्दा भित्र टाउकोमा वायाँतर्फ चन्द्र वीचमा दुई पाउको चित्र तथा त्यसको दायाँतर्फ सूर्य एवम् तिनको तल पहाडहरूको चित्र कोरिएको छ । सो चित्रको तल अर्को लेखोट छ । लेखोटको आरम्भ **"श्री इष्टदेवता शरणम्"** बाट गरिएको छ । यसपछि प्रधानमन्त्री जुद्धशमशेरको यसप्रकार प्रसस्ती लेखिएको छ ;

**"ओजस्विराजन्य प्रोज्ज्वल नेपाल तरा अतुल ज्योतिर्मयत्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिराा बाहु पृथुलाधिश श्रीश्रीश्री महाराज जुद्ध समशेरजङ्ग वहादुर राणा प्राइमीनिष्टर याण्ड सुप्रीम कम्याण्डर इनचीफ नेपाल सम्वत १९९७"**

यो प्रसस्तीलाई अंग्रेजी तथा उर्दु भाषामा समेत लेखिएको छ । पुर्जीको टाउकोमा रहेको प्रधानमन्त्री श्री ३ जुद्धशमशेरको ठूलो आकारको छाप बाहेक यसको बाँया किनाराको शिरदेखि पुछारसम्म पाँचजनाको दस्तखत रहेको छ । पुर्जीको लेखोटतर्फ माथिदेखि तलसम्म क्रमश: डम्वरशमशेर, कृष्णवहादुर, ईन्द्रमान र गोवर्धनको नामको छाप लागेको छ भने यसको पुछारमा नाराकृष्णको हस्ताक्षर छ ।

उक्त पुर्जीमा विषेशंत: चन्द्रप्रकाश बिजुली अड्डाको कामका सन्दर्भमा भएका तथा हुने किसिमका खर्च जस्तो- कर्मचारीको तलव, उनीहरूलाई दिइने बकस, राम्रो काम, गरेबापत गराइने बढुवा, लगायत बिजुलीको लाइन विस्तार गर्ने क्रममा हुने खर्च, तथा चीम लगायतका सामग्रीको खरिदमा हुने खर्च आदिको बारेमा विस्तृत रूपमा उल्लेख गरिएको पाइन्छ । चन्द्रप्रकाश बिजुली अड्डाका प्रमुखले पेश गरेको उक्त रिपोर्ट ई.सं. १९४३ सेप्टेम्बर २७ का दिन प्रधानमन्त्री श्री ३ महाराजा जुद्धशमशेर समक्ष पेश गरिँदा यस प्रकारको निर्देशन दिइएको थियो;[१६]

---

१५. एस. डिल्लोन रिप्लेई, *ए नेश्नालिस्टस् एड्भेन्चर इन नेपाल: सर्च फर द स्पिनी वब्लर*, काठमाडौं: रत्नपुस्तक भण्डार, ई. सं. १९७८, पृ. ६५, ७१-७२ ।

१६. चन्द्रवत्ती प्रकाश विजुली अड्डाका चीफ इन्जिनीयर मिष्टर आर. जी कीलवर्नले सरकार समक्ष पेश गरेको आम्दानी खर्चको विवरण एवम् रकमको मागका सम्वन्धमा मिति २००० साल पौष महिना २९ गते विहीवारका दिन कौशितोषाखानाका हाकिम कारिन्दाको नाममा लेखिएको पुर्जी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"...श्री ३ महाराज वावुज्यूका हजुर्मा जाहेर हुडा(दा?) नत्रा नीकासा र थप समेत तपसील बमोजीम गरी डि(दि?)नु भंने हुकुंवक्सेको हुनाले हुकुंवक्सेको लेखिया वमोजिम जजस्का नार्उमा चाहीन्छ जो चाहीने वेहोराको सनड(द?) गरीडि(दि?)ने कागर भंने वेहोराको श्री मे. ज. नरसमसेर जङ्गवहादुर राराा बाट् २००० साल कार्तीक २२ गते रोज १ मा ड (द?)स्षष्ट्(त?) भै आयेको हुनाले सो वमोजिम सवाल सनड(द?) गरीडी(दि?)ना लाई वुझ्ड्डा(दा?) सो दस्षट्(त?)मा नखुलेको कुरा जतीमा विजुली अडालाई लेखोट् गरी वुझडा (दा?) तपसील्का कुरामा तपसीलवमोजीं ज्वाफ लेखी पठायेको हुनाले जाहेर गरेकाछौं नीकासाका हकमा तपसील्का कुरामा तसीलमा लेखीय वमोजिम गर्नेगरी वक्सेकोछ सो वमोजिम गर्नुगराउनु भंन्या यो रपोट्सड(द?)र गरीवक्सेपछि कौसीकीताप समेत जजस्लाई चाहीन्छ जो चाहीने वेहोराको सनड(द?) इस्ताप मार्फट्(त?) गराई पठाई देखीय वमोजीम गर्नुगरार्उनु भनी यो रीपोट् चन्द्रवत्ती प्रकाश विजुली अडामा पठार्उन इस्तापमा पठाई डी(दि?)ने ठहराञ्युं जो मर्जी हुकुंभनी मुल्कीअडा अैसवाल फाँट् वाट् जाहेर गरेको रीपोट् २००० साल पौख १५ गते रोज ५ मा खड्गनीसाना सड(द?)र भै आयेको हुनाले सो वमोजीं तपसील वमोजीम नत्रा नीकासा र थप समेतको हस्तेवारीमा कम्यान्डरी कीतापखाना का छापलागेका रीपौट् वमोजिम र जीम्मवारी मा तालुकवालाका ड(द?)स्षट् वमोजिमको पटकगरी अैंसवालको रीतपुऱ्याई सर्वरकं मध्येवाट् हस्तेवारी जिम्मावारी डि(दि?)नु भंने कौसीतोसाखानाका नार्उमा सनड(द?) गरीवक्सनु पर्ने ठहराञ्युं भनी तालुकवाल मार्फट्(त?) चन्द्रवत्तीप्रकाश विजुली अडाका हाकीम कारीन्दाले हाम्राहजुर्मा बिन्तीपार्दा जाहेर भयो तसर्थ सो ठहरायामा हामीवाट् पनी सड(द?)र गरीवक्सेको छ सो वमोजीं गर्नेकाम गर..."

यो पूर्जीमा विषेशतः देहायका सन्दर्भ उठाइएका छन्;

- म्यादी कर्मचारीलाई कम्याण्डरी किताबखानामा दर्ता गर्नु नपर्ने साथै उनीहरूलाई दर्शन गराउन पनि नपर्ने
- दुई वर्ष अवधिसम्मलाई पनि एकैपटक म्यादीका रूपमा कर्मचारी भर्नागर्न सकिने
- म्यादीका रूपमा भर्ना गरिएका कर्मचारिको तलब तालुकवालाको दस्तखतबमोजिम पटक-पटकगरी कौसितोसाखानाबाट सर्वरकममध्ये विजुली अड्डाका हाकिम जिम्मावारी ल्याई खर्चतर्फका स्याहामा बाँधी तलब बाँडी खुवाउनु पर्ने

**कामदारको तलवदर तथा बढुवा**

लाइन्सम्यान जवान-१, महिना १ को मोरु. १५/-



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिलम्यान जना-१, मासिक रु. १३/-

कुल्लि जना-१, मासिक रु. ९/-

सिपाही जना-१, मासिक रु. ७/-

टाइम किपर जनरल १ को मासिक रु. २५/-

नौसिन्दा जना १ के मासिक रु. ११/-

फर्पिङ पावरहाउसका हेड मिस्त्री हर्षरत्न थापीड् (भीमसेनस्थान) लाई साविक खान्गी मोरु. ५७४/- मा ६००/- पुऱ्याई डिठ्ठा दर्जा गरी थप खान पाउने वर्ष १ को मोरु. २६/-

मिटर टेरलिङ्ग(?)को मिस्त्रि लक्ष्मीवहादुर नकर्मीलाई साविक खान्गी मोरु. ४२०/- मा मोरु. ५००/- पुऱ्याउन थप खान पाउने वर्ष १ को मोरु. ८०/-

## अन्य खर्च रकम

कामदार एवम् कर्मचारीको तलब, पारिश्रमिकका अतिरिक्त उल्लिखित पुर्जीमा अन्य खर्चको बारेमा पनि उल्लेख गरिएको छ, जुन यसप्रकार देखिन्छ;[१७]

- विजुलीको मालसामानहरू झिकाउन नोठ रू. १२,०००/- निकासा गरिएकोमा अब २००१ साल वर्ष १ का लागि सर्वरकम मध्येबाट थप निकाशा भएको नोठ रु. १२,०००/-
- ललितपुर सहरको बिजुलीको लाइनको २३०० भोल्टको में को साइज(?) वडाई बदला गर्ने क्रममा तारहरू झिकाउन सर्वरकम मध्येवाट निकासा नोठ रु. ८,०००/-
- ग्राहकलाई बिक्री गर्ने उद्देश्यबाट चिमहरू झिकाउना सर्वरकम मध्येवाट निकासा नोठ रु. १०,०००/-
- चिफ इन्जिनीयरको रिपोर्ट वमोजिम तालुकवालाको तजविजले विजुलीको काममा मेहनतसाथ काम गर्ने मानिसहरूलाई बक्सिस बाँड्न कौसितोसाखानाबाट जिम्मावारीलिई ल्याई खर्च गरी सालतमाम भएंपछि वाँकी रहेको मुलुकीखानामा दाखिल गर्ने गरी निकासा नोठ रु. २००/- (सो नोठ मध्ये कम्पनी चाहिने भएमा नोठ कम्पनी र मोहर चाहिने भएमा मोहर रुपैया समेत मुलुकिखानाका दरले लिनेगरी सर्वरकम मध्येबाट सालवसाल कौसितोसाखानाबाट लिनेगरी नोठ रु. २००/- रुपैया निकासा दिइएको)।

---

१७ विस्तृत जानकारीका लागि परिशिष्ट नं. १ मा हेर्नुहोस्। (कौशितोसाषाखानाबाट प्राप्त यो सामग्री इतिहास केन्द्री विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुको अभिलेख शाखामा रहेको छ)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

➢ चन्द्रप्रकाश बिजुली अड्डालाई चाहिने मसलन्द वर्ष १ को रू. ३०४/- ठेकिएकोमा सो रकमले नपुग्ने भएकोले त्यस रकममा रू. ५६/- थपगरी रू. ३६०/- पुऱ्याईएको । उक्त मसलन्द रकम कौसीतोसाखानावाट बिजुली अड्डाका हाकिम हस्तेवारी ल्याई काम चलाउनु भन्ने भएकाले सोही बमोजिम बिजुली अड्डाका हाकिम हस्ते हस्तेवारी दिनुपर्ने भयो ।

➢ निकासा भईरहेको सवालका २६ दफामा फर्पिङ सुन्दरिजल पावरहाउसका इन्जिनीयर, कालिगढहरूको हप्ता ५६ घण्टाभन्दा बढी समय काम गरेमा ओभर टाइम भत्ता दिनका लागि हस्तेवारी लिने निकासा भएको कं रू. ५००/- र बिजुली काममा ओभरटाइम राखी काम गराउनु पर्नेभए बिजुलीसम्बन्धी मानिसलाई काम गराएमा उनीहरूको काम हेरी ओभरटाइमको भत्ता र ज्याला मजुरी समेत दिनलाई जिम्मावारी लिने निकासा भइरहेको कं. रू २००/- समेत जम्मा दुबै कलमको जम्मा कं. रु. ७००/- सातसयबाट तालुकवालाका तजविजले बिजुलीका कामगर्ने जम्मै मानिसलाई ओभरटाइम दिन पाइने भएकाले सो बमोजिम सनद हुने प्रमाङ्गी तेस अड्डाका नाउँमा भै गएको हो भनी जवाफ लेखी पठाएको हुनाले फर्पिङ सुन्दरीजलतर्फ ठेकीरहेको कं. रु. ५००/- तथा अरू कामलाई ठेकिरहेको कं. रु. २००/- समेत कं. रु. ७००/- बाट तालुकवालाका तजविजले बिजुलीका काममा ओभरटाइम काम गर्ने जम्मै मानिसलाई ओभरटाइमको भत्ता दिन पाउने हुकुम प्रमांगी भएको भनी बिजुली अड्डाले लेखिपठाएको हुनाले निकासाका हकमा फर्पिङ-सुन्दरीजलतर्फ ओभरटाइमको भत्ता दिन ठेकिरहेको कं. रु. ५००/- र बिजुलीका काममा ओभरटाइम काम गर्नेलाई भत्ता र ज्याला मजुरी समेत दिन ठेकिरहेको कं. रु. २००/- समेत दुवै कलमको जम्मा कं. रु. ७००/- बाट तालुकवालाका दस्तखत बमोजिम खर्चगर्न पाउने गरी तोकिएको थियो । यसरी तोकिएको रुपैया कंपनी चाहिने भएमा कंपनी र मोहर चाहिने भएका मुल्कीखानाका दरले मोहर तालुकवालाका दस्तखत बमोजिम जिम्मावारी दिनु भन्ने कौसितोसाखानाका नाउँमा सनद हुने हुनाले सो बमोजिम जिम्मावारी ल्याई सवाल बमोजिम रितपुऱ्याई खर्चगर्ने गर्नु भन्ने सातौं दफामा लेखेकोले सो बमोजिम बिजुली अड्डा जिम्मावारी दिने निर्देशन दिइएको पाइन्छ ।

## उपसंहार

नेपालको इतिहासमा प्रधानमन्त्री चन्द्रशमशेरको समयदेखि थालनी भएको विजुली वत्तीको उत्पादनको विकासका क्रममा प्रधानमन्त्री जुद्धशमशेरले अर्को एउटा आयाम थप्न पुगे । राजधानी काठमाडौं उपत्यकाका तीन शहरमध्ये कान्तिपुर र ललितपुरमा मात्र सीमित विजुलीलाई जुद्धशमशेरले अर्को शहर भादगाउँमा मात्र पुऱ्याएनन् बरू उनले ग्रामीण क्षेत्रका सर्वसाधारण जनतालाईसमेत विद्युतसेवा दिने कार्यको थालनी गरेको पाइन्छ । यस दृष्टिबाट जुद्धशमशेरको यो कदमलाई सम्मानीय नै मान्नु पर्दछ ।

 CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माथि उल्लिखित पुर्जीबाट विषेशत: तत्कालीन विजुली अड्डामा सिपाही, कुल्ली, नौसिन्दा, सिलम्यान, लाइन्सम्यान, टाइमकिपर जस्ता पदहरू सिर्जना गरिएको थियो । यी पदवाला मानिसलाई मासिक तलव क्रमश: रू. ७/-, ९/-, ११/-, १३/-, १५/-, २५/- अर्थात् कम्तिमा रू. ७/- देखि रू. २५/- दिइन्थ्यो । "चन्द्रप्रकाश विजुली अड्डा" मा राम्रो काम गर्ने कर्मचारीलाई प्रोत्साहित गर्ने राम्रो प्रचलन भएको पाइन्छ । राम्रो काम गर्ने कर्मचारीलाई स्यावासी अर्थात् पुरस्कार स्वरूप तलव वृद्धी गर्ने मात्र नभएर पदमा वढुवा गरिने प्रचलन पनि थियो । जस्तो सो अड्डाका एकजना मिस्त्रीलाई वार्षिक रू. ४२०/- तलववाट रू. ८०/- थप गरी रू. ५००/- पुऱ्याइयो भने एकजना हेडमिस्त्रीलाई सो पदवाट वढुवा गरी डिड्ठा दर्जा दिनुका अतिरिक्त निजको वार्षिक तलब रू. ५७४/- मा रू. २६/- थप गरी रू. ६००/- पुऱ्याउने कार्य गरिएको पाइन्छ । यसरी राम्रो काम गर्ने कर्मचारीलाई प्रोत्साहन दिएका खण्डमा स्वाभाविकै रूपमा सम्बन्धित अड्डामा राम्रो काम हुन्छ ।

विजुली अड्डाका लागि आवश्यक पर्ने कतिपय म्यादी कर्मचारी नियुक्त गरिएको थियो । निश्चित कार्य गर्न निश्चित समयका लागि कर्मचारी भर्ना गर्ने परिपाटी नेपालको प्रशासनिक व्यवस्थामा नौलो मानिँदैन । तर उपरोक्त सामग्रीबाट दुईवर्षसम्मका लागि एकैपटक म्यादी कर्मचारी भर्ना गरिएको प्रसंग उल्लेख्य देखिन्छ । उच्चदेखि निम्न तहसम्मका कर्मचारीलाई सामान्यतया प्रत्येक वर्ष पजनी गरिने परिपाटी मुलुकको प्रशासनिक व्यवस्थामा भए तापनि विजुली अड्डामा दुईवर्षका लागि एकै पटक म्यादी कर्मचारी भर्ना गरिनु नितान्त नौलो तथा असामान्य घटना मानिन्छ । यो परिपाटीका बारेमा अझ विस्तृत अध्ययन गर्नुपर्ने देखिन्छ ।

कामदार एवम् कर्मचारीलाई ओभरटाइम काम गराइने प्रचलन पनि यो अड्डामा रहेको देखिन्छ जुन सामान्यतया अन्यत्र पाइँदैन । त्यस्तै हप्ताको ५६ घंटादेखि बढी समय काम गरेमा त्यसलाई ओभरटाइममा गणना गरी थप पारिश्रमिक दिइने यूरोपेली प्रचलन पनि त्यसबखत नै नेपालमा विद्यमान हुनु नौलो मानिन्छ । यसरी ओभरटाइम काम गराउँदा दिइने सुविधा अर्थात् तलब पनि ताल्लुकवालाको तजविजमा भरपर्ने देखिन्छ । यसका अतिरिक्त ओभरटाइमको भत्ता एंवम् ज्याला मजुरी भुक्तानी दिनका लागि सरकारले आवश्यकता अनुसार कम्पनी रूपैयाँ वा कम्पनी नोठसमेत उपलब्ध गराउनु अर्को उल्लेख्य पक्ष मानिन्छ । यहाँनेर उल्लेख्य कुरा के पनि देखिन्छ भने सम्भवत: विदेशी अर्थात् अंग्रेज वा भारतीय इन्जिनीयर एवम् मिस्त्रीहरूलाईमात्र हप्ता ५६ घण्टा कामको समय निर्धारण गरिएको एवम् सो भन्दा वढी समय काम गरेका खण्डमा सोको ओभरटाइम बापत थप तलब वा पारिश्रमिक दिइने र यसरी दिइने पारिश्रमिक इच्छा अनुसार उनीहरूलाईमात्र भारतीय नोठ, रूपैयाँ वा नेपाली रूपैयाँमा दिइने जस्तो सुविधा भएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्तो देखिन्छ । तथापि नेपालका पहिला, दोढटस्रा बिजुली उत्पादन केन्द्र एवम् बिजुली अड्डाका सम्बन्धमा सामान्यतया अनुसन्धानकर्ताको ध्यान पुग्न नसकेको वर्तमानमा प्रस्तुत सामग्रीले यस बारेमा केही जानकारी दिनसकेको भए तापनि यो क्षेत्रमा अझ विस्तृत अध्ययन-अनुसन्धानको आवश्यकता देखिन्छ ।

## परिशिष्ट नं. १

चन्द्रवत्ती प्रकास विजुली अड्डाका चीफ इन्जिनीयर मिष्टर आर. जी कीलवर्नले सरकार समक्ष पेश गरेको आम्दानी खर्चको विवरण एवम् रकमको मागका सम्बन्धमा मिति २००० साल पौष महिना २९ गते विहीबारका दिन कौशितोषाखानाका हाकिम कारिन्दाको नाममा लेखिएको पुर्जी





CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लाईसेंसि ज्यो १ दे मैन्हा १को मोद् १५।ले वर्ष १को मोद् १८०।ले ज्यो २ ईदे वर्ष १को
मोद् ३६०।ले वर्ष २ दे मोद् सात सय बिस रुपैञा — — ७२०।
सीटी ज्यो १ पद्धके मैन्हा १को मोद् १३।ले वर्ष १को मोद् १५६।ले वर्ष २के मोद् तीन
सय बाह्र — — — — — — ३१२।
साहीनोसौदा ज्यो १ पद्धके मैन्हा १को मोद् १३।ले वर्ष १को मोद् १५६।ले वर्ष २के मोद्
तीनसय बाह्र — — — — ३१२।
कुल्ली ज्यो १ पद्धके मैन्हा १को मोद् ९।ले वर्ष १को मोद् १०८।ले ज्यो ८ आठुद्के वर्ष
१को मोद् ८६४।ले वर्ष २के मोद् सत्रसय अठाइस रुपैञा — — १७२८।
सीपाही ज्यो १ दे मैन्हा १को मोद् ७।ले वर्ष १को मोद् ८४।ले ज्यो २ दे वर्ष १को मोद् १६८
ले वर्ष २के मोद् तीनसय छत्तीस रुपैञा — — — ३३६।

भनी भएका मितीदेखी एकन्डीलैं सङ्को खानपाउने देहायका दर्जा शालबसाली थप नञा खानगी ठेकीसकेको
वर्ष १ दे। मोद् पानसय चौसठी रुपैञा ५६४। औ सवाल का रीत पुर्‍याई कोसीं तारा खाना वाट विजुली उज्या कार
खानीफहाले हुने गरी बुझाई तलब खुवाउने गर्नु भनेदोआ दफामा लेखेकोले सावमोजीम विजुली अड्डाका साहीफ हाले हालसम्म पाइदीनु
फायदा हुन रहेकोले ८ दीपार्टमेंट का काम समेत रहेकाले ए. सीनीयर गुलीमान सिंह रोत ले बेसको
गर्‍याकोले मीज लाई सासो गना गरे गर्‍दि रायमाफीया उनका बक्स इन्स्पेक्टर १ दे मैन्हा १को मोद् २५।पच
चीस रुपैञा ले वर्ष १को मोद् तीन सय रुपैञा — — — — ३००।
देहायका पोंइन्ट मैन्हा १ पक्राउका मोद् ११। [illegible] ले सीदोन्दा ज्यो [illegible] वर्ष १को मोद्
दुईसय चौसठी रुपैञा — [illegible] २६४।
गोम्वरा पोंइन्ट ज्यो १ दे मोद् एकसय बत्तीस रुपैञा — — १३२।
गाडी पोंइन्ट ज्यो १ दे मोद् एकसय बत्तीस रुपैञा — — १३२।

देहायका मानीस्के रकमदही मैं लाई राखेकोले देहायका खानगीमा सं ४२ सेप्टेम्बर २३ तारिख अर्थात २०००
साल आश्वीन ११ गते देखी खान पाउने गरी थप रकमदही मैं सकेको खानपाउने मोद् १०६। भनी लेखी
पैको शालवसाली माथि लेखेकोले बुझाई पठाईदिनु भनी कुम्हाका सदर वहाली थप भनेको
हो भनी उपाद् लेखी पठाएको ले देहायका मानीस्के रकमदही मैं लाई राखेको देहायका खानगी भए
२००० साल आश्वीन ११ गते देखी खानपाउने गरी थप रकमदही मैं सकेको सालवसाली खानपा
उने वर्ष १ केको मोद् १०६। एकसय छ रुपैञा का दर्जा शालवसाली गरी थप बकेसकोछ औ सवाल
का रीत पुर्‍याई तलब खुवाउने गर्नु भनेतथा दफामा लेखेकोले सावमोजीम विजुली अड्डाका साहीफ हाले हालसम्म पाइदीनु
फायदा पावर हाउसका हेडमिस्त्री हर्षरत्न भादीन भीमसेनको मासिक खानगी मोद् ५।४।मा
६००।हाले पुर्‍याई डीठा दर्जा गरी थप खानपाउने वर्ष १को मोद् छत्तीस रुपैञा — — ३६।
मिटर टेस्लीङ को मिस्त्री लक्ष्मी बहादुर नकर्मि के मासिक खानगी मोद् ४ २०।मा मोद् ५००।पाउ
ने पुर्‍याउन थप खानपाउने वर्ष १को मोद् असी रुपैञा — — — ८०।

तालुक शाखाका हस्ताई १ भोजीम को पत्रकारी कोसीतो सासमाना बाट जीलका वाही ली खर्चमध्ये का
स्याहामा आम्दानी बाँधी तालुक शाखा का दस्तखत भोजी खर्च गरी देहाय भोजीम नीकाशा
१ पोले को छ भौ १ भोजीम गर्नु भने चौडादफामा लेखीपठाउने सावभोजीम विजुली अड्डा जीलाजीमा गरीदीनु
विजुलीको सामलखाना हद औंसार्डिनाके २६ ने का सवाल १ भोजीम नीकाशा १ सकेको नोटद्
१२०००मा अब २००१ साल वर्ष १को नीकीत्र सेवा खर्च मध्ये बाट थप नीकाशा १ सकेको नोटद्
बाह्र हजार रुपैञा — — — — १२०००
ललीतपुर सहर को विजुलीको लाईनको २२००भोल्ट को मै को साईज बढाई १ दिलागानीके
नारहद औंसार्डिनाके सेवा खर्च मध्ये बाट नीकासा १ सकेको नोटद् आठ हजार। — ८०००

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्राहकहरू लाई बिक्री गर्नाको निमित्त श्री ५ सरकारबाट [illegible] मध्येबाट नै दामा १ वर्षे
को नोट दशहजार रुपैयाँ — — — — १००००

बिजुलीको काममा मेहनत साथ काम गर्ने मानीस हरु लाई श्री कर्नेल जीतीमान [illegible] बर्ष जीताउ
द बालाका [illegible] १ पक्षबाट दिनाले कोष्टीबाट जीम्मावाल गराई खर्च गरी सारा तमाम भएपछी बाकी रहेको मुलुकीखाना दाखिल गर्नुपर्ने नोट रु २०० नीकासा १ पक्षकोछ सो नोटमध्ये नोट
कुपनी चाहीने ओगमा नोट कुपनी ६ मोहर चाहीने जगमा मोहर रुपैयाँ सोतत मुलुकी खाना का
दर्ले दीने गरी अर्काङ्क मध्येबाट खास बहाल कोठी तोसाखानामा बाट लीन गरी नोट रु २०० दुई सय
रुपैयाँ नीकासा १ पक्षकोछ । हेर बमोजीम गर्नु भैने पाँचौ दफामा लेखेकोले सोबमोजीम बिजुलीअड्डामा बाकी रहेको
अड्डाको मसलन्द ठेक्की रहेको १ मे १ देखी नेद ३०४। लै नगन गरेकोले १ मे १ को नोतीन्त थप १ पक्षको मे
हलन्द मोद ५६। छपैत भनी लेखीनेको सालबसाली पट्टेनराखेकोले कोष्टीबाट तलब गरेमा द
प १ को नोतीन्त थप भयाको हो भनी जवाफ डीएकोले १ मे १ को नोतीन्त पट्टे गरी मसलन्द मोद
५६। छपैत दैपम्त थप १ पक्षकोछ कोठी तोसाखाना बाट बिजुली अड्डाका हाकीम हाल हाल गराईदीई
काम चलाउनु भैने छैठौं दफामा लेखेकोले सोबमोजीम बिजुली अड्डाका हाकीम हाल हाल बाट दीन — —
नीकासा भै रहेको सवालका २६ जनामा फर्सीड्ड सुन्दरीजल पावरहौसका इन्जीनीयर कालीगड
हरूले हराको ५६ घेत दर्ष १ ठीमाम गरेमा बनाएपछि भत्ता देनाले हुने गरी लीने नीकासा थप
को केर ५०८ बिजुली काममा बनाएपछि राखी काम गराउनु परी बिजुलीका मानीसलाई काम गरायाका
कामेहरू भत्ता बनाएपछि को ८ ज्याला मुजुरी समेत देनाले जीम्मावाली लीने नीकासा भै रहेको केरु
२०० समेत जम्मा दुईसय पचासको जम्मा केरु ७०० सातसय बाट तालुकवालाको सदर गरीदीयाका। इस्तेहार
बमोजीम कुपनी चाहीनेमा कुपनी ६ मोहर चाहीनेमा मुलुकीखानाका दर्ले मोहर दीने गरी सोही
२६ जनाका बनाएपछिको भत्ता केरु २०० जीम्मा वाली दीने सवालका रितपुर्याई खर्च गर्ने गरी १ पक्ष
का हुनाले सोबमोजीम गर्नाउ भैने सातौं दफामा लेखीएको सो १०० फर्सीड्ड सुन्दरीजल पावर
हौस बाहेक अड्डामा अड्डालाई ठेक्की रहेको २०० फर्सीड्ड सुन्दरीजल पावरहौसमा खर्च गर्ने
पाउने नपाउने कुरा प्रष्ट नखुलेको सो कुरा खुलाई पठाईदीनु भनी बिजुली अड्डालाई कोष्टीबाट त
लब गरेमा सो केरु ५०० ८ केरु २०० समेत जम्मा केरु ७०० बाट बिजुलीको काम गर्ने जमे मानीस लाई बनाए
पछिको दीन पाउने हुकुमै १ पक्षकोले सोबमोजीम खर्च हुन प्रमाङ्गी नेमअड्डाका नाउमा भै गएकोले
भनी जवाफ लेखी पठाएको हुनाले फर्सीड्ड सुन्दरीजल तर्फ के ठेक्की रहेको केरु ५०० अघ काम गर्दै
ठेक्की रहेको केरु २०० समेत जम्मा केरु ७०० सातसय बाट तालुकवालाका तजबिजले बिजुलीका
काम बनाएपछि काम गर्ने जमे मानीस लाई बनाएपछिको भत्ता दीन पाउने हुकुम प्रमाङ्गी भएको
भनी बिजुली अड्डाले लेखी पठाएको हुनाले नीकासामा हराया फर्सीड्ड सुन्दरीजल तर्फ बनाएपछि
को भत्ता दीनाले ठेक्की रहेको केरु ५०० ८ बिजुली काममा बनाएपछि काम गर्ने के भत्ता ज्याला मजुरी
समेत देनाले ठेक्की रहेका केरु २०० समेत दुईसयको जम्मा केरु ७०० सातसय बाट तालुकवाला
का दस्तखत बमोजीम खर्च गर्ने पाउने गरी १ पक्षकोछ सो ठेक्कीएको रुपैयाँ कुपनी चाहीने मा
कुपनी ६ मोहर चाहीनेमा मुलुकीखाना का दर्ले मोहर तालुकवाला का इस्तेहार बमोजीम
जीम्मा गराईदीनु भैना कोठी तोसाखाना का नाउमा सनद भै जानेछ सो बमोजीम जीम्मा
वालीलाई सवाल बमोजीम रीत पुर्याई खर्च गर्ने गर्नु भैने सातौं दफामा लेखेकोले सोबमोजीम बिजुली
अड्डा जीम्मा-जीम्मा वाली दीनु — — — —

इति संवत २००० साल पौष [illegible] गते रोज [illegible] श्री [illegible]



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# भक्तपुर त:मान्हिस्थित भैरवनाथ मन्दिरको ऐतिहासिकताबारे थप जानकारी

✍ योगेश राज *

भक्तपुर नगरको झण्डै मध्यभागमा रहेको भैरवनाथ [अथवा विश्वनाथ अथवा आकाश भैरव] मन्दिरको सिंगो नगरको सांस्कृतिक गतिविधिमा विशेष महत्त्व छ। सौर्यमान अनुसार संवत्को अन्तिम दिन चैत्र मसान्तको सूर्यास्त र नयाँ संवत्को उठान हुने दिन मेष संक्रान्तिको सूर्योदयलाई केन्द्रमा राखेर मनाइने विस्केत जात्रामा यो मन्दिर अझ बढी लोकदृष्टिमा पर्ने गर्दछ। भक्तपुर नगरका रक्षक भनिने नवदुर्गागण समेतले मान्नु पर्ने, तात्कालिक भक्तपुर राज्यकै *अजाजु* अर्थात् पितामह मानिएको, अनेकन् किंवदन्ती, आख्यान र विश्वासको विषय बनेको यस भैरवनाथको प्राचीनता असंदिग्ध छ। यिनै भैरवनाथ रहेको मन्दिरका बारेमा अहिलेसम्मन् प्रकाशमा आएका मूल ऐतिहासिक सामग्री मलाई थाहा भए सम्मन् तल दिइएका नै हुन्।

१. मासिक *पासूका*को वि.सं. २०५५ फागुनमा प्रकाशित वर्ष ३ अङ्क ६ पृष्ठ ८ मा मैले छपाएको *तवमाधि भैरवमन्दिरभित्रको लिच्छविकालीन अभिलेख* भन्ने लेख। सो अभिलेखमा संवत् ८८ पौष शुक्ल (तृ)तीयामा ललितमहेश्वरका प्रीतिले ताम्रकलश दान दिइएको कुरो परेको छ।

२. संशोधन मण्डलद्वारा प्रकाशित *अभिलेख सङ्ग्रह* भाग २ पृष्ठ ९ मा छापिएको **भैरव स्थानको अभिलेख** भन्ने लेख। ने.सं. १२५ चैत्र शुक्ल त्रयोदशीको राजा निर्भयदेवको नाउँ उल्लेख भएको सो अभिलेखमा शिवग्वलको उत्तरमा पर्ने धेनुक भन्ने ठाँउका जय चतुपाकले कुनै पूजा विशेषका लागि केही कुत आम्दानी ठेकिदिएको व्यहोरा परेको छ।

---

*भक्तपुरस्थित नेवार-विज्ञानबारे अनुसन्धान गर्ने संस्था सुथांसित सम्बद्ध शोधकर्ता।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३. मासिक *पासूका*को वि.सं. २०५६ फागुनमा प्रकाशित वर्ष ४ अङ्क ६ पृष्ठ ९ मा छापिएको अभिलेख संख्या १७ को मन्दिरभित्र शिवलिङ्ग रहेको चोकको शिलापत्र। ने.सं. ७६८ ज्येष्ठ शुक्ल द्वितीयाको सो अभिलेखमा मन्दिर हाताभित्रको जलधेनु बनाइएको ब्यहोरा परेको छ।

४. सो मन्दिरभित्र चढाइएको र विशेष पर्व उत्सवका बेला प्रदर्शनमा राखिने ने.सं. ७८८ को जगत्प्रकाश मल्लको सालिकको पादपीठ अभिलेख। यस्को पूर्ण पाठ अप्रकाशित नै रहेको छ।

५. मासिक *पासूका*को वि.सं. २०५७ कार्त्तिकमा प्रकाशित वर्ष ५ अङ्क २ पृष्ठ ३ मा छापिएको सूर्यलाल खर्बुजाको मूलपाठ र मेरो अनुवाद एवं टिप्पणी सहितको *भक्तपुर बिस्केत जात्रासँग सम्बन्धित एउटा अप्रकाशित ठ्यासफू* भन्ने लेख।

६. मासिक *पासूका*को वि.संस २०५८ मंसीरमा प्रकाशित वर्ष ६ अङ्क ३ पृष्ठ ४ मा छापिएको रामकृष्ण कायष्ठको मूलपाठ र मेरो अनुवाद एवं टिप्पणी सहितको *मल्लकालिक शान्तिस्वस्ति सम्बन्धित घटनावलि* भन्ने लेख।

७. मन्दिरको उत्तराभिमुख गारोमा टाँसिएको शिलापत्रमा ने.सं. ८३८ मा राजा भूपतीन्द्र मल्लद्वारा मन्दिरमा तल्ला थपी गरीएको जीर्णोद्धारको ब्यहोरा परेको छ। सो अभिलेखको पूर्ण पाठ अप्रकाशित नै छ।

८. जोशी रिसर्च इन्स्टिच्यूटद्वारा प्रकाशित *रोलम्ब*मा शीघ्र प्रकाश्य पुरूषोत्तमलोचन श्रेष्ठको *भैरवमन्दिरको वृद्धिलक्ष्मी र देवेन्द्रमल्लदेवको अभिलेख* भन्ने लेख। ने.सं. ८७४ चैत्र वदि २ को सो अभिलेखमा भैरवका प्रीतिले यी दुई जनाले पीतलको चँदुवा चढाएको ब्यहोरा परेको छ।

९. मासिक *पासूका*को वि.सं. २०५८ वैशाखमा प्रकाशित वर्ष ५ अङ्क ८ पृष्ठ १३ मा छापिएको अभिलेख संख्या ९७ को शिवलिङ्ग रहेको चोकभित्र जाने द्वारको ने.सं. ९३९ फागुन शुदि ७ को अभिलेख। यसमा राजेन्द्रविक्रमको पालामा लस्कों टोलका शुद्धाकार मणिकृष्णले ढोकामा पीत्तलको पाता मोडेर चढ़ाएको ब्यहोरा परेको छ।

१०. मासिक *पासूका*को वि.सं. २०५८ फागुनमा प्रकाशित वर्ष ५ अङ्क ८ पृष्ठ १३ मा छापिएको अभिलेख संख्या ९८ को सोही ढोकाको तोरणको ने.सं. ९४० माघ शुदि ५ को अभिलेख। यसको ब्यहोरा माथि ९ संख्याको अभिलेखकै छ।

११. मासिक *पासूका*को वि.सं. २०५८ फागुनमा प्रकाशित वर्ष ५ अङ्क ८ पृष्ठ १४ मा छापिएको अभिलेख संख्या १०२ को सोही ढोकामा टाँसिएको ने.सं. ९६५ माघ शुदि ५ पीत्तलपत्र अभिलेख। यसमा इपाछेका हेरानन्दको अगुवाइमा सम्पन्न गरिएको


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भैरवाग्नि यज्ञका वेला खिछेंमलाकी भुवनेश्वरी कर्माचार्य धनभाजुले ढोकामा पीत्तल मोड्न लगाएकी ब्यहोरा परेको छ ।

१२. मासिक *पासूका*को वि.सं. २०५८ जेठमा प्रकाशित वर्ष ५ अङ्क ९ पृष्ठ ३ मा छापिएको अभिलेख संख्या १०८ को सोही ढोका छेउ भूईमा विसाइएको ने.सं. ९७७ चैत्र शुक्ल १४ को शिलापत्र । यसमा मेष संक्रान्तिका दिन चक्र दिनु भन्ने र सो कर्मको लागि जगटोल क्षेत्रको एक रोपनी जग्गा दान गरिएको ब्यहोरा परेको छ ।

१३. मासिक *पासूका*को वि.सं. २०५८ जेठमा प्रकाशित वर्ष ५ अङ्क ८ मा छापिएको अभिलेख संख्या १२३ को भैरव मन्दिरमाथि उक्लने ढोका बाहिर भित्तामा टाँसिएको संवत् *भुत रस अर्क*को पीत्तलपत्र अभिलेख ।

१४. मासिक *पासूका*को वि.सं. २०५६ फागुनमा प्रकाशित वर्ष ४ अङ्क ६ पृष्ठ ११ मा छापिएको गुथिपत्र संख्या ७ को आकाश भैरव गीर्व्वान जात्राको लागि राखिएको थिमिको जग्गा नापजाँच गर्नु भन्ने ब्यहोरा परेको अभिलेख । यसमा वि.सं. १८७९ ज्येष्ठ शुक्ल २ मिति उल्लेख छ ।

यताबाट भैरवनाथ मन्दिर रहेको क्षेत्र देवस्थलको रूपमा विगत १३४३ वर्षदेखिन् अविछिन्न लोकश्रद्धाको पुञ्ज झैं मानिइदै आएको तथ्य स्पष्ट हुन्छ । त्यसबाहेक सो मन्दिर परिसरमा रहेका उमामहेश्वरका मूर्तिले, नजिकैको नवग्रह समेतको मूर्ति फ़लक रहेको ढुङ्गेधाराले, त्यस धाराको दक्षिणतिर अवस्थित विशाल शिवलिङ्गछेउको यक्षमल्लकालीन ने.सं. ५६१ को शिलापत्रले तथा त्यसै ढुङ्गेधाराको पश्चिममा रहेको एक्लो चैत्यले मन्दिर परिसर पूर्वमध्यकालमै अत्यन्त पवित्र ठाउँको रूपमा गुल्जार भैसकेको यकिन हुन्छ । गोपाल राजवंशावली भनिने वृत्तांन्तमा यस क्षेत्रमा रहेको देवताको पसीना आउँदा ने.सं. ४३६ मा ठूलो प्राकृति विपत्ति परेको ब्यहोरा परेबाट पनि यहीं रहेका ती देवता चानचुने थिएनन् भन्ने त निश्चयपूर्वक नै भन्न सकिन्छ । यसै क्षेत्र जोडिएको तिलमाधव नारायण भनिने माधव नारायणको चौघेराभित्र रहेको श्री आनन्ददेवको स्तम्भभिलेखले पनि सो कुराको पुष्टि हुन्छ ।

यस मन्दिरको क्षेत्रलाई स्थानीय जिब्रोले वर्तमानमा *तःमान्हि* [नेपाली भाषा बोल्ने जिब्रोले चाहिं टौमढि] बोल्दै आएको छ । यस शब्दको अर्थ *ठूलो मण्डप* भनेर लगाउन नसकिने त होइन तर गोपालराज वंशावलीमा *तलमण्ड* (पत्र ४४क:४) र *तलमण्डे* (पत्र २९ख:२ तथा ५१क:२) देखा परेकोले त्यस्तो अर्थ उति पत्यार लाग्दो रहँदैन । यी पछिल्ला शब्दमा रहेको *मण्ड* र *मण्डे* संस्कृत शब्द *मण्डप*कै देशज रूप हुन संभव छ । भक्तपुरमा *मान्हि* < *मण्डप* भएका अरू उदाहरण पनि रहेकोले [जस्तो *ग्वःमान्हि* <*ग्वल मण्डप* र *सूजमान्हि* <*सूर्य मण्डप*] यस्तो भन्नु परेको हो । यदि त्यस्तो हो भने के *तल* यो शव्दले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लिच्छविकालिन अर्थ त इंगित गर्दैनथ्यो भन्ने प्रश्न तथा के सो क्षेत्र लिच्छवि कालमा नै लोकप्रिय लोकसन्दर्भको ठेगाना बनिसकेको थिएन भन्ने प्रश्न पनि गर्न सकिन्छ ।

अर्को वैकल्पिक व्याख्या अनुसार यहाँ व्यवहृत *तल* यो शब्द लिच्छविकालका कतिपय अभिलेखमा आएको *तिलं*को पश्चरूप हुनुपर्छ [यद्यपि *तल* शब्द आफै होचो फराकिलो खेतीयोग्य मैदानको अर्थ लिएर पनि यहाँ प्रयुक्त भएको हुनसक्छ] । *तिलं* भन्नाले कुलो अथवा जलमार्ग बुझिन्छ । स्थानीय लौकिक स्मृतिमा हामीले चर्चा गर्न खोजेको भैरव मन्दिरको प्राङ्गण उत्तरबाट दक्षिणतिर एउटा ढल पहिले बग्दथ्यो भन्ने छ । यहाँ कुनै मसान दीप पनि थियो भन्ने कुरो सुनिन्थ्यो । यो प्राचीन ढल बग्ने बाटो अब दुवै किनारका घरसम्म पुग्ने झण्डै नगरपथ बनिसकेको छ । तर यीनै घरका अप्ठ्यारा भागमा रहेका पूर्वमध्यकालीन तीन शिवलिङ्गले पनि सो लौकिक स्मृतिको पुष्टि गर्दछ । यस कुरोलाई थेग्ने अर्को एउटा तर्क *तिल माधवनारायण* भन्ने शब्द हुनसक्छ । यहाँ देखापरेको *तिल* कुनै अन्न वाची शब्द नभएर त्यही *तिलं* शब्दको शेष हुन संभव छ । यस्तो हो भने ती माधवनारायणको विशेषण बुझाउन अन्न तिलको जतिसुकै मनोरञ्जन कथानक गढे पनि त्यो नेवार साँस्कृतिक परम्परामा रहेको बहुआयामिक [कतिपय अवस्थामा त परस्पर विरोधी] व्याख्याको एउटा उदाहरण मात्रै हुन जान्छ । त्यसमा ऐतिहासिक प्रमाण खोज्नु भूल हुनेछ । जे होस्, स्थानवाची शब्दकै व्युत्पत्तिचर्चाले पनि क्षेत्र प्राचीनकालमा एउटा जलमार्गको किनारमा अवस्थित पवित्र देव स्थल थियो भन्ने अनुमान गर्ने ठाँउ दिन्छ । पछिल्ला कालमा यो ठाउँ शैवप्रधान हुन पुगे तापनि यहाँ वैष्णव तथा बौद्ध मतका देवता पनि विराजमान थिए भन्न गाऱ्हो छैन ।

संवत् ८८ को अभिलेखमा देखापरेका ललितमहेश्वर, त्यहाँ पाइएको उमामहेश्वर, वर्तमानका लोकप्रिय भैरवनाथ तथा कतिपयले आस्था देखाउने नृत्यनाथ एउटै देवताका कालक्रमिक विकासका विभिन्न नाउँ हुन् अथवा होइनन् निर्क्योल गर्न कठिनै छ । यहाँ त्यो हाम्रो अभीष्ट पनि होइन । यहाँ हामीले भैरवनाथ मन्दिर रहेको क्षेत्रको पवित्रंताका केही ऐतिहासिक सन्दर्भ मात्र उठाउन खोजेका हौं ।

यहाँ मैले प्रस्तुत गर्न गइरहेको प्रमाण चाहिँ भैरवनाथ मन्दिरको वास्तुगत ढाँचाको ऐतिहासिकतासित सम्बन्धित छ । सो मन्दिर कसले र कहिले बनाएको थियो अथवा बनाउन लगाएको थियो भन्ने विषयमा मतमतान्तर व्याप्त छ । यस बारेमा मैले माथि उल्लेख गरिएको संख्या १ को लेखमा विवेचना गरेको छु । तर उल्लेखनीय कुरो चाहिँ फरक-फरक मत राख्नेहरू के एउटा कुरोमा समान विचार राख्दछन् भने यो मन्दिर अवश्य कुनै राजाकै कृति हुनुपर्छ । मैले यहाँ बिसाउन खोजेको प्रमाणले प्रथमतः यही विचारको खण्डन गर्दछ । दोस्रो, केही ऐतिहासिकमा उत्तरमध्यकालीन नेपाल खाल्डोको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साँस्कृतिक अवस्था एउटा स्वर्णयुग थियो र तात्कालिक मल्ल राजाहरू अत्यन्त प्रजावत्सल थिए भन्ने रूढि व्याप्त देखिन्छ । वर्तमान साँस्कृतिक अवस्था र प्रशासनतन्त्रसित तुलना गर्दा निःसन्देह त्यही सत्य हो भन्ने देखिए तापनि यस्तो रूढिले अन्धो भएर तात्कालिन समाजका कतिपय अनुशरण अयोग्य व्यवहार र रीतिलाई ढाकछोप गर्न कसैले पाउँदैन । यहाँ प्रस्तुत प्रकाणले पनि *भूपति जुजु* भनेर प्रख्यात भूपतीन्द्र मल्लका कतिपय कृति आजको परिप्रेक्ष्यमा गौरवपूर्ण लागे तापनि समकालिक अन्यायका नमूना रहेछन् भन्ने स्पष्ट्याउँछ । तेस्रो, परम्परालाई सच्याउने विगार्ने दुवैको दायित्व राजनैतिक नेतृत्वको हुने गर्दछ र अनावश्यक हस्तक्षेपले पनि रीतिथिति भ्रष्ट हुन पुग्दछ भन्ने तंथ्य समेत यस प्रमाणले उजिल्याउँछ ।

नेपाल-जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजनाको माइक्रोफिल्म नम्बर K १५२/३४ मा दरिएको यस गुथिपत्रको सक्कल गुथि संस्थानको भद्रकालीस्थित कार्यालयमा छ । त्यस पत्रको पहिले मूल पाठ र त्यसपछि एउटा छोटो टिप्पणी समेत अब प्रस्तुत गर्छु । पत्रको भाषा नेपाली हुनाले ब्यहोरा बुझ्न उस्तो कठिन छैन । यो पत्र विक्रम संवत् १९८७ श्रावणमा भक्तपुर तीवुक्छे [वर्तमानको तिबुक्छें] टोलका ईन्द्रमान सीं मलेपतीले तात्कालीन महाराजाधिराजमा चढाएको बिन्तिपत्र हो । यस पश्चात् सो मुद्दाको के कस्तो फैसला भयो भन्ने खोजवीन गर्न बाँकी नै छ ।

## मूलपाठ

१. उप्रान्त महाराजाकरूणानीधानप्रभु अघि हाम्रा पुर्षा जीवराजले नेपाली संवत ६६७ साल्मा

२. भादगाऊ श्री भैरवनाथका स्थांमा १ तले देवल बनाई वर्ष १ को २ फेरा षुला होम भंने भैर

३. वाग्नि जगेजागादिस्मेत गरी षानु भनी नेपाली राजा साछी राषी सुर्ज्येग्रहनका दीन संकल

४. प गरी गयका दानपत्रको १ तवदेवल [मा दी] पछी -- [मामन?] हुनाले ८३७ सालमा बाहि

५. रबाट थापी ३ तले गरी बनाई ८३८ सालमा तासीबक्सेका सीलापत्रको देवल भन्ने ६५ सा

६. लमा केहि छानु भत्कीन जांदा ६६ सालमा दानपत्र बमोजीं र्स्कारलाई दोस पर्ला भनी दुनी

७. या गुठी थहराई श्री भैरवनाठका स्थांमा स -- अघी अघीदेषी र्स्कार लगायट गैह्र दुनीञाका थुला

८. आजापुजा जगेजागादीको कां चलाऊनु पर्दा हामी जीवनराजका संतानबाहेक आजस्मं अरुबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९. कां चलाऊन नहुने हुदां छुत् पयेका रुका दसषट्मा भत्के बिग्रेको बनाऊनु भंने बोली छ तापनी
१०. दानपत्र सिलापत्रले छुताछत देषन आयपछि षास दानपत्रको देवल भत्केमा मात्र हामीले
११. सीलापत्रको देवल भत्केमा स्र्कारबाट बनाऊनु पर्ने प्रमाण छँदै सीलापत्रको देवल भत्केमा गु
१२. ठीबाट बीबेक बीचार केही नराषी हामीलाई पक्राउ गर्दा बाबा भोलानाथले स्र्कारमा बीती च
१३. धाऊदा यसको दानपत्र बमोजीं गुठी थामी दिनु भनें ६६ साल वैसाष २८ गते भयाका हुकंका
१४. प्रमांगी षदा छँदै भैरनाइकेलाई थामी दिनु भंन्ने भयो भनी दानपत्रमा थो गुठ जीवराजया बंसो
१५. दतोले राजा सीहासन तोकपुय मदु तोकपुलसा श्री भैरवनाथया कुदीस्ती भनी नेवारे बोलीबाट
१६. लेषेको दुनीया गुठी हर्न गरी ली स्र्कारी य-- गुठीमा दी वर्ष १ को सेस मोहरू १६० ली गुठी प
१७. जणी गरी दीदा अंन्याय परेको बेहोरा बाबा भोलेनाठले बराबर स्र्कारमा ऊजुर गर्दागर्दै जुनाफमा पु
१८. क्न नपाई बाबा पर्लोक भै जांदा आजस्मं यो गुठी तेसै रहेमा कबोलवाला तहलुवा कृस्नबीर स्मे
१९. तले हामी चलाऊन नहुने ज्यापु ज़ात भयाको हुनाले राजीनामा गरी पाऊ भनी बीती चढायकाले भ
२०. याको बेहोरा लेषी स्र्कार उदय होईबक्सदा जाहेर गर्न आयाको छु प्रभु यो दानपत्रको दु
२१. नीञा गुठी अघी ६६ साल वैसाष २८ गते भयाका हुकंमका प्रमागीको वास्ता नराषी अंन्यायसं
२२. ग स्र्कारलाई दोस पर्ने गरी हर्न गरी लीयको हो होईअन स्र्कारबाट आजस्मं श्रीभैरवनाठका
२३. स्थांमा अघीदेषी भयाका देवलमा नीसा सिलापत्र गुठीले बीचारै नराषी हर्न गरी लीयका मी
२४. सीलस्मेत बुझीबक्सींदां साँचै हामी रैती दुनीञाको दानपत्रको १ तले देवलमाठी पछी बाहीर स्र्कार
२५. थापी ३ तले गरी बनाईबक्सेका सिलापत्रले देवलभित्र हाम्रा दानपत्रको १ तले देवल पर्न गै नबी
२६. ग्रेको पक्का भया अब यस्को दानपत्रबाट पायका रुक्कामा भत्के बिग्रेका बनाऊनु भंने बोली छ ताप


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२७. नी दानपत्रको र सिलापत्रको देवल छुताछुतै पृथक पृथक नीसा प्रमाणबाट देषन आयापछी स्र्कार
२८. रीया सिलापत्रको देवलस्मेत बनाऊनु भंने नभनीयको र कबोलीयटस्मेत नभयेकाले कबोलीय
२९. ट बेगर-तासीबक्सेका सीलापत्र आजस्मं श्रीभैरवनाथैका देवलमा षदा छंदै दानपत्रबाट पा
३०. याको रुका दसषटमा भत्के बीग्रेको बनाऊँनु भंने बोली पऱ्यो भदैमा दानपत्रको देवल आजस्मं ष
३१. दा छंदै सो बोलीले मात्र हाम्रा दानपत्रको गुठी हर्न गर्नै नहुने षास ६६७ सालमा स्र्कार साछी भै सुर्ज्ये ग्र
३२. हनका दीं संकलप भयका दानपत्रको गुठीबीता स्र्कारबाट बीबेक बीचार राषी स्र्कारबाटै हर्न ग
३३. री लीन थीन मनासीब पनी नगर्ने ऊस्माठी अरुबाट चलाऊन नहुने हुदा दोस पर्ला भनी स्र्कारका
३४. नीघाले ६६ साल्मा हामीलाई नै छुत् पायपछि फेरी पक्रने गर स्र्कारैबाट हर्न गरी ली अरूलाई चलाऊ
३५. न दीयमा पछे लोक दुनीञामास्मेत स्र्कारलाई अपनाउ परी दानपत्र बमोजीं स्र्कारलाई नै दो
३६. सस्मेत् नपर्ने हुदा अबदेषी देवदेवताको र हामी रैती दुनीञाऊपर नीघा राषी येस मीतीअघी अं
३७. न्याय परे तापनी अबदेषी स्र्कारका पालामा सावीकका रीतीथीती बमोजीं नै सीलापत्रको देवल
३८. भत्केमा अब देषी ईनीहरूलाई पक्राऊ नगरी स्कारैबाट बनाऊनु दानपत्रको देवल भत्केमा मात्र ई
३९. नीहरूलाई छुताछुतै बनाउन लगाऊनु प्रष्त षोली यसमा हेरनालाका नाऊमा यो गुठी गुठीबाट ल
४०. गत काती दुनीञा गुठी नै थामी दिनु भंने गुठीका नाऊमा श्रीपसुपतिनाठको औता
४१. र ली स्र्कार ऊदय होईबक्सेपछि गुठीकै नाऊमा प्रमागी गरी पाय अब अरुले चलाऊन नहुनेमा हुकं
४२. ले ज्यापुदेषी ७ जातभित्र छीपा जातस्मंले चलाऊनु अंन्याय परेमा अब सर्कारका पालादेषी ईन्सा
४३. फ पाई दानपत्र बमोजीं र चलाऊन नहुने जातले चलायमा दोष पनी नपर्ने देवदेवताको पुजा सावि
४४. कै रीतीठीतीसंग गं अगमको आजापुजा गं अगमसंगै चल्ने देवदेवता पनी संतुष्ट भै भरवि
४५. -नी---- पाटस्मेत नपरी स्र्कारको स्मेत पणेप्रताप बधने माहाराज जो हुकुंम पत्र शुभम् --------

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४६. इनसदाले भक्त तावेदार भादगाऊ तीबुकछे तोल त्याछे बस्ने
४७ ईन्द्रमानसीं मलेपतीको कोटी कोटी कुर्णेस कुर्णेस ----------
४८. ईती संवत १९८७ साल श्रावण गते रोज शुभ --------

## टिप्पणी

प्रस्तुत विन्तिपत्रमा श्रीभैरवनाथको १ तले मन्दिर ने.सं. ६६७ मा सूर्यग्रहणका दिन जीवराजले संकल्प गरी बनाई सो मन्दिरको जीर्णोद्धार अटूट भइरहोस् भन्ने उद्देश्यले केही आम्दानी हुने स्रोतको पनि व्यवस्था गरीदिएका रहेछन् भन्ने कुरो थाहा लाग्दछ। यी जीवराज विन्तिपत्रवाला ईन्द्रमानसीं मलेपतीका पुर्खा थिए। यी मलेपतीहरू अझै पनि मन्दिर रहेको तःमान्हि परीसर निकट तिवुक्छे टोलमा वस्छन् यद्यपि त्याछें यो स्थान नाम भने हराईसकेको देखिन्छ। यिनीहरू अझै पनि भैरवनाथ मन्दिरमा आफ्नो कुलदेवता *आगं* रहेको विश्वास गर्दछन्। यिनीहरूको शाखा प्रशाखाको विस्तार भएको र तीमध्ये धेरैले मूलथलो छाडे तापनि यहाँ बसेकाले सो मन्दिरमा अझै दीपपूजा *मतःपूजा* गर्दै आइरहेकै देखिन्छ।

बिन्तिपत्र अनुसार जीवराजले सो मन्दिरमा *खुला होम* भनिने अर्धवार्षिक भैरवाग्नि यज्ञ गर्न एउटा गुठी ठेकी दिएका रहेछन्। विक्रम संवत् १९६५ मा मन्दिरको छानो विग्रन जाँदा मर्मत गर्ने जिम्मेवारी कसको भन्ने विषयमा खिचलो परेको रहेछ। तत्कालै विन्तिपत्रवालाका बाबु भोलानाथलाई पक्रिने काम पनि भएको रहेछ। यिनले अन्याय पऱ्यो भन्दा भन्दै आम्दानी खाएर पनि मन्दिरको जीर्णोद्धार नगरी कर्तव्यच्यूत भएको ठहऱ्याई यिनको निजी दुनियाँ गुठिलाई सरकारी गुठीमा वदल्ने काम भएको रहेछ र त्यो सरकारी खटनपटन गर्ने टहलुवालाका रूपमा *भैरनाइके* रहेका कृष्णवीरलाई नियुक्त गर्ने काम पनि भएको रहेछ। यो मुद्दा खेप्ताखेंप्तै भोलानाथ पनि वितेछन्। झण्डै २० वर्ष पछि विन्तिवालाले एउटा अनौठो तर्क प्रस्तुत गरी मुद्दावाट उन्मुक्ति खोजेका रहेछन् भन्ने यावत् कुरा यो बिन्तिपत्रवाट स्पष्ट हुन्छ।

विन्तिपत्रवालाले भने अनुसार मलेपतीहरूको 'नीजि' कुलदेवताका मन्दिरमाथि नै वलपूर्वक ने.सं. ७३७ मा [माथि उल्लेखित संख्या ७ को अभिलेख। त्यसमा ने.सं. ८३८ उल्लेख छ।] राजा भूपतीन्द्र मल्लले ३ तले भव्य मन्दिर खडा गरे र सो मन्दिरको जीर्णोद्धारको व्यवस्था पनि गरी सोही व्यहोराको शिलापत्र पनि टाँस्न लगाइदिए। यो कार्य एक प्रकारले 'नीजि' मन्दिरको सरकारीहरण थियो भन्ने विन्तिपत्रवालाले भन्न खोजिएको देखिए तापनि यथार्थमा आफ्नो महात्वाकाक्षा पूरा गर्ने क्रममा राजावाट गरिएको कीर्तिहरण थियो। अहिले पनि सो मन्दिरको पहिलो तल्लाको छानोमा अदूभूत ढंगले गजूर दृष्टिगत हुन्छ। यहाँनेर हामीलाई एकजना *दुःखी भारो*को सम्झना हुन्छ जसले आफ्नो घरजग्गा यी नै राजाको *न्याता पोल* [नेपाली जिव्रोमा *पाँचतल्ले मन्दिर*] बनाउने क्रममा गुमाएका थिए


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र त्यो संताप शान्त पार्न ६०६ पत्रको रामायण दश वर्ष लगाइ सारी सिध्याएका थिए [राष्ट्रीय अभिलेखालयस्थित ग्रन्थ संख्या *प्र. ३०१* माइक्रोफिल्म नं. *बी २९५/१*। यो प्रथमत: जनकाल वैद्यज्यूले प्रकाशमा ल्याउनु भएको हो ।] आज हामीले गुणगान गरी नथाक्ने कतिपय वास्तु संरचनाको निर्माणको कथामा यस्ता अधिग्रहण र बलात् विस्थापनका मर्मस्पर्शी उपकथा पनि होलान् भन्ने हेक्का राख्न जरूरी छ । यतावाट कुनै दिन नेपालको गौरवपूर्ण सांस्कृतिक इतिहासको चक्रमा पिल्सेका घुनको शोककाव्य लेख्न आवश्यक ठानिने छ भनेर हामीले बुझ्नुपर्छ ।

विन्तिपत्रवाला ईन्द्रमानसींको तर्क के हो भने टिकाधारी राजाले वलपूर्वक वनाएको मन्दिरको भाग भत्किँदा पश्चवर्ती टिकाधारी राजाले नै वनाउनु पर्छ । कीर्तिहरण गरिएपछि प्रख्याति मात्र होइन जिम्मेवारी पनि उनै राजाको हुन जान्छ । जसले आम्दानी खाएको छ उसले दाताको ईच्छा विपरीत जानु हुँदैन । तर त्यसको अर्थ दाताको अनुमति वेगर गरिएको राजाको बलात् हस्तक्षेप मान्न पनि उसका वंशज वाध्य हुँदैनन् । त्यसैले ती केवल आफ्नो पूर्खाको कृति बचाउनमात्र तत्पर हुन्छन् । सकभर त्यस्तो कृति हरण गर्ने व्यक्तिको भाग जीर्णोद्धार गर्न चाहँदैनन् र तिनलाई त्यस्तो गर्न वाध्य पनि पार्न सकिँदैन । यसरी विन्तिपत्रवाला मन्दिर जीर्णोद्धारको निम्ति आफूलाई पक्रन आएको सरकारी आदेशवाट उन्मुक्ति चाहन्छ । साथै पहिले जे-जस्तो भैसकेको भए तापनि जीवराजले राखेको गुठीलाई सरकारी गुठीवाट लगत काटी पुनः दुनियाँ गुठीमा नै कायम गरी दिन पनि ऊ चाहन्छ ।

विन्तिपत्रमा उल्लेख भएको अर्को रूचिपूर्ण कुरो चाहिँ यस श्री भैरवनाथको मन्दिरमा 'ज्यापुदेखि ७ जात भित्र छीपा जातसम्म ले' वाहेक अरूले 'गं अगमको आजापूजा' गर्दा गर्न लगाउँदा दोष हुन्छ भन्ने भनाइ हो । सामान्यतया: भैरवको सान्निध्य अस्पृश्य भनिने जातिसमूहसित बढी छ । विशेषत: यी भैरवनाथको [र यिनको शक्ति भद्रकालीको] चाहिँ *पोडे* [< सं.पौण्ड्र अथवा *द्यउला* < सं. देवला?] सँग उल्लेखनीय सम्वन्ध नै छ । परम्परागत हिसाबले पोडेको शासन अधिकार क्षेत्र मसानस्थल हो । मसानका मूल देवता भैरव नै हुन् । माथि उल्लेख परेको *खुला होम* अथवा भैरवाग्नि यज्ञका वेला *राहु नकेगु* [नेपालीमा *राहु खुवाउने*] विधानका वेला पूजारी *भैल:* आचा: ले [सं.*भैरवाचार्य*] संकल्प गरेर छुट्याएको भाग केही पोडेले नै ग्रहण गर्दछन् । केही राजोपाध्याय ब्राम्हण यहाँ पोडेलाई साक्षात् भैरवका मनुष्यरूप मान्दछन् । पूजारी *भैल:आचा चाहिँ* [*तिनि* भनिने शिवाचार्य समेत गरी] *ज्यापू* भनिने वर्गमा राखिएका पाइन्छन् । प्राय: सबैजसो पीठ मातृका र मसान भैरवका पूजारी पाइने यो पूजारी वर्ग संभवत: नेपालखाल्डोका आद्य प्रोहितवर्ग हो । यस भैरवनाथ मन्दिरमा *छीपा* [भनिने रञ्जित उपाधिधारी समूह] लगायत अरू ५ जातको भने के भूमिका हो स्पष्ट छैन ।

यसरी हामीले भक्तपुरको त:मान्हिस्थित श्री भैरवनाथ मन्दिरको निर्माणवारे एउटा प्रमाण प्रस्तुत गर्‍यौं । यो समकालीन आभिलेखिक प्रमाण अवश्य होइन । तर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बिन्तिपत्र भएको झूठो विवरणयुक्त हुने संभावना निकै कम छ । यसको विश्वसनीयता वढ्ता नै छ । यस पत्रका आधारमा मलेपती परिवारका जीवराजले आफ्नो कुलदेवता विराजमान हुने १ तल्ले मन्दिरका रूपमा ने.सं. ६६७ मा सो भैरवनाथको मन्दिरको निर्माण गराएका थिए भन्न सकिन्छ । ने.सं. ८३७-८३८ सम्म आइपुग्दा यी भैरवको प्रसिद्धी देशव्यापी भईसकेको थियो । त्यसैले भूपतीन्द्र मल्लले यो नितान्त पारिवारीक मन्दिर झण्डै हडपे झैं गरेर ३ तल्ला थपी शिलापत्र समेत टाँसेर आफ्नो कृति तुल्याई दिए । विक्रम संवत् १९६६ सम्म आइपुग्दा चाहिँ मन्दिरको जीर्णोद्धार गर्ने दायित्व बोकेको निजी गुठी समेत सरकारीकरण गर्ने निर्णय भैसकेको देखिन्छ । विक्रम संवत् १९८५ मा बीस वर्षको मुद्दा खेपेर आफ्ना निराश बाबु भोलानाथ गुमाएका ईन्द्रमानसीं मलेपतीले सायद मुद्दा हार्दै गएपछि आशाको अन्तिम त्यान्द्रोजस्तो यो बिन्तिपत्र लेखे । मुद्दा कसरी टुङ्गो लाग्यो यसै भन्न सकिएन तर वर्तमानको रीतिथिति हेर्दा भने यस बिन्तिपत्रको कुनै सुनुवाइ भएको थियो जस्तो देखिँदैन । अहिले यो मन्दिरको जीर्णोद्धार सम्वन्धी सबै गुठी सरकारी लगतमा दरीएका छन् ।




बिन्तिपत्रम्



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

[illegible]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

[illegible]

[illegible]

[illegible]

इति सम्वत १८८१ साल [illegible]



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# गुण्डुको रामभक्तेश्वर मन्दिरको अभिलेख

✍ पुरुषोत्तमलोचन श्रेष्ठ *

## स्थानप्रवेश

भक्तपुर नगरदेखि अन्दाजी ६ कि.मि. टाढा दक्षिणमा पर्ने एउटा ग्रामबस्ती गुण्डु पनि हो । यस गाउँको पूर्वमा विमलेश्वर (डोलेश्वर) महादेव, पश्चिममा सुवर्णेश्वर महादेव, उत्तरमा श्मशानेश्वर महादेव र दक्षिणमा अनन्तलिङ्गेश्वर महादेव मन्दिर छन् । खासगरी उत्तरप्राचीनकालदेखि निकै प्रसिद्ध रहँदै आएको अनन्तलिङ्गेश्वरको काखमा अवस्थित यो रमणीय गाउँबस्ती विशेषगरी यसको उत्तर पूर्व र दक्षिणतर्फका वन तथा दुईवटा खोलाका माझमा (उत्तरमा बूढी गण्डकी र दक्षिणमा महादेवखोला) बसेको र ती खोलाका जलले सिञ्चित भएर भौगोलिक रूपमा त्यसरी डोलबस्ती भएका कारण *गुण्डु* नाम लौकिकजीवनमा पूर्वकालदेखि नै चलेर आएको ज्ञात हुन्छ । *गुण्डु* संस्कृतेत्तर भाषाको शब्द हो ।[1] उत्तरप्राचीनकालका एक प्रसिद्ध राजा वसन्तदेवको एक अभिलेखमा वर्णित गुडन्दुल्[2] ले यहाँनिर गुण्डुको पूर्व रूपलाई एकातिर झल्झली संझाईरहेको छ भने अर्कोतिर अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको अभिलेखमा वर्णित भए बमोजिम अहिलेको अनन्तलिङ्गेश्वरभेकमा आजभन्दा झण्डै एक हजार चारसय वर्ष अघि शहरी बस्तीको

---

१. नेपालभाषामा *गुं* ले वन भन्ने बुझिन्छ । त्यसैगरी लिच्छविकालका उल्लेखमा उल्लेखित दुल्/दुलं कै नेपाली रूप *डोल* हो भन्ने देखिन्छ । ऐतिहासिक-भूगोलका दृष्टिले डोलबस्तीको एउटा प्राचीन उदाहरण भक्तपुर तालाक्व (कुमारीटोल) टोलको लिच्छवि राजा शिवदेवको समयतिरको शिलालेखमा उल्लेखित *माखोदुलुं*... (धनवज्र वज्राचार्य- लिच्छविकालका अभिलेख, काठमाण्डौं, नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं. २०५३, पृष्ठ २३१) का प्रसङ्गमा पनि मिल्छ ।

२. वज्राचार्य, वि.सं. २०५३, पृष्ठ ११२

---

*सहप्राध्यापक: त्रि.वि.वि., भक्तपुर वहुमुखी क्याम्पस ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रूपमा विकसित हंसगृहद्रङ्ग[३] नामक घना बस्ती भित्रकै एक भाग सो *गुडन्दुल्* थियो भन्ने आभास पनि । यसरी प्राचीन इतिहास र पुरातत्त्वका दृष्टिले महत्त्वपूर्ण देखिन आएको तथ्य यस गुण्डु गाउँले दिएको छ । आज पनि उत्तरप्राचीनकालतिरका केही शिवलिङ्ग, गणेश एवं ढुङ्गेधारा आदि यस क्षेत्रमा यत्रतत्र देखापर्छन् । यतावाट पनि उक्त कुराको पुष्टि हुनुका साथै पूर्वकालदेखि नै यो ग्रामबस्ती शैव धर्मको प्रचार-प्रसारको एक महत्त्वपूर्ण तीर्थस्थलकै रूपमा रहँदै आएको कुराको पनि चाल पाइन्छ । यसरी शैव धार्मिक प्रवाह यहाँ पछिसम्म लोकप्रिय रहँदै आयो । यस कुराको एउटा उत्कृष्ट उदाहरण यसै गाउँको वडा नं. ५ स्थित मूलबाटोको उत्तर किनारमा अवस्थित *रामभक्तेश्वर* नामले प्रसिद्ध दक्षिणाभिमुख गुम्बजशैलीको शिवमन्दिर ( चित्र संख्या १ ) को पनि हो ।

चित्र संख्या १ : रामभक्तेश्वर मन्दिर, गुण्डु गा.वि.स., वडा नं ५

---

३. उही, पृष्ठ ४८५



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

## रामभक्तेश्वरको अभिलेख[४] (चित्र संख्या २ )



चित्र संख्या २: रामभक्तेश्वर मन्दिरभित्रको पूर्वपट्टिको भित्तामा रहेको रामरेषादेवीको शकसंवत् १७५४ वि.सं. १८८९ को शिलालेख

रामभक्तेश्वर मन्दिरभित्र भित्तामा एउटा शिलालेख छ। त्यसमा शकसंवत् १७५४ दिइएको छ। मूलपाठ यस्तो छ -

ॐ शिव रामभक्तेश्व(र)

१. स्वस्ति गणयनमः ॥ श्री महादेवायनमः ॥ शङ्करस्य चरितम् कथा

२. मृतं चन्द्रषेखागुणानुकीर्तनम् ॥ नीलकण्ठच ते पादशेवन मूत्तं

३. भवतु मम जन्म जन्म सु ॥ : ॥ स्वस्ति श्रीसाके १७५४ माघशुक्ल

४. सोमवासरे पंचम्या पुण्य तिथौ मुदगल्य गोत्रोत्पन्नस्य रामाजित काकि

५. कस्य विवाहिता भार्याया रामरेषा देव्या(यां) तस्य जेष्टपुत्र जगति रा

४. यस अभिलेखका पाठ मेरा मित्र विनोदराज शर्मासित मिली पढिएको हो। स्थलगत अन्वेषणमा पनि उहाँले अमूल्य सहयोग गर्नुभएको छ। यसको निमित्त म उहाँप्रति आभारी छु।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६. ज ककि सहित मम रामरेषा देव्यायां--- लोकप्राप्ति काम
७. नार्थ ---- प्रीतय तपसिल बमोजिम षेत रोपनी २५॥
८. संकल्प गरि चढाजु येस जग्गा हाम्रा संतानले लोभा
९. नि पापानि नगर्नु षतको र कामको तपसिल

तपसिल

भादगाउका अम्वलध्ये -
सोलाहिटी रोपनी -७ लुकुषा रोपनी -४
वलाको रोपनी - ९॥ वलाको रोपनी - ५
यष कामको नित्य नैतित्य पूजा षतं मोसा परूदि सिवरात्रिका पूजा
वषवन्धनको पूजा गनाके ८॥-७ पूजाहारिके जागिर रोपनी -७
वष वष दीनमा देवालय पाटि हिटिमा हेचाहा गन्या कालिगढके रोपनि -२
देवालय पाटी हिटि धर्म्मसाला वगदावनाउताके षत निमि
प्र ९८ भीगटि काठ चुन षरिद गर्नाक
जगेरा उधाको
रोपनी -९॥

## व्याख्या

मौदगल्य गोत्रका रामाजित कार्कीका विवाहिता पत्नी रामरेषादेवीले आफ्ना जेष्ठ पुत्र जगतिराज कार्कीसहित शिवलोक प्राप्तिको कामनार्थ महादेवलाई प्रसन्न पार्न शकसंवत् १७५४, वि.सं. १८८९ मा २५ रोपनी ८ आना जग्गा चढाएका रहेछन्; त्यसवाट उठ्ने आयस्ताबाट महादेवको नित्य नैमित्तिक पूजा पर्व आदि चलाउनुपर्ने, देवालय, पाटी, धारा, धर्मशाला आदिको हेरचाह गर्नुपर्ने व्यवस्था गरी यो अभिलेख राख्न लगाएका रहेछन् भन्ने कुरा थाहा पाइन्छ । यताबाट जनहीत र लोकोपकार हुने कार्य गर्नमा नारीवर्ग पनि पछि परेको थिएन भन्ने कुराको एउटा उत्कृष्ट उदाहरण रामरेषादेवीका प्रसङ्गमा यस अभिलेखले पनि दर्शाएको छ ।

अघिदेखि नै यहाँ शिवमन्दिर थियो; पाटी, धारा तथा धर्मशाला पनि थिए; रामरेषादेवीहरूले जग्गा चढाई तिनका हेरचाहका लागि उचित व्यवस्था मिलाईसकेपछि चाहिँ सो शिवमन्दिर उनीहरूकै नामले त्यसपछि *रामभक्तेश्वर* लौकिकजीवनमा चलेर आएको कुरा दृष्टिगोचर हुन्छ ।

रामभक्तेश्वर मन्दिरको सामुन्ने दुईवटा पाटीका भग्न अवशेष, ढुङ्गेधारा (तीनधारे) तथा सोही धाराको बायाँपट्टि धर्मशाला (सत्तल) का अवशेष हाल पनि देखापर्दछ । स्थानीय


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जनजीवनमा तीनधारे नामले प्रसिद्ध ढुङ्गेधारा (चित्र संख्या ३) पहिले पुरिएको अवस्थामा थियो,[५] हाल जीर्णोद्धार भईसकेको छ। सो ढुङ्गेधाराको बीचको मकर आकृतिले उक्त टुटो (हिटीमंग) केही प्राचीन देखिन्छ र त्यसको शैली अनन्तलिङ्गेश्वर मन्दिर परिसरमा मिल्किएर रहेको उत्तरप्राचीनकालीन टुटोसित मेल खान्छ। केही समय अघि रूख ढलेर त्यसले सो ढुङ्गेधाराको बायाँपट्टिको टुटोलाई पनि किचेर ठनक्कै ढालेपछि[६] चाहिँ सो ढुङ्गेधारा अब तीनधारेबाट दुई धारे देखिन पुगेको छ। त्यसैगरी सो ढुङ्गेधाराको बायाँपट्टि पहिले दुईतले सत्तल (धर्मशाला) थियो,[७] अहिले पाताल भएर त्यसको अवशेष मात्र बाँकी छ।



चित्र संख्या ३ : तीन धारे नामले प्रसिद्ध यस ढुङ्गेधाराको बायाँपट्टिको टुटो टुटेपछि अहिले दुई धारे देखिनपुगेको छ। तीनवटै धाराका मुनि जलसित सम्बद्ध पोटेदेवता वा भगीरथ आ-आफ्ना मूलस्थानमा उभिएकै छन्। प्रस्तुत चित्रमा सो ढलेको टुटो त्यस धाराको दायाँपट्टि माथि लम्पसार अवस्थामा देखापर्छ।

देवालय, धारा पाटी, पौवा, सत्तल आदि पनि नेपाली धार्मिक सांस्कृतिक जीवनका अभिन्न अंग हुन्। यसर्थ रामभक्तेश्वर मन्दिरकै पाटी, धर्मशाला वा सत्तल ढल्नु वा

---

५. गुण्डु, वडा नं ५ निवासी लोक बहादुर कार्की तथा उदय बहादुर कार्कीबाट प्राप्त जानकारीका आधारमा।

६. लोक बहादुर कार्की तथा उदय बहादुर कार्कीबाट प्राप्त जानकारीका आधारमा।

७. लोक बहादुर कार्कीबाट प्राप्त जानकारीका आधारमा।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विलुप्त हुनु भनेको पनि यससित त्यसरी पूर्वकालदेखि गाँसिएर आएका धर्म/संस्कृति पनि एक-एक गरी ढल्नु जतिकै हो भन्ने कुरा बुझ्नु पर्छ। धर्म संस्कृतिको रक्षार्थ जनहित र लोकोपकारको भावनाले ओतप्रोत भएका रामरेषादेवी र तिनका सुपुत्र जगतिराज कार्कीजस्ता पुण्यात्माहरू अहिले पनि हाम्रो समाजमा नभएका होइनन्। तर यस्तो प्रतीत हुन्छ ती जीर्ण र जर्जर कलाकृतिले उनीहरूको ध्यान अहिलेसम्म पनि आकृष्ट गर्न सकेको छैन। हामी *हाम्रो देश सांस्कृतिले सम्पदाले समृद्ध* छ भनी आदर्श बोलि फलाक्छौं तर यस्ता जीर्ण र जर्जर कलाकृतिले व्यवहारमा जिस्क्याइरहेको आभास पनि हुन्छ। अत: आदर्श र व्यवहारलाई संगै लिएर सन्तुलित ढङ्गले चल्न सक्ने रामरेषादेवीहरूले सन्देश दिए अनुसारको सत्मार्गमा लागेर *लोभानि पापानि*लाई मन मष्तिष्कबाट शुद्ध मनले त्यागि यस्ता शिलालेख अनुसार मात्र चल्ने हो भने पनि ढलिसकेका हाम्रा धर्म/संस्कृति राष्ट्रिय धरोहरका रूपमा फेरि उठ्ने छन्। यसमा कुनै सन्देह छैन।


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# संभोट लिपी : परिचय तथा विकासक्रम

✍ पुण्यप्रसाद पराजुली *

**विषय प्रवेश:**

भाषालाई व्यक्त गर्ने सशक्त माध्यम लिपि हो। मिश्र, चीन तथा भारतवर्षमा विभिन्न किसिमले लिपिहरूको विकास हुँदै आज प्रचलित लिपिहरूको अस्तित्व कायम रहेको छ। नेपालमा पनि देवनागरी, प्रचलित नेवारी, संभोट आदि लिपिहरूको माध्यमबाट भाषाको प्रशारण भईरहेको छ। सर्व प्रचलित देवनागरी लिपिबाटै अधिकांश नेपालका राष्ट्रिय भाषाहरूलाई अभिव्यक्त गर्ने प्रचलन बढ्दै गएको पाइन्छ। नेपाल लगायत हिमालीक्षेत्रको अधिकांश भागमा प्रचलित लिपि चाहिँ थोन्मी संभोट नामक तिव्वती विद्वान्ले इशाको सातौं शताब्दीमा विकास गरेको संभोट लिपि हो। यही लिपिमा लेखिएका बौद्ध ग्रन्थहरू पश्चिममा भारतको लद्धाखदेखि पूर्वमा भारतकै अरुणाचल प्रदेशसम्मको सम्पूर्ण भू-भागमा प्रचलित छ। उत्तरमा मंगोलिया, रुसको वुरियात प्रान्त लगायतका चीनको ठूलो भागमा समेत संभोट लिपिको व्यापक प्रयोग गरिन्छ। नेपालको हिमाली तथा पहाडी क्षेत्र; भारतको लद्धाख, किन्नौर, लाहुल, दार्जिलिङ, सिक्किम; भूटान; चीनको स्वशासित क्षेत्र तिब्वत, चीनहाङ, सिचुवान आदि क्षेत्र; मंगोलिया; रुसको वुरियात आदि क्षेत्रका सम्पूर्ण बौद्धग्रन्थ यही लिपिमै पाइन्छन। १०८ ठेलीमा रहेका वुद्धवचन अनुवाद (काग्युर) र २२६ ठेली बौद्धशास्त्र अनुवाद (तेन्ग्युर) विश्वका विभिन्न पुस्तकालयमा समेत पुगिसकेकाले यो लिपिको ज्ञान हुनु आवश्यक छ। अझ नेपालको हकमा त श्री ५ को सरकार पुरातत्त्व विभाग अन्तर्गतको राष्ट्रिय अभिलेखालयमा हजारौंको संख्यामा रहेका हस्तलिखित र छापा ग्रन्थहरू लिपि ज्ञानको कमीले गर्दा धेरै उपयोगमा आउन सकेका छैनन्। नेपाल-जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजनाद्वारा खिचिएको माइक्रोफिल्म पनि लाखौंको संख्यामा यहीं रहेकाले संभोट लिपिको ज्ञान हुनु अति आवश्यक छ। तसर्थ

*उपप्राध्यापक: बौद्ध अध्ययन केन्द्रीय विभाग, त्रि.वि.वि.।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो अथाह सागरमा डुवुल्की मार्न विद्वान्हरूलाई सजिलो होस् भन्नको लागि यो छोटो लेखमा संभोट लिपिको चर्चा गरिएको छ ।

## बौद्ध धर्ममा लिपिको स्थान

इ.पू. ५६३ मा नेपालको लुम्बिनी उद्यानमा जन्मनु भएका भगवान शाक्यमुनि बुद्धको जीवनी रहेको ललितविस्तर नामक संस्कृत भाषाको ग्रन्थमा वुद्धले ६४ वटा लिपिहरूको अध्ययन गर्नुभएको थियो । त्यसमा ब्राह्मी, खरोष्ठी, मगध, चीन जस्ता लिपिहरूको नाम उल्लेख गरिएको छ ।[1] सम्राट अशोकका लुम्विनी आदि स्थानका शिलालेख ब्राह्मी, लिपिमा लेखिएका छन् । समयको प्रवाहसंगै आज बौद्ध धर्मका त्रिपिटक ग्रन्थहरू स्थानीय लिपिमै लेखिने गरेको पाइन्छ । उदाहरणको रूपमा म्यानमारमा सुरक्षित पाली भाषाका त्रिपिटक ग्रन्थ वर्मेली लिपिमै लेखिएकाले शुरूमा अनिवार्य रूपमा लिपि पढेर मात्र पाली भाषाको अध्ययन मार्फत् बौद्ध दर्शन अध्ययन गरिन्छ ।

नेपालमा भने भुजिमोल, पाचुमोल, रञ्जना, प्रचलित नेवारी, मिथिला आदि लिपिमा संस्कृत, अपभ्रंश र प्राकृत भाषामा लेखिएका वौद्ध ग्रन्थहरू लाखौंको संख्यामा उपलव्ध छन् । नेपालमा बौद्ध धर्म र दर्शनको अध्ययनका मूल तगाराहरूमध्ये लिपिको अल्प ज्ञान पनि एक हो ।

त्यस्तै संभोट लिपिमा रहेका प्राचीन बौद्ध ग्रन्थहरूमा पनि काठमाडौं उपत्यकामा प्रचलित रञ्जना र वार्तुलमध्ये एउटा लिपि अनिवार्य रूपमा हुनै पर्छ जसले उक्त पवित्र ग्रन्थको ऐतिहासिकतालाई प्रमाणित गर्छ । बुद्धका वचनहरूको अनुवाद (काग्यु र) ग्रन्थमालाको हरेक ग्रन्थको शुरूमा दुई भाषाका दुई लिपिहरूको शीर्षक अनिवार्य रूपमा राखिएको पाइन्छ । दृष्टान्तको लागि पहिलो हरफ विशुद्ध रञ्जना वा वार्तुल लिपिमा संस्कृत भाषामा लेखिएको हुनुपर्छ । दोस्रो हरफमा संस्कृत भाषाको संभोट लिपिमा लेखिएको हुन्छ भने तेस्रो हरफमा तिव्वती भाषा संभोट लिपिमा लेखिएको हुन्छ ।



यसरी हिमाली क्षेत्रमा रञ्जना (रञ्ज > लञ्च > लेन्चा) र वार्तु लिपिको पनि अनिवार्य रूपमा ज्ञान हुनै पर्छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

## तिब्वतमा लिपि विकास

सम्राट स्रङचेन गम्पो (सन् ६१७-६५०) को पालामा नेपाली राजकुमारी भृकुटी र चिनीया राजकुमारी कोङ्जो मार्फत् बौद्ध धर्म तिब्वतमा औपचारिक रूपमा प्रवेश गरेको मानिन्छ । स्रङचेन गम्पोको जीवनीमा आधारित 'माणिकावुम' नामक ग्रन्थमा उल्लेख भए अनुसार अनु नामक थोन् भन्ने स्थानका मान्छेलाई भारत वर्षमा लिपिको अध्ययन गर्न पठाइयो । भारतीय आचार्यहरूले उनको प्रतिभाबाट प्रभावित भएर संभोट भन्ने नाम दिए । त्यस पछि उनलाई थोन्मी संभोट भन्न थालियो र आजसम्म पनि हिमाली क्षेत्रमा प्रचलित लिपिका जनक यी विद्वान्लाई थोन्मी संभोटकै नामले चिनिन्छ । कुनै ठाँउमा थुमी संभोट पनि लेखिएको पाइन्छ । हाल सर्वाधिक प्रचलनमा रहेको संभोट लिपिको शुरूवात लगभग तेन्हसय वर्ष पहिले भारतवर्षमा प्रचलित लिपिबाटै भएको हो ।

वौद्ध धर्म प्रवेश गर्नु भन्दा पहिले हिमाली क्षेत्रमा 'वोन' नामक धर्म प्रचलित थियो । पश्चिमी तिव्वतको शाङ्शुङ् (कैलाश क्षेत्र) बाट तिव्वत तथा हिमाली क्षेत्रका अन्य भागमा यो धर्म फैलिएको मानिन्छ । बोन धर्मको इतिहास अनुसार मध्य एसियाको ताजिक अर्थात् ताजिकिस्तान नै वोन धर्मको उद्गम स्थल मानिन्छ जहाँबाट कैलाश क्षेत्रमा त्यो धर्म प्रवेश गऱ्यो ।[२] वोन धर्ममा पनि लिखित ग्रन्थहरू पाइने भएकोले लिपि त पक्कै थियो भन्ने वोन इतिहासकारहरूको मत छ ।

मध्य एशीयामा प्रचलित पुन्जलिपि (पुङ यिग) मा आधारित भएर शाङशुङ (कैलाश क्षेत्र) मा मेनडाग लिपिको विकास भयो । यही मेन्डाग लिपिबाटै पछि हाल प्रचलित उचेन (डिको भएका) र उमे (डिको नभएका) अर्थात् डुमार अक्षरहरूको शुरूवात भएको हो ।[३] तर यो मेन्डाग लिपिको पूर्ण स्वरूप आजसम्म उपलब्ध छैन भने वोन धर्मका ग्रन्थहरू उमे जस्तै खाले लिपिमा लेखिएका पाइन्छन ।

राजा स्रङचेन गम्पोभन्दा पहिलेका अक्षरहरूको विषयमा किटानका साथ भन्न नसकिने भएकाले उनको पालामा नै हालका तिब्वती अक्षरहरू बनेको मानेमा दोष नलाग्ला । स्रङ चेनका मन्त्री थोन्मी संभोटले प्रारूप तयार पारेको लिपि भएकाले संभोट लिपि भनिन्छ ।

## थोन्मी संभोटको जीवनी

तिब्वतका प्रथम विद्वान् थोन्मी संभोटको जन्म मिति नपाइए पनि स्रङ चेन गम्पोका मंत्री भएकाले इशाको सातौं शताब्दीका व्यक्ति हुन् । सन् ६४० तिर सम्राट स्रङ चेनले भृकुटीसंग विवाह गरेका हुनाले त्यसपछि मात्र थोन्मी भारत आएका हुनाले सातौं शताब्दीको उत्तरार्द्धमा उनले लिपिको विकास र प्रयोग गरेका हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माणि कावुम ग्रन्थ अनुसार सम्राट स्रङ्चेन गम्पोले भोटमा बौद्ध धर्म फैलाउनको लागि मेघावी व्यक्ति अनुपुत्र थोन्मीलाई १६ जना सेवकहरू सहित भारत पठाए। भारतमा उनले देवविद्या सिंह नामक पण्डितसंग बौद्ध धर्म र लिपिको अध्ययन गरे। साथै छन्दशास्त्र, काव्यशास्त्र, नामकोश आदि अध्ययन गरेर भोटमा फर्किए।[४]

भोटमा फर्के पछि भारतवर्षका ५० व्यञ्जनबाट ३० वटा व्यञ्जन अक्षर बनाए जसमा चतुर्थवर्ग (महाप्राणका ध, झ, ढ, घ, भ) तथा ट वर्गका वर्ण छाडे। भारतवर्षमा नभएका च़, छ़, ज़, स्ह, श्ह, ह अक्षर थपेर तीस व्यञ्जन तिव्वतमा चलाए (परिशिष्ट हेर्नु होला)। त्यस्तै स्वर वर्णमा इ (घिघु), उ(श्याव्कु) ए(डेङवु) र ओ(नारो) मात्र राखियो। यसरी थोन्मी संभोटको ३४ वर्ण भएको संभोट लिपिको विकास गरे। साथै आठ अध्यायको भएको संभोट व्याकरण ग्रन्थ लेखे।

लिपि विकास पछि सम्राटले चार वर्षसम्म ल्हासाको लौह पर्वत (चाग्पोरि) मा बसेर लिपि र व्याकरणको अध्ययन र अभ्यास गरे।[५] यस बीचमा थोन्मीलाई गृहमन्त्रीको दायित्व दिइएको थियो। यसरी थोन्मी संभोट लिपिका प्रणेता र सम्राट स्रङ्चेन प्रथम शिष्य भए।

संभोट लिपिमा सम्राट पारङ्गत भइसके पछि आर्य अवलोकितेश्वरसंग सम्वन्धित २१ ग्रन्थहरू तिव्वती भाषामा अनुवाद गरे जसमध्ये केही माणि कावुममा संग्रहित छन्। थोन्मी संभोट आफैंले भारतीय आचार्य कुसरसंग मिलेर अनुवाद गरेका थिए। यस बेला नेपाली रानी भृकुटी दायिका बनेकी चिइन्न। त्यस बेलामा नेपाली आचार्य शीलमञ्जुले पनि संस्कृत भाषाबाट ग्रन्थहरू अनुवाद गर्न सहयोग गरेका थिए।

थोन्मी संभोटले भारतका विद्वान् लिपिकार देवविद्यासिंहसंग सात वर्षसम्म गहन अध्ययन गरेका थिए। त्यसबेलामा भारतमा प्रचलित ऐन्द्र, पाणिनी, आपिशलि, पातंजल महाभाष्य, मनुजैनेन्द्र, शाकटायंण, समन्त भद्र र सारस्वत जस्ता आठ महाशब्द शास्त्रको आधारमा संभोट व्याकरण लेखे। यसंका दुई अध्याय त्रिंशिका र लिङ्गावतारमात्र हाल उपलब्ध भएकाले तिव्वती विद्वान्हरूले सयौं भाष्य ग्रन्थहरू यी दुई अध्यायलाई व्याख्या गरेर लेखेका छन्।

यसरी थोन्मी संभोट तिव्वती भाषाको व्याकरणाचार्य तथा लिपिकार हुन्। उनी नै संस्कृत भाषाबाट तिव्वती भाषामा बौद्ध ग्रन्थ अनुवाद गर्ने प्रथम अनुवादक (लोकचक्षुपाद = लोचावा) हुन्। उनले शुरू गरेको अनुवाद कार्यलाई वैरोचन, कावा पाल्चेग, मार्पा, डोग्मी, रिन्छेन साङपो आदि लोचावा (अनुवादकलाई प्रयोग गरिने लोकचक्षुपादको संक्षिप्त तिव्वतीकृत रूप) हरूले अगाडि वढाए र हिमाली क्षेत्रको बौद्ध वाङ्मयलाई अति समृद्धशाली वनाए।


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

## हिमाली क्षेत्रमा प्रचलित लिपि

बौद्ध धर्मको अलावा इतिहास, ज्योतिष, व्याकरण, चिकित्सा, वास्तुविद्या, तर्कशास्त्र, काव्य आदि विद्या स्थानहरूमा प्रयुक्त लिपि संभोट लिपि हो । संस्कृतबाट अनुदित सम्पूर्ण ग्रन्थ छापा अक्षरमै उपलव्ध छन् जसलाई तिव्वती भाषामा उचेन भनिन्छ । तिव्वती भाषा उ (दबु) भनेको शिर हो भने चेन (च्न्) भनेको युक्त हो । शिरले युक्त अक्षर भन्नाले डिको भएका अक्षर भन्ने वुझ्नु पर्छ । शास्त्रीय ग्रन्थहरूमा यस्तै अक्षर हुन्छन (परिशिष्टमा उपलव्ध अक्षर तालिकाको पहिलो पङ्तिका अक्षरहरू उचेन लिपिका हुन् ।) आचार्य चोखंपा (सन् १३५७-१४१९) को पालादेखि काठ खोपेर पुस्तक छाप्ने काम अत्यधिक मात्रामा बढेकाले यी अक्षरको रूपमा तात्त्विक भेद आएको छैन । हाल कम्प्युटरमा पनि यस्तै खाले अक्षरहरू प्रचलनमा छन् । यिनीहरूलाई रोमन लिपिका Capital Letter भन्न सकिन्छ । यो लिपिमा भएका ग्रन्थ लिएर तिब्वतका हरेक कुना पुगे पनि सबैले सजिलै पढ्न सक्छन । नेपालका तामाङ, गुरुङ, थकाली जातका लामा गुरुहरूले पनि पुरोहित हुने क्रममा यो लिपि अनिवार्य रूपमा जान्नु पर्छ । तसर्थ हिमाली भेगका हरेक साक्षर व्यक्तिले जान्ने अक्षर यिनै हुन् । भित्ता र माने पर्खालमा कुँदिएका 'ॐ मणि पद्मे हुँ' यही लिपिमा छन् । तसर्थ सम्पूर्ण छापाका तिव्वती पुस्तकहरू यही लिपिमा नै पाइन्छन् ।

हस्तलिखित ग्रन्थहरूमा प्राय: 'उमे' (दवु मेद) अक्षरहरू प्रयोग गरिन्छ । अर्को शव्दमा भन्ने हो भने डिको नभएका अक्षरहरू नै हस्तलिखित ग्रन्थहरूमा पाइन्छन् । परिशिष्टको दोस्रो र तेस्रो पङ्क्तीका अक्षरहरू उमे (डिको) नभएका हुन् । व्यक्ति पिच्छे हातैले लेखिने हुँदा व्यक्ति र ठाउँ पिच्छे अक्षरको आकृतिमा केही फरक पर्नु स्वभाविक हो । तिव्वतको पूर्वी भेग खाममा यस्ता अक्षरहरू अत्यधिक मात्रामा लेखिने भएकोले यी अक्षरहरूलाई खामहिग (खामका अक्षर) पनि भनिन्छ ।

अक्षरको शिर, मध्य भाग र पुच्छरमा हुने भिन्नताले गर्दा उमे भित्र पनि पेछुग, डुछा, छुग रिङ, छुगथुङ, छुग्छुङ, छुगमाख्युग्, सुग रिङ जस्ता भेदहरू पाइन्छन् । यी मध्ये डुछा र सुगरिङ अक्षरहरू परिशिष्टको दोस्रो र तेस्रो पङ्तीमा दिइएको छ । भुटानमा प्रचलित लिपि डुछासंग सम्बन्धित छ । राष्ट्रिय अभिलेखालय भित्र रहेका धेरै हस्तलिखित ग्रन्थहरू यिनै वर्गमा पर्छन् ।

उमे अक्षर लेख्दा अक्षरहरू जोडेर लेख्ने चलन छ जसलाई कुङहिग (स्कुङ यिग) भनिन्छ । यो अंग्रेजीको short hand विधि जस्तै हो । धेरै मानिसहरू यस्ता अक्षरहरू पढ्ने कुरामा अलमलिने भएकाले कहिलेकाहीँ गलत अर्थ पनि लागेको पाइन्छ । उदाहरणको लागि सिक्किम भएर बग्ने नदी टिस्टालाई लिन सकिन्छ । तिव्वती भाषामा यसलाई 'टाशीड्राग' भनिन्छ । जोडेर लेख्दा टाशीबाट टिस मात्र हुन्छ जसले गर्दा 'मङ्गल चट्टान'

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भन्ने अर्थ नै लोप भयो । हस्तलिखित ग्रन्थ पढ्नको लागि यस्ता संकेत लिपि सहितको उमे अक्षर राम्रोसंग जान्नै पर्छ । हालका वोन धर्मको लिपि पनि यही लिपिसंग मिल्दोजुल्दो छ ।

हाल व्यवहारमा प्रचलित तेस्रो थरी अक्षर ख्युग् हिग हुन् जसलाई परिशिष्टको चौथो पङ्क्तिमा देखाइएको छ । पत्राचार गर्दा, विद्यालयका विद्यार्थीले टिपोट टिप्दा, सन्धि गर्दा यस्ता अक्षर प्रयोग गरिन्छ । छिटो लेख्दा यही लिपिकै प्रयोग गरिन्छ । राष्ट्रिय अभिलेखालयका केही ग्रन्थहरू तथा लेखोटहरू यस लिपिमा छन् ।

## संभोट लिपिको मातृलिपि विषयमा मतभेद

थोन्मी संभोटले सातौं शताव्दीमा प्रारूप तयार पारेका संभोट लिपिको मातृ लिपि विषयमा तिब्बती विद्वान्हरूका विभिन्न मत छन् । माणिकावुम ग्रन्थमा थोन्मीले 'नागर' लिपिवाट उचेन र भद्रुल लिपिबाट 'उमे' अक्षर बनाए भनिएको छ ।[६] त्यस्तै सितु धर्माकर (सन् १७००-१७७४) नामक महान् भाषाशास्त्रीले मूल लिपि नागरबाट संभोट लिपि बन्यो भनेका छन् ।[७] प्रसिद्ध इतिहासकार वुस्तोन (सन् १२९०-१३६४)ले काश्मीरी लिपिलाई संभोट लिपिको आधार मानेका छन् ।

पाँचौ दलाइ लामा ङावाङ लोसाङग्याछो (सन् १६१७-१६८२) ले 'रञ्जना' लिपिबाट 'उचेन' अक्षर बनाइयो भने 'वार्तुल' वाट 'उमे' अक्षर बनाइयो भनेका छन् । उनले तिव्वतको शालु, डोर आदि गुम्बामा रहेका पुस्तकहरूको आधारमा यस्तो लेखेका हुन सक्छन् । तर इशाको एघारौं शताव्दी पछि देखापरेका यी अक्षरहरू संभोट लिपिका मातृ लिपि हुने संभावना छैन ।

बीसौं शताव्दीका वहुमुखी प्रतिभा गेन्धुन छोफेल (सन् १९०५-१९५१) अनुसार थोन्मी पालामा भारतमा प्रचलित गुप्ता लिपि नै संभोट लिपिको मातृ लिपि हो । शुरूको उचेन लिपि नै द्रूतगतिमा लेख्दै जाँदा 'उमे' बन्न पुग्यो । त्यसलाई अझ छिटो लेख्दा ख्युग अक्षर भएका हुन सक्छन् जसलाई परिशिष्टमा उपलव्ध तिव्वती लिपि तालिकाले पनि पुष्टि गर्न सक्छ ।

घेव्थेर कार्पो (श्वेत वृत्तान्त) पुस्तक तथा प्राचीन तथा वर्तमान लिपि वर्णन नामक लेखमा छोफेलले विस्तारमा आफ्नो सिद्धान्त प्रतिपादन गर्न खोजेका छन् । आफ्नो भनाइलाई पुष्टि गर्न उनले लखनउ शहरको सूर्यवर्मन राजाको शिलालेखको प्रसङ्गलाई लिएका छन् । उनलें त्यो शिलालेखनका आधा जति अक्षरहरू सरसर्ती पढेको देख्दा त्यहाँ उपस्थित भारतीय विद्वान् छक्क परेर हाँसे ।[९] उनको भनाइमा कुनै पनि भारतीय लिपि नपढेका तिव्वतीहरूले गुप्तकालका भारतका शिलालेख पढ्न सक्छ । उनी अझ भन्छन् कि



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुप्तकालका अक्षरहरू तिब्वती लेख्ने सिकारुले लेखेका अक्षर जस्ता छन । यसबाट के देखिन्छ भने गुप्तकालीन नागरी लिपि नै हालको तिब्वतमा प्रचालित संभोट लिपिको मातृ लिपि हो । ॐ मणि पद्मे हूँ कुदिएका अक्षरमध्ये आधा जति नेपाली पढेको मान्छेले पढ्न सक्नुले पनि कुरा पुष्टि गर्छ ।

## पादटिप्पणी

१. ललितविस्तार, पृ. २५१

२. The Sacred Life of Tibet पृ. ५९

३. थोन्मी संभोट जीवनी पृ. ३९

४. माणि कावुम पृ. १८९ (उत्तर खण्ड)

५. तिब्वतको इतिहास पृ. ३२

६. माणि कावुम पृ. २६४ (उत्तर खण्ड)

७. सितु सुम्ताग पृ. ५

८. थोन्मी संभोट जीवनी पृ. ६१

९. प्राचीन तथा वर्तमान लिपि वर्णन पृ. २५६

## सन्दर्भ सामग्रीहरू


१. **लाहुली, के अंगरूप** : आचार्य थोनमी संभोटका जीवन चरितः केन्द्रीय उच्च तिब्वती शिक्षा संस्थान, सन् २००० ।

२. **छोफेल, गेन्धुन** : धेवथेर कार्पो (श्वेत पुस्तक) छोङोन मिरिग लोण्डा ल्हासा सन् १९८० ।

३. **छोफेल, गेन्धुन** : गेन्धुन छोफेल घी सुङ चोम, भोए जोङ भोएहिग पेन्यीङ पेटुन खाङ, सन् १९९३ ।

४. **ग्युर्मे, लामो तेन्जीन** : उमे क्यीं सुगला जुग्पे गों, भोए जोङ मिमाङ पेटुन खाङ, सन् २००१ ।

५. **Narkyid, Ngawang Thondup** : The Origin of the Tibetan Script, Tibet Journel, Vol . vii No. 1982, Library of Tibetan Works and Archives.

६. **शास्त्री, शान्ति भिक्षु** : ललितविस्तर, उत्तरप्रदेश हिन्दी संस्थान, सन् १९८४ ।

७. **Dowman, Keith** : The Sacred Life of Tibet: Harper Collins 1998.


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. उचेन



२. उमे (डुछा)



३. उमे (सुगरिङ)



४. ख्युग डि



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# थानकोटमा पाइएको राजा गणदेवको अभिलेख

✍ *श्यामसुन्दर राजवंशी* *

थानकोटको प्रसिद्ध आदिनारायण मन्दिरभन्दा केही कदम पर दक्षिण पश्चिम भागमा सडक खन्ने क्रममा यो शिलालेख भेटिएको थियो । हाल त्यहीको चोंछें टोल चालँ पाटी निर उत्तरतर्फ फर्काएर त्यसलाई ठड्याईएको छ । लिच्छवि लिपि अंकित त्यस शिलाको पृष्ठ भागमा पछाडि पट्टि हसिंया उज्याउने कार्य निक्कै भईसकेको देखिन्छ । शिलाको अग्रभागमा अक्षर अंकित भएपनि ५० प्रतिशत अक्षर खिईसकेको छ ।

शिलालेख भेटिएको खवर सुनेर त्यस विषयमा जिज्ञासा राख्ने धेरै व्यक्तिहरू त्यहाँ पुगे तर के विषयको शिंलालेख हो त्यसमा के कुरा लेखिएको छ त्यसको आधिकारिक जानकारी भने प्रकाशमा आएको थिएन । अप्रकाशित शिलालेख भेटिएको सूचना पुरातत्त्व विभागलाई आएपछि गएर हेर्दा शिलालेखमा कालो मसिले व्यापक पोत्ने कार्य भईसकेको देखियो । वडो आश्चर्य लाग्यो किनकि त्यसरी पोतिएको रङ्गले रङ्गमा भएको अम्लिय पदार्थले रासायनिक असर गरी झन् क्षति पुग्न जानेछ र केही वर्षमै ती बाकीं अक्षर पनि खिएर जाँन्छ भन्ने कुरा जिज्ञासु एवं विद्वान् वर्गमा अहिलेसम्म पनिं चेतना नभएको देखियो । जेहोस् पछि यस प्रकारको भूल कदापि नहोस् यस्तै आशा गरौ ।

यस शिलालेखको शीर्षभागदेखि अक्षर अंकित भएसम्मको भागको नाप साईज लम्बाईमा ६७ से.मी. र चौडाईमा ३४ से.मी. रहेको छ । शिलाको शीर्षभागको मध्यमा चक्र र दाँया वाँया शङ्ख चिन्ह छन् । जसले त्यसवेलाको धार्मिक अवस्थालाई विचार गर्दा वैष्णव धर्मले सर्वोच्च स्थान ओगटेको दर्शाउँछ र निकट रहेको आदिनारायण मन्दिरसंग पनि सम्वन्ध रहेको छ कि भन्ने सहजै अनुमान पनि गर्न सकिन्छ । यस विवेच्य अभिलेखको मूलपाठ जम्मा १८ पंक्तिमा कुंदिएका छन् ।

---

**लिपि विशेषज्ञ, पुरातत्त्व विभाग ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लिच्छवीकालमा थानकोटलाई शीटाटिका तल अन्तर्गतको थेञ्चो ग्राम भनिन्थ्यो भन्ने कुरा सम्वत् ४२८ को थानकोट आदिनारायणको अभिलेखमा चर्चा भईसकेको हो । त्यतिवेलाको शीटाटिका तल भन्नाले हालको चन्द्रागिरी र दहचोक डाँडाको वीचको ठूलो भूभागलाई जनाउँथ्यो । यस तल अर्न्तगत रहेका अनेक गाँउहरूमध्ये थेञ्चो ग्राम पनि हो । यही थेञ्चो ग्राम कालान्तरमा थानकोट नामले प्रसिद्ध रहन गएको हो । थेञ्चो थंक्वाठबाट थक्वाट हुँदै नेपालीमा थानकोट हुन पुगेको हो । ऐतिहासिक दृष्टिकोणले थानकोट भेकको लागि हालै प्राप्त भएको अभिलेख अत्यन्त महत्त्वपूर्ण छ ।

यस अभिलेखमा मुख्यत : निम्न जानकारी पाउन सकिन्छ :

अघिका राजाहरूले यस थेञ्चो ग्रामका वासिन्दाहरूलाई कुथेर अधिकरण र शुल्ली अधिकरणले जे काम कर्तव्य गरिन्थ्यो सो काम सुम्पिएकोमा राजा गणदेवले सर्वदण्डनायक महाप्रतिहार भौमगुप्तको सल्लाह वमोजिम लिंग्वल र माप्चोक अधिकरणले गर्ने काम समेत सुम्पी चारैथरीको अधिकरणको काम सुम्पेको व्यहोरा छ ।

यस अभिलेखको मूल व्यहोराको उल्लेखको साथसाथै भटट्टारक महाराज श्री गणदेव सर्वदण्ड नायक महाप्रतिहार श्री भौमगुप्त दूतकमा व्रह्मुं वब्भ्रुवर्मा वार्तको रूपमा प्रसाद गुप्त नामक् व्यक्तिहरूको नाम चर्चेका छन् । अधिकरणको कुरा गर्दा कुथेर शुल्ली लिंग्वल माप्चोक तथा स्थानको नाममा शीटाटिका तल र यस अन्तर्गत थेञ्चो ग्रामको चर्चा परेको हुँदा ती बारे संक्षिप्त जानकारी यहाँ संग्रहित गर्नु सान्दर्भिक हुने ठान्दछु ।

लिच्छविकालीन इतिहासमा राजा रामदेवभन्दा पछि राजा गंगादेवभन्दा अघिको समय राजा गणदेवको राज्यकाल देखिन्छ । जसको मतलव लिच्छवी संवत् ४६७ देखि ४८९ को वीचको समयका अभिलेखमा लि.सं. ४७९ देखि ४८७ सम्ममा यिनको नौवटा शिलालेख भेटिसकेको छ । यी मध्ये धेरै जसो त लि.सं. ४८२ का परेका छन् ।

प्राय: इतिहासकारहरूले राजा गणदेवको शासनकाललाई कमजोर शासनकालको रूपमा लिने गरेको पाईन्छ । यिनलाई भौम गुप्तको सहायता लिई द्वैध शासनको शुरूवात गर्ने राजाको रूपमा चित्रण गरेका छन् । त्यतिमात्र हैन यिनलाई भोगी र स्त्रीलम्पट स्वभावको भनेर समेत दर्शाउन खोजेको देखिन्छ । वास्तवमा यिनलाई कमजोर शासक होईन विकेन्द्रीकृत स्वायत्त शासनको अवधारणा ल्याउने सुधारवादी राजाको रूपमा चिनाउनुपर्ने देखिन्छ । किनकि यिनले सतुङ्गल, किसिपिडी वलम्वु थानकोट चौकिटार आदि ठाउँमा त्यतिवेलाका सबै अधिकरणले त्यहाँ पस्न नपाउने गरी ती ठाउँहरूलाई स्वायत्तता प्रदान गरे । यसरी स्वायत्तता प्रदान गर्नुलाई कमजोर शासनको संज्ञा दिनु भनेको विल्कुल नाईन्साफी मान्नुपर्दछ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्वदण्डनायक तथा महाप्रतिहार पद्वी धारण गर्ने व्यक्ति निश्चय पनि त्यतिवेलाका शक्तिशाली एवं प्रभावशाली व्यक्तित्व नै हुनुपर्दछ । लिच्छवीकालमा रविगुप्त क्रमलील भन्ने व्यक्ति पनि अत्यन्त प्रभावशाली देखिएका थिए भने भौमगुप्त त झन् 'श्री' समेतद्वारा सम्मानित भएवाट उनीहरूभन्दा पनि वढी प्रभावशाली व्यक्तित्व थिए भन्ने कुरा अझ प्रष्ट हुन्छ ।

त्यसवेलाका सर्वदण्डनायक र महाप्रतिहारले कस्ता काम गर्दथे भन्ने तर्फ पनि जानकारी राख्नु सान्दर्भिक हुन्छ । लिच्छविकालको अभिलेखमा इतिहासकार स्व. धनवज्र बज्राचार्यको व्याख्या अनुसार दण्डनायक भनेको प्रशासनको महत्त्वपूर्ण पद हो उसले गैरकानूनी काम गर्नेहरूलाई कानूनी कार्वाही गरी तह लाउने काम गर्दथे त्यस्तै दण्डनायकका पनि सर्वोच्च अधिकारीलाई सर्वदण्डनायक भनिन्छ । यसको मतलव प्रहरी प्रमुखको काम गर्ने व्यक्तिलाई सर्वदण्डनायक भनिन्थ्यो भनि बुझ्न सकिन्छ । त्यस्तै गरी प्रतिहार मात्रभन्दा दौवारिक पद भनेर चिनिन्छ । भने महाप्रतिहार पदले प्रतिहारमध्येको उच्च अधिकारी एवं राजाको हजुरिया, निजी सचिव एवं अंगरक्षकको समेत काम गर्ने र राजाको प्रमुख विश्वसनीय व्यक्तिको रूपमा चिनाउन सकिन्छ ।

लिच्छविकालका प्राय: अभिलेखहरूमा अधिकरण शब्दको उल्लेख आउने गर्दछ र यसले अड्डा तथा अदालत दुबैलाई जनाउँछ भन्ने मत विद्वान्हरूको पाईन्छ । त्यतिवेला सर्वाधिकरण भनेर कुथेर शुल्ली लिग्वल र माप्चोक गरी चार अधिकरणले के-के गर्दथ्यो भन्ने बारे संक्षिप्त जानकारी लिनुपनि सान्दर्भिक देखिन्छ ।

कुथेर अधिकरण: यस अधिकरणले राजश्व, मालपोत उठाउने काम तथा भूमि व्यबस्था सम्वन्धी काम र मुद्दा मामिलाको छिनोफानो गर्ने काम गर्दथ्यो ।

शुल्ली अधिकरण: पञ्चापराध सम्वन्धी मुद्दाको छिनोफानो र दण्ड दिईदा घर खेत आदिको सर्वस्वहरण समेत गर्न सक्दथ्यो ।

लिंग्वल अधिकरण: यातायातको बन्दोवस्त गर्नु र यातायात सम्वन्धी नियम उल्लङ्घन गर्नेलाई सजाय गर्ने र पानी सम्वन्धी समस्या समाधान गर्ने काम गर्दथ्यो ।

माप्चोक अधिकरण: विवाह सम्वन्ध र अन्य सामाजिक नियम पालना गराउने काम गर्दथ्यो ।

शिलालेखमा उल्लेखित ब्रह्मु शव्द, वार्त शव्द, गुप्त र वर्माहरूले पनि विशेषणको रूपमा धारण गरेको पाईएबाट जातथर जनाउने शव्द मात्र नभई यी प्रशासनिक पद पनि हुन् भन्ने बुझ्न सकिन्छ । तसर्थ यस अभिलेखमा दूतक भई बस्ने एक राजपुत्र बब्भ्रुवर्माले ब्रह्मु पद लिएको भन्ने बुझिन्छ । मुद्दा मामिलामा हेर्ने प्रसाद गुप्तले वार्त पद लिएको बुझिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपर्युक्त व्यहोराहरूबाट शिलालेखमा अंकित सम्वत् ४८२ (तद्नुसार वि.सं. ६१६ ई.सं. ५५९) को समयलाई भट्टारक महाराज गणदेवको सुशासनकालको एक झलकको रूपमा लिन सकिन्छ। यदि त्यतिवेला द्वैध शासनको परिकल्पना गर्ने हो भने राजा गणदेवले आफ्नो अभिलेखमा भौमगुप्तले हाम्रो हजुरमा विन्ती चढाएकोले यो सनद निगाह गरेको भन्ने खालका व्यहोरा नै पर्ने थिएन भन्ने कुरा स्पष्ट वोध हुन आउँछ।

## मूलपाठ

१. ( ॐ स्वस्ति मान ) गृहाद् वप्प पादा ( नु ध्यातो भट्टारक महा )

२. ( राज श्री गणदेव ) कुशली शीताटिका तले

३. ( थेञ्चो ग्रामे ) यथा प्रधान व्रा ( ह्मणपुरस्सरान सर्व्वा )

४. ( नवे ) कुटुम्विन कुशल पृष्ट्वा ( मानयति पूर्व्वराजभि )

५. यर्युष्माकं कुथेर शौल्याधिकरणाभ्यां ( नं प्रवेष्टव्य )

६. ( मित्य ) नुग्रह : कृतो धुना मया सव्वेदण्ड ना

७. ( यक ) महाप्रतिहार श्री भौम गुप्त विज्ञा ( पितेन )

८. ( लिङ्ग्व ) ल्माप्चोकाधिकरणा ( म्पञ्चापराधद्धारेण )

९. चतुर्भिरप्यधिकरणैर्न्न प्रवेष्टव्य ( मिति स्थिति )

१०. पट्टकेन प्रसाद : कृतस्तद् यूयमेव ( म्विदित्वा )

११. यथैवपूर्व्वमाज्ञा श्रवण विधेया ( स्तथैवाव )

१२. लगनपरा भूत्वा निर्वृतविश्वस्ता : सुखम्प्र

१३. तिवत्स्यथ येचास्मद्धंश्या राजानो भवितार

१४. स्तैरपि धर्म्म गुरुभिर्ग्गुरु कृत प्रसादानु

१५. वर्तिभिरिय माज्ञा प्रतिपालनियेति दूत

१६. कश्चात्र वव्भ्रुवर्म्मा व्रह्म्मु प्रसाद गुप्त वा ( र्ते )

१७. व्यवहरतीति ॥ संवत् ४०० ८० २ श्रावण

१८. शुक्ल प्रतिपदि १

## अनुवाद

कल्याण होस् मानगृहवाट वुवाको अनुग्रह पाएका गाथमा आराम रहेका भट्टारक महाराज गणदेवबाट शीताटिका तल थेञ्चो ग्राममा रहेका मुखिया ब्राम्हण लगायत सवै गृहस्थीहरूलाई कुशलमंगल सोधेर आज्ञा भएको छ।

अघिका राजावाट तिमीहरू कहाँ कुथेर र शुली यी दुई अधिकरणले पस्न नपाउने गरी निगाह गरिएको थियो। सर्वदण्डनायक महाप्रतिहार श्री भौमगुप्तले हाम्रा हजुरमा विन्ती चढाएका हुनाले अहिले हामीबाट लिङ्ग्वल, माप्चोक सहित चारै अधिकरणले



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पञ्चापराध ( पञ्चखत ) द्वारा पनि पस्न नपाउने गरी यो सनद शिलापत्र निगाह गरिदिएको छ ।

यो कुरा बुझेर तिमीहरू पहिले जस्तै हुकुममा तामेल रही निर्धक्क भई सुखपूर्वक बस । पछि हुने हाम्रो कुलका राजाहरूले पनि नियम कानूनलाई उच्च सम्झि आफ्नो मान्यजनले गरिदिएको निगाहको ख्याल राखी यो आज्ञाको प्रतिपालन गर्नु पर्दछ ।

यहाँ दूतक बभ्रु वर्मा व्रह्मुङ छ । प्रसाद गुप्त मुद्दा मामिला सम्वन्धी काम हेर्ने वार्तको रूपमा रहेको बेलामा ।

संवत् ४८२ श्रावण शुक्ल प्रतिपदा १ का दिनमा ।

**शिलालेखको फोटो**



प्राप्ति स्थान : थानकोट गा.वि.स. वडा नं. ३ चोच्छेंटोल

तिथि : लि.सं. ४८२ श्रावण शुक्ल प्रतिपदा (तदनुसार वि.सं. ६१६)

भाषा : संस्कृत लिपि: पूर्वलिच्छवि

सन्दर्भ : २०६१/७/१५ र १७ गतेको गो.प. मा समाचारको रूपमा छापिएको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# विषय-सूची

## (अभिलेख अंक १६-२०)

(अनुसन्धानकर्ताहरूको सुविधाको लागि अभिलेख अंकहरूमा प्रकाशित सामग्रीहरूको विषय-सूची १-१० अंकको अभिलेख अंक ११ मा त्यस्तै ११-१५ सम्म अभिलेख अंक १८ मा प्रकाशित भइसकेको छ, त्यसै क्रममा यस अंकमा अभिलेख १६-२० अंकसम्मका प्रकाशित सामग्रीहरूको विषय-सूची लेखक वर्णानुक्रम अनुसार यहाँ राखिएको छ ।


| क्र.सं | लेखक | लेख | वर्ष/पूर्णाङ्क | पृष्ठ |
|---|---|---|---|---|
| क. | | | | |
| १. | **अच्युतराज गौतम** | सहस्र चन्द्र दर्शन विधि | १६/१६ | ६३-६६ |
| २. | **डा. काशीराज शर्मा सुवेदी** | सिद्धसारसंहिता- द्रव्यगणाध्यायको (द्वितीय) तुलनात्मक अध्ययन | १६/१६ | ९-३० |
| | " | सौश्रुत- निघण्टु : एक परिचय | १८/१८ | ४६-४८ |
| | " | अनुपान- मञ्जरी : एक परिचय | १९/१९ | १-११ |
| | " | पथ्यापथ्यविनिश्चय- एक अध्ययन | २०/२० | १-६ |
| ३. | **जगन्नाथ उपाध्याय** | राष्ट्रिय अभिलेखालयमा रहेका नेपाली भाषाका हस्तलिखित स्वस्थानी ग्रन्थ | १६/१६ | ५५-६२ |
| | " | राष्ट्रिय अभिलेखालयका ताडपत्र ग्रन्थ-हरूको लिपिका आधारमा वर्गीकरण | १७/१७ | २९-३९ |
| | " | राष्ट्रिय अभिलेखालयका पञ्चाङ्गहरूको समीक्षात्मक विवरण | १८/१८ | ४-१० |
| | " | सुन्दरानन्द वाँडाको मुद्राराक्षस नाटकः एक अवलोकन | १९/१९ | ३७/४४ |
| | " | राष्ट्रिय अभिलेखालयका वृहत् कथाहरूः एक अवलोकन | २०/२० | ५१-५७ |
| ४. | **जगदीशचन्द्र रेग्मी** | ध्वजनरसिंह राणाः संक्षिप्त टिप्पणी | १८/१८ | १-३ |




CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| क्र.सं | लेखक | लेख | वर्ष/पूर्णाङ्क | पृष्ठ |
|---|---|---|---|---|
| ५. | डा. जनकलाल वैद्य | राजा जयप्रकाश मल्ल र उनका काव्यकृति | १६/१६ | १-८ |
| | " | अमृतानन्द र उनका अभिलेख ग्रन्थ कृतिहरू | १७/१७ | १-१० |
| | " | राष्ट्रिय अभिलेखालयका अभिलेख ग्रन्थहरूमा छरिएका घटनावली टिप्पणी अभिलेखांशहरू | १८/१८ | १५-२७ |
| | " | राष्ट्रिय अभिलेखालयका नेपालभाषा अभिलेख ग्रन्थहरू | २०/२० | ७-२७ |
| ६. | तीर्थलाल नःद्य भनी | भक्तपुरको लिङ्गो जात्रा | १६/१६ | ३४-४४ |
| | " | टौंमढीको भैरव | १७/१७ | ४०-५१ |
| | " | चारढुंगे (प्यँगः थां) का नरसिंह | १९/१९ | १२-२६ |
| ७. | पुरुषोत्तमलोचन श्रेष्ठ | पनौती इन्द्रेश्वर मन्दिरस्थानको नें.सं. ७५९ को नरेश मल्लको पालाको स्वर्णपत्र | १८/१८ | २८-३१ |
| ८. | प्रकाश दर्नाल | पाटन खाछेंस्थित नृत्यनाथ मन्दिर | १७/१७ | ५२-५५ |
| | " | प्रसिद्ध चार भगवती मूर्तिहरू: एक अध्ययन | १९/१९ | २७-३६ |
| ९. | विष्णुकान्त शर्मा | अभिलेखयुक्त सूर्यमूर्ति | १६/१६ | ४५-५४ |
| | " | छिन्नमस्ता भगवती : एक चर्चा | १७/१७ | १४-२४ |
| | " | चण्डेश्वरी देवी : एक अध्ययन | १८/१८ | ३३-४३ |
| | " | चार लोकेश्वर-मछिन्द्रनाथ : एक अध्ययन | १९/१९ | ४५-८१ |
| १०. | डा. यज्ञनाथ आचार्य | न्याय व्यवस्था सम्वन्धी वि.सं.-१९८८ को अप्रकाशित सुझाव दस्तावेज | २०/२० | ३५-४४ |
| ११. | डा. राजाराम सुवेदी | गोरखा पोखरीचौरस्थित राधावल्लभेश्वर मन्दिरमा श्री ५ सुरेन्द्र विक्रम शाहदेवले गरिदिएको लालमोहरको पाठ र त्यसको व्याख्या | २०/२० | २८-३४ |
| १२. | सिद्धिरत्न शाक्यभिक्षु | भूमि सम्बन्धी ताडपत्रहरू | १७/१७ | ५६-८३ |
| | " | भूमि सम्बन्धी तमसुक ताडपत्रहरू | १८/१८ | ५६-७७ |
| | " | भूमि सम्वन्धी तमसुक ताडपत्रहरू | १९/१९ | ८७-९७ |
| | " | भूमि सम्वन्धी तमसुक ताडपत्रहरू | २०/२० | ५८-७९ |
| १३. | श्यामसुन्दर राजवंशी | लम्वतरथ्याको पर्यायमा तवलाछि टोल | १९/१९ | ८२-८६ |
| | " | शिलालेखको उतार निकाल्ने प्रविधि | २०/२० | ४५-५० |
| १४. | हरिराम जोशी | लेखन सामग्रीको रूपमा ताडपत्र | १६/१६ | ३१-३४ |
| | " | भूर्जपत्र (भोजपत्र) | १७/१७ | ११-१४ |
| | " | तीनतहयुक्त शिवलिङ्ग | १८/१८ | ४४-४६ |

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| क्र.सं | लेखक | लेख | वर्ष / पूर्णाङ्क | पृष्ठ |
|---|---|---|---|---|
| १५. | डा. त्रिरत्न मानन्धर | सजाँय कार्यान्वयन सम्वन्धी दस्तावेज | १७/१७ | २५-२९ |
| ख. | | | | |
| १. | | कौषी तोषाखानाबाट प्राप्त लालमोहर | १६/१६ | ६७-१०६ |
| | | कौषी तोषाखानाबाट प्राप्त लालमोहर | १७/१७ | ८३-१४२ |
| | | कौषी तोषाखानाबाट प्राप्त लालमोहर | १८/१८ | ७७-१०१ |
| | | कौषी तोषाखानाबाट प्राप्त लालमोहर | २०/२० | ८८-११६ |
| २. | | आ.व. २०५४/०५५ को वार्षिक गतिविधि | १६/१६ | १०७/१०८ |
| | | आ.व. २०५५/०५६ को वार्षिक गतिविधि | १७/१७ | १४८-१४९ |
| | | आ.व. २०५६/०५७ को वार्षिक गतिविधि | १८/१८ | १०२-१०३ |
| | | आ.व. २०५७/०५८ को वार्षिक गतिविधि | १९/१९ | १०३/१०४ |
| | | आ.व. २०५८/०५९ को वार्षिक गतिविधि | २०/२० | ११७/११८ |
| ३. | | विषय-सूची (अभिलेख अंक ११-१५) | १८/१८ | ११-१४ |
| ग. | | | | |
| १. | Griha Man Singh | "Selection of Chemical in Archival Conservation" | १८/१८ | ४९-५५ |
| | " | Conservation of Neel Patra Grantha | १९/१९ | ९८-१०२ |
| | " | Book Binding | २०/२० | ८०-८७ |
| २. | Dr. Klaus Dieter Mather | Results of the Seventh Phase of the Nepal-German Manuscript Preservation. Project (NGMPP). Actual Achievements and Future Prospects | १७/१७ | १४३-१४७ |




CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# आर्थिक वर्ष २०६०/०६१ को वार्षिक गतिविधि

राष्ट्रिय अभिलेखालयको वार्षिक अंकको रूपमा प्रकाशित हुने यस "अभिलेख" मार्फत् यहाँको वार्षिक गतिविधि प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ।

यस वर्ष अभिलेखालयले कार्यालय र अन्यत्र गरी विभिन्न स्रोतबाट प्राप्त भएका ६ थान ग्रन्थ तथा कागजातहरू एवं वि.सं. २०१९ आषाढ १० देखि २०२४ आषाढ ३१ सम्मका गोरखापत्रको माइक्रोफिल्म गरिएको छ।

अनुसन्धानकर्ताहरूलाई आवश्यक माइक्रोफिल्म पनि सदा भैं उपलब्ध गराइएको छ र यस सन्दर्भमा २३० थान ग्रन्थका लागि २२०७ फिट माइक्रोफिल्म खर्च भएको छ। यसै गरी अनुसन्धानकर्ताहरूलाई रिडर प्रिन्ट निकै सुविधाजनक हुने कारणले यस वर्ष १२६ थान ग्रन्थका लागि २३२९ प्रति रिडर प्रिन्ट उपलब्ध गराइयो।

अभिलेखालयमा रहेका प्रायः सबै ग्रन्थहरूको माइक्रोफिल्म भइसकेको हुनाले अनुसन्धानकर्तालाई अध्ययन गर्न माइक्रोफिल्म नै दिइने गरिन्छ। तर कतिपय माइक्रोफिल्म गर्न छुट भएका र तत्काल अभिलेखालयको संकलनमा आई माइक्रोफिल्म गर्न बाँकी रहेका ग्रन्थहरूको अध्ययन गर्नु पर्ने भए मात्र मूल प्रति हेर्न दिईने हुनाले शुरू-शुरूमा भैं सोभैं मूल ग्रन्थबाट अध्ययन गर्ने कार्य कम भएको छ। यसले गर्दा माइक्रोफिल्मबाट अध्ययन अनुसन्धान गर्नेहरूको संख्या बढेको छ। यस वर्ष माइक्रोफिल्मबाट स्वदेशी ४५ र विदेशी १२ गरी जम्मा ५७ जनाले १५० थान माइक्रोफिल्म अध्ययन गरे।

गोरखापत्र, द राईजिङ्ग नेपाल, सिटरोल हस्तलिखित ग्रन्थ, अभिलेख र अन्य विभिन्न पुस्तकहरू गरी १४०८८ थान ग्रन्थहरू बाईण्डिङ्ग, मर्मत र फ्युमिगेशन गरी संरक्षण कार्य गरियो।

मिति परिवर्तन गर्ने कार्यमा पनि तिब्रता आएको छ, जस अनुसार ई.सं.बाट वि.सं मा १४० जना र वि.सं.बाट ई.सं.मा १०६० जनाले मिति परिवर्तन गराए।

यस वर्ष अभिलेखालयमा उपहार र खरिद गरी जम्मा ९५ थान पुस्तकहरू थपियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेखालयमा संग्रहित तिब्बती लिपिका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्व राख्ने प्राचीन ग्रन्थहरूको जानकारी दिने उद्देश्यले १४०० थान ग्रन्थहरूको सूची तयार गरी कम्प्युटर टाइप समेत गरी मूल प्रति तयार गरिएको छ ।

अभिलेखालयमा संग्रहित अति महत्त्वपूर्ण ३०,००० जति अभिलेख र हस्तलिखित ग्रन्थहरूमध्ये यस आ.व.मा २७% (७००० पोका) ग्रन्थहरू फ्युमिगेशन गरी नयाँ कपडा फेरी संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

कुमारीचोक तथा केन्द्रिय तहसिल कार्यालयले कुमारीचोक शाखा बबरमहलमा सुरक्षित साथ राखिएका करिब १,२०० पोका ऐतिहासिक कागजातहरू मिति २०५४ असोज १४ मा अभिलेखालयलाई हस्तान्तरण गरी सोही स्थानमा संरक्षण गर्दै राखिएको थियो र विगत आ.व. देखि त्यस्ता ऐतिहासिक कागजातहरू अभिलेखालयको भण्डारण कक्ष (Stag hall) मा ल्याई संरक्षण गरिराख्ने कार्यक्रम अनुसार दोस्रो चरणमा २५% (२५० पोका) कागजातहरू फ्युमिगेशन गरी नयाँ कपडा फेरी संरक्षण गर्ने कार्य गरिएको छ ।

यस अभिलेखालयका अभिलेख अधिकृत श्री विष्णुकान्त शर्माले मालपोत कार्यालय गोरखा गई ऐतिहासिक कागजपत्र संरक्षण कार्यमा सल्लाह र सहयोग पुऱ्याउनु भएको थियो ।

यस वर्ष अभिलेखालयले जम्मा रू. ४,१७,३४७/- आम्दानी गऱ्यो । जसमध्ये रू. ६८,२२१/- राजस्वमा र रू. ३,४९,१२६/- रिभल्विङ्ग फण्डमा जम्मा गरियो ।

विभिन्न क्याम्पस, विद्यालय र संघ-संस्थाका १० वटा टोलीले राष्ट्रिय अभिलेखालयमा शैक्षिक भ्रमण गरे ।

राष्ट्रिय अभिलेखालय र एसिया अफ्रिका इन्स्टीच्यूट हेमवर्ग युनिर्भसिटी जर्मनीबीच मिति ०५९/४/३१ मा भएको सम्झौता अनुसार नेपाली-जर्मन हस्तलिखित ग्रन्थ सूचीकरण परियोजनाले काठमाडौं र हेमवर्ग दुबै ठाउँमा सूचीपत्र सम्बन्धी कार्य संचालन गरी करिब ५००० थान ग्रन्थहरूको विस्तृत सूचीपत्र तयार गरेको छ ।

"अभिलेख" पत्रिकाका निम्ति अनुसन्धान मूलक मौलिक लेख-रचनाको माग गरिन्छ, तर लेख-रचना विशेषत: हस्तलिखित ग्रन्थ, अभिलेख, लिपिविज्ञान आदि विषयसंग सम्बन्धित हुनुपर्छ । लेख रचना अप्रकाशित र प्रामाणिक हुनुपर्छ । लेख रचनासंग सम्बन्धित चित्रहरू पनि समावेश गर्न सकिने छ ।

**-राष्ट्रिय अभिलेखालय**



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक महत्त्वको संवाहक अभिलेख विश्व सम्पदा हो । यसको जगेर्ना गर्नु हाम्रो कतर्व्य हो । अभिलेखको संरक्षण गरी राष्ट्रको गौरव जोगाइ राखौं ।

श्री ५ को सरकार

**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

**पुरातत्त्व विभाग**

**राष्ट्रिय अभिलेखालय**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection